# पहिलो परिच्छेद

## १. शोधपत्र परिचय

### १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन एवम् विश्लेषण' रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनको लागि तयार पारिएको हो ।

### १.३ शोधसमस्या

साहित्यका विभिन्न विधाहरुमध्ये लोककथा पनि समृद्ध र प्रभावशाली विधा हो । यसको आफ्नै विशिष्ट परम्परा र पहिचान रहेको छ । नेपाली साहित्यमा पनि निकै समृद्ध रहेको लोककथाको सैद्धान्तिक परम्परामा केन्द्रित भएर लोकसाहित्यको भण्डारका रुपमा रहेको गण्डकी अञ्चलको तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको सुसङ्गठित एवम् सुव्यवस्थित तरिकाले साङ्गोपाङ्गो रुपमा अध्ययन अनुसन्धान एवम् विश्लेषण भएको पाइँदैन । अतः प्रस्तुत शोधपत्र निम्न लिखित समस्याहरुमा केन्द्रित रहेर अध्ययन विश्लेषण गर्न उन्मुख रहेको छ ।

१. तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन के कस्तो रहेको छ ?

२. तनहुँ जिल्लामा प्रचलित लोककथाका विशेषताहरु के कस्ता छन् ?

### १.४ उद्देश्य

लोक संस्कृतिअन्तर्गत पर्ने मौखिक अथवा श्रुति परम्परामा बाँचेका तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको सङ्कलन, अध्ययन, अनुसन्धान गर्ने उद्देश्यबाट

अभिप्रेरित भई गर्न लागिएको यस शोधकार्यको प्रमुख उद्देश्यहरु निम्न लिखित रहेका छन् :-

१. तनहुँ जिल्लामा रिसिङ, घिरिङ क्षेत्रमा प्रचलित लोककथाहरुको सङ्कलन एवम् विश्लेषण गरिएको छ ।

२. तनहुँ जिल्लामा प्रचलित रहेका लोककथाहरुको अध्ययन एवं विश्लेषण गरिएको छ ।

समस्या कथनमा उल्लेखित समस्याहरुको समाधान गर्नु तथा यिनका साथ आएका समस्याहरुको समेत निराकरण गर्नु यस शोधकार्यको उद्देश्य भए तापनि यसको प्रमुख उद्देश्य तनहुँ जिल्लाको रिसिङ्ग क्षेत्रमा प्रचलित लोककथाहरुको सङ्कलन, एवम् विश्लेषण गरिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

तनहुँ जिल्लामा प्रचलित लोककथाको सङ्कलन र अध्ययन राष्ट्रिय तवरबाट र निजीस्तरबाट केही मात्रमा भएको पाइए तापनि सैद्धान्तिक आधार लिएर लोककथाको विश्लेषण गरेको भने पाउन सकिएको छैन । यसै सिलसिलामा तनहुँ जिल्लामा प्रचलित लोककथाको सङ्कलन र अध्ययन गर्ने सन्दर्भमा विभिन्न सङ्कलनकर्ता, लेखक र अन्वेषकहरुले गरेका केही फाटफुट कार्य (विवरण) लाई कालक्रम अनुसार यहाँ प्रस्तुत गरिएको छ -

क. जनकवि केशरी धर्मराज थापाद्वारा लिखित ‘गण्डकीका सुसेली’ मा तनहुँमा प्राप्त लोककथा साहित्यलाई नियाल्ने क्रममा लोककथाका बारेमा पनि सामान्य चर्चा गरेका छन् । (थापा, २०३० : ३-१४)

ख. तुलसी दिवसको ‘नेपाली लोककथा’ मा नेपालका विभिन्न जिल्लामा प्रचलित १२२ वटा लोककथाहरुमध्ये केही तनहुँ जिल्लाका प्रचलित लोककथाहरु पनि सङ्कलनमा परेका छन् तर त्यहाँ तनहुँलाई मात्र विशेष महत्व दिइएको छैन । (दिवस, २०३२, प्राक्कथन)

ग. गोविन्दप्रसाद अधिकारीले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा तनहुँ जिल्लाको लोककथाको बारेमा सामान्य चर्चा गरेका छन् तर विश्लेषण गरेको पाइँदैन । -अधिकारी, २०३८)

घ. जनकविकेशरी धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा लिखित 'नेपाली लोक साहित्यको विवेचना' नामक पुस्तकमा पनि तनहुँको लोक- साहित्यअन्तर्गत लोककथालाई पनि छुने काम गरेको पाइन्छ (थापा र सुवेदी, २०४१ : ४-५)

ङ. पूर्ण प्रकाश नेपाल 'यात्री' द्वारा लिखित 'भेरी लोक साहित्य' मा "ख्याली र नृत्यको उद्गमस्थल गण्डकी हो ।" भनेर तनहुँलाई समेत छोएको पाइन्छ । तर उक्त पुस्तकमा तनहुँको लोककथाहरुको बारेमा छुट्टै विश्लेषण भने गरिएको छैन (यात्री, २०४१) ।

च. अम्बिकाप्रसाद भट्टराईले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा तनहुँ जिल्लामा अवस्थित 'तनहुँ ढोरका लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण' प्रस्तुत गर्ने सन्दर्भमा लोककथाका बारेमा सामान्य जानकारी गराए तापनि लोक कथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरेको पाइँदैन (भट्टराई, २०५२ :२०६०)

## १.६ शोधको औचित्य, महत्त्व र उपयोगिता

यस शोधपत्रमा एकातिर साहित्यको एउटा महत्वपूर्ण विधा कथाविधा अन्तर्गतको लोककथालाई परिभाषा आदिको अध्ययन अनुसन्धान गरिएको भने अर्कातिर तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको एकीकृत र प्रमाणिक रुपमा सङ्कलन र विश्लेषण गरिएको छ । यसरी सबै पक्षका आधारमा गरिएको अध्ययनले तनहुँ जिल्लामा प्रचलित लोककथाहरुको प्रामाणिक जानकारी लिन चाहने जो कोहीका लागि पनि यस शोधकार्यबाट लाभान्वित हुने हुँदा यसको औचित्य, महत्व र उपयोगिता स्वतः महत्वपूर्ण रहनेछ । यस प्रारुपका आधारमा नेपाली लोककथाको परम्परामा हुर्किएका लोककथाहरुको विश्लेषण गरिएको छ । तनहुँ जिल्लामा प्रचलित लोककथाका विविध पक्षहरुको सैद्धान्तिक र प्रायोगिक अध्ययन, अनुसन्धान, सङ्कलन, विश्लेषण वस्तुगत ढङ्गले गहन रुपमा प्रस्तुत गरिएको यो शोधकार्य अध्येताहरुका लागि पनि उपयोगी, औचित्यपूर्ण र महत्त्वपूर्ण रहनेछ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य लोककथाको परिभाषा, र तत्त्वका आधारमा केन्द्रित रहेर अध्ययन अनुसन्धान र विश्लेषण गरिएको छ । यसरी अध्ययन, अनुसन्धान र

विश्लेषणका लागि तनहुँ जिल्लाको रिसिङ क्षेत्र (भिमाद, माझकोट, साभुङ्ग भगवतीपुर, रिसिङ्ग रानीपोखरी, कोटदरवार गा.वि.स.) मा प्रचलित लोककथाहरुलाई सङ्कलन गरिएको छ ।

## १.८ शोध विधि

यस शोधकार्यका लागि प्रथम र द्वितीय दुवै स्रोतबाट सामग्रीको सङ्कलन गरिएको छ । प्रथम स्रोतका रुपमा सम्बन्धित क्षेत्रमा गई त्यहाँ प्रचलित लोककथाहरुलाई सङ्कलन गरिएको छ । द्वितीय स्रोतका लागि पुस्तकालयीय पद्धतिको अनुसरण गरिएको छ । यस शोधकार्यका लागि आवश्यकीय सामग्री नेपाली भाषामा अभाव भएमा अन्यभाषा ( अँङग्रेजी, हिन्दी, संस्कृत) बाट पनि सामग्रीको सङ्कलन गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधपत्रको तयारीका सिलसिलामा प्राप्त भएका सबै तथ्य एवम् सूचनाहरुलाई आवश्यकता अनुसार संयोजन गरिएको छ । ती तथ्यहरुलाई कथातत्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रुपरेखा ।

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित एवम् व्यवस्थित गर्न मूलतः ५ परिच्छेदमा विभाजित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | पहिलो परिच्छेद | - | शोधपत्रको परिचय । |
| २. | दोस्रो परिच्छेद | - | तनहुँ जिल्लाको सामान्य परिचय । |
| ३. | तेस्रो परिच्छेद | - | लोककथाको, परिभाषा । |
| ४. | चौथो परिच्छेद | - | तनहुँ जिल्लाको लोककथाको सङ्कलन र विश्लेषण |
| ५. | पाँचौ परिच्छेद | - | उपसंहार |

# दोस्रो परिच्छेद

## २. तनहुँ जिल्लाको संक्षिप्त परिचय

### २.१ ऐतिहासिक पृष्ठभूमि

लिच्छवीहरुको अधीनमा तनहुँ रहेको थियो । इसाको नवौं शताब्दीतिर लिच्छवी शासन रहेको देखिन्छ ।[१]

पाल्पामा सेनवंशी राजाहरुले राज्य गर्न थालेपछि इ.सं. १५७५ देखि भृङ्गसेनले तनहुँसुरलाई राजधानी बनाएर राजकाज गरे । तनहुँमा सेन राजाहरुले लामो समयसम्म राजकाज चलाए । वि.सं. १७९८ तिर सेन राजाहरुको सम्बन्ध पृथ्वी नारायण शाहसँग पनि भयो ।

लामो समयसम्म तनहुँमा राज्य गर्दै आएका सेन राजाहरुमाथि वि.सं. १८३५ मा गोर्खालीहरुले आक्रमण गरे । अन्ततः सेन राजाहरुको प्रयास असफल भयो र वि.सं. १८४० सम्ममा तनहुँ राज्य नेपाल अधिराज्यमा गाभियो । यसरी बलियो मानिएको तनहुँ राज्यले हार मानेपछि अन्य राज्यहरु पनि नेपाल अधिराज्यमा समाविष्ट भए ।[२]

### २.२ नामाकरण

तनहुँलाई कथ्य वा बोलचालमा तनुङ्ग र तन्हौं पनि भन्ने चलन छ । तनहुँ शब्द मगर भाषाबाट उत्पत्ति भएकाले विद्वानहरुले तनहुलाई मगराँतको प्रमुख स्थलका रुपमा उल्लेख गर्दै आएका छन् । हुन पनि अधिकांश रुपमा मगरहरु बसोबास भएको यस जिल्लाका अन्य स्थलको नामकरण पनि मानहुँ, किहुँ, काहुँ आदि अन्तमा हुँ आउने अक्षरहरुद्धारा भएका छन् । स्थानीय मगरभाषी र अन्य बोलीमा अहिलेसम्म पनि तनहुँलाई 'तनुङ्ग' पनि भनिदैंछ । अर्कातिर तनुङग शब्द संस्कृतको त्रितुङगबाट बनेको अनुमान गरिन्छ । 'बासुदेव रसानन्द' ग्रन्थमा छविलाल सुरीले 'त्रितुङग' शब्दको प्रयोग गरेका छन् ।[३]

तनहुँको नामाकरणको सिलसिलामा लामो र छोटो चिउँडो भएका "तनुहनु"[४] ऋषिले माने थुम्कामा तपस्या गरेको कारणबाट तनहुँको नामाकरणले प्रसिद्धि भएको इतिहासबाट पाइन्छ ।

---

[१] मेची देखी महाकाली भाग -४, श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, शुभराज्यभिषेक पृ. २४१ ।

[२] देव वहादुर लौडारी - तनहुँ जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन, स्नातकोत्तर शोध पत्र, त्रि.वि., किर्तीपुर, पृ.१ ।

[३] डिल्लीराम मिश्र, नेपाल अधिराज्यमा तनहुँ, गोर्खा, शर्मिला देवी मिश्र, २०४५। पृ.५
[४] धर्म राज थापा, तनहुँ फुलबारी, उदय ब। गुरुङ्ग, धम्पुस, गाँउडाडा, कास्की, पृ. ५ ।

## २.३ भौगोलिक परिचय

पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने तनहुँ जिल्ला गण्डकी अञ्चलमा अवस्थित छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको महाभारत पर्वत श्रृङखलामा पर्ने अन्य पहाडी भूभाग जस्तै तनहुँ निर्मित छ । यस जिल्लाको क्षेत्रफल १५४६ वर्ग कि.मी. रहेको छ । भित्री मधेश र उत्तरी पहाडको बीचमा तनहुँको भौगोलिक अवस्थित ८३ ४४" देखि २८ ०८" उत्तरी अक्षांसभित्र फैलिएर रहेको छ । राणा प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरको शासनकालमा पश्चिम ३ नम्बर इलाकामा परेको तनहुँ प्रशासनिक नियन्त्रणमा बडाहाकिमको कार्यालय बन्दिपुर रहेको थियो ।[५] वि.सं. २०२५ सालमा जिल्ला सदरमुकामका रुपमा दमौलीमा सारियो । हाल यस दमौलीबजार र आसपासका गा.वि.स. लाई मिलाएर व्यास नगरपालिकाको रुपमा १ नगरपालिका रहेको छ। यस जिल्लामा ४६ गा.वि.स रहेका छन् । [६]

नेपाल अधिराज्यको मध्य पहाडी भागमा अवस्थित तनहुँ सुगम र ऐतिहासिक जिल्लाको रुपमा चिनिन्छ। तनहुँ जिल्लाको सीमाङ्कनलाई हेर्दा पूर्वमा चितवन र गोर्खा, पश्चिम स्याङजा र कास्की, उत्तरमा कास्की र लमजुङ्ग तथा दक्षिण पाल्पा चितवन र नवलपरासी बीचमा अवस्थीत छ । यस जिल्लाको मध्य भागबाट पृथ्वी राजमार्ग काठमाडौंबाट पोखरा जोडेको देखिन्छ भने डुम्रेबाट ४२ कि.मी. लमजुङ्गको सदरमुकाम बेशीसहर जोड्ने सडक विकासको पूर्वाधारको रुपमा रहेको छ ।

यस जिल्लाका प्रमुख देवीदेवताका दर्शनीय स्थलहरु क्रमशः देवघाट, छाब्दीबाराही, थानीदेवी माई, चन्द्रावतीका महादेवस्थान, छिम्केश्वरी भगवती, ढोर बराही, व्यास, गुफा, अकला मन्दिर आदि हुन् ।[७]

तनहुँ जिल्लामा रहेको मर्स्याङ्गदी जलविद्युत परियोजनाबाट ६९००० किलोवाट जल विद्युत शक्ति निकालिएको छ। यही भूमि हुँदै बग्ने नदीहरुमा मादी, सेती, दरौंदी, चेपे, पाउँदी र मर्स्याङ्गदी पर्दछन् । यी नदीहरु मुग्लीन पुगेर त्रिशुलीमा मिसिन गई त्रिशुली नदीको नामले चिनिन्छन् ।

यहाँका बासिन्दाहरुमा क्षेत्रहेरी जातिको बसाईं रहेको पाइन्छ । बजार इलाकाहरुमा बढीमात्रामा नेवार जातिहरु नै रहेका हुन्छन् । मध्य भागतिर प्रायजसो सवै जातिको बस्ती देखिन्छ। उत्तरतर्फ बाहुन, क्षेत्री, गुरुङ, दरै कामी, सार्की जातिहरु रहेका पाइन्छन् ।

---

[५] डिल्लीराम मिश्र , नेपाल अधिराज्यमा तनहुँ, अ.सं., २०५७, पृ. १ ।

[६] जि.वि.स. को कार्यलय, २००२ ।

[७] देव वहादुर लौडारी, तनहुँ, जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, पृ. ७ ।

बढी मात्रामा गुरुङ मगर जातिहरू सैनिक सेवामा रहेको पाइन्छ । [८] जसमा ब्रिटिश सेना, भारतीय गोर्खा सैनिक र नेपाली सेनामा काम गरेको देखिन्छ । त्यस्तै नेपाली सेनामा क्षेत्री, बाहुन र अन्य जातिहरू पनि कार्यरत देखिन्छन् । सैनिक बाहेक प्रहरी सेवामा पनि कार्य गरेकै देखिन्छ । यसबाहेक ऐच्छिककरुपमा अन्य बैदेशिक रोजगारमा गएको पाइन्छ ।

जातीय विवरणमा दक्षिणी भागमा मगरको बाहुल्यता रहेको पाइन्छ । ती ठाउँहरू जस्तै रिसिङ्ग रानीपोखरी, कोटदरवार, वैदी, ग्वास्लुङ, दुवुङ, भानुमति, छिपछिपे आदि । त्यस्तै भानुभक्तको जन्मस्थल चुँदीरम्घातिर बाहुनहरुको बस्ती बढी देखिन्छ । यस क्षेत्रमा चुँदी खोलाको पानीले सिंचाईहुने हुनाले यहाँ उत्पादन राम्रो हुन्छ जहाँ फाँट इलाका पर्छ । केही माथिल्लो भागमा चन्द्रावती बजार रहेको छ । यहाँ भन्दा उच्च डाँडामा समजुर भन्ने गाउँ छ । यहाँ चुरेटाहरुको वस्ती छ ।

यहाँको उच्च पहाडहरुमा छिम्काको लेक, मिर्लुङ डाँडा, चोक डाँडा, तनहुँसुर, बन्दीपुर हिलेखर्क आदि छन् भने समथर भूभागहरुमा - भन्सार, चुँदी, बाइसजँघार, पुट्टार, पिपलटार, पतेनीटार, दमौली, खैरेनीटार, रामपुरटार आदि समथर भूभाग छन् । त्यस्तै खोंच परेका भन्नेहरुमा बयापानी भञ्ज्याङ्ग, दलभञ्ज्याङ्ग, राइपाली भञ्ज्याङ्ग, कामी भञ्ज्याङ्ग, ठूलढुँगा, लौडारी भञ्ज्याङ्ग, क्षेत्रे भञ्ज्याङ्ग आदि जस्ता भञ्ज्याङ्गहरु पनि रहेका छन् ।[९]

यहाँको व्यापारिक केन्द्रहरुमा - दमौली, भिमाद, आँबु खैरेनी, दुलेगौंडा, खैरेनीटार, डुम्रे, तुरतुरे, बाइसजँगार पर्छन् । यहाँका मानिसहरुको मुख्य पेशा कृषि, व्यापार र नोकरी रहेका छन् ।

यहाँको हावापानीको दृष्टिकोणमा यो जिल्लालाई मोटामोटी ३ भागमा बाँड्न सकिन्छ :

(क) ठण्डा शितोष्ण हावापानी १,५४२ मिटर (५००० फिट) माथि

(ख) समशीतोष्ण हावापानी ६०९ मिटर (२००० फिट) १, ५४२ सम्म

(ग) अर्ध उष्ण हावापानी रहेका छन् । (६०९ मिटर भन्दा तल्लो भाग) [१०]

---

[८] तथ्याङ्क विभाग, २०५८, तनहुँ, दमौली
[९] पूर्ववत ।
[१०] पूर्ववत ।

## २.४ प्रमुख ऐतिहासिक स्थलहरु

### २.४.१ बन्दीपुर

वि.सं. २०२५ सम्म तनहुँ जिल्ला सदरमुकाम रहेको बन्दीपुर बजार ऐतिहासिक व्यापारिक केन्द्र पनि थियो । भारतीय बजारबाट उपभोग्य सामान ल्याएर बाग्मती र गण्डकीका जिल्लाहरुमा आपूर्ति गराउने यो व्यापारिक नाका पृथ्वी राजमार्गको निर्माणसँगै सुक्नथाल्यो । जिल्ला सदरमुकाम समेत दमौलीमा सारिएपछि त सुख्खा नै भयो ।

ग्रिसको हिड्रा शहर उहिल्यै पानी जहाजहरुको 'ट्रान्जिट' हुन छाडेपछि बन्दीपुरजस्तै सुख्खा भएको थियो । घोडा र खच्चडको शहर अर्थात् पाङ्ग्रे गाडीविहीन यो सहर अहिले पर्यटकबाट भरिभराउ बनेको छ । यसैगरी समुद्री जनावरको संरक्षणमा ख्याति कमाएको, विश्वसम्पदा सूचीमा परेको इटलीको रियोमाजोरे शहरले पनि पर्यटनकै कारण आर्थिक पुनर्जीवन पाएको छ । यी दुई सहरले बन्दीपुरसँग नाता गाँसेका छन् । पर्यटनबाट आफूहरुले पुनर्जीवन पाएपछि विगतमा आफूजस्तै बनेका अर्थात् 'मृत शहर' लाई पुनर्जीवन दिन पर्यटन प्रवर्द्धनमा सहयोग गर्ने उनीहरुको चाहना बमोजिम बन्दीपुरले पनि लाभ लिन थालेको छ । बन्दीपुर गा.वि.स., बन्दीपुर सामाजिक विकास समिति तथा बन्दीपुर इको कल्चरल टुरिज्म प्रोजेक्ट लगायतको प्रयत्नकै स्वरुप बन्दीपुरले नयाँ जीवन पाउँदै छ । आन्तरिक पर्यटन नै यसरी फस्टाउँदै गएको छ की यतिखेर त यहाँका होटलहरु सबै भरिभराउ छन् । घरघरमा पेइङ्ग गेष्ट राख्ने गरिन्छ । आगन्तुक समूहहरु टुँडिखेलमा पाल टाँगेर बस्छन् ।

बन्दीपुर पुरानो व्यापारिक केन्द्र र पर्यटकीय स्थलमात्र होइन, यसको ऐतिहासिक राजनीतिक महत्त्व पनि छ । नेपालको एकीकरणदेखि २००७ को राजनीतिक आन्दोलनका गाथा यसमा छन् । स्थानीय वासिन्दाहरुका अनुसार २००७ को क्रान्तिमा राणाशासक पराजित भएपछि त्यहाँका शासकले तनहुँका क्रान्तिकारी योद्धाहरु धर्मध्वज गुरुङ्ग, उत्तरकुमार श्रेष्ठ, चन्द्रबहादुर सार्की, खड्गबहादुर गोदार, सन्तबहादुर राना मगर र धर्मराज श्रेष्ठसमेतको हत्या गरी एउटै खाल्डोमा पुरेर भागेका थिए । त्यही स्थानमा यी वीर सहिदहरुको सम्झनामा स्मृति वाटिका निर्माण गरिएको छ । यसैगरी, यहाँको खड्गदेवी मन्दिरमा जातीय भेदभाव छैन, दशैंको फूलपातीमा मन्दिरको खड्ग पूजामा बाहुन, मगर, कामी - सबैको सहभागिता हुन्छ । [११]

[११] गोरखापत्र २०६३, २ गते शनिवार

काठमाडौंबाट १४३ किलोमिटर पश्चिममा पर्ने बन्दीपुरमा मोटर चढेर पुग्नसकिन्छ र एकैदिनमा यसको अवलोकना सकिन्छ । तर 'हाइकिङ' (हिंड्न) चाहनेका लागि पनि यो स्थान रमाइलो छ ।

बन्दीपुरको विमलनगर बजारमा अवस्थित चुनपहरामा सञ्चालनका कार्य प्रारम्भ भइसकेको रक क्लाम्बिङ्ग नेपालकै सबैभन्दा अग्लो (१५० फिट) र उपयुक्त ठाउँ मानिएको छ ।[१२] उक्त स्थानको करिव ५० मिटर अगाडिबाट बग्ने मर्स्याङ्गदी नदीको स्पर्श, हिमाली मनमोहक दृश्य, स्वादिष्ट खाना सहितको रेष्टुरेन्टहरु र नजिकैको पर्यटकीयस्थल बन्दीपुर चट्टान आरोहणका साहसीहरुका लागि विशेष कार्यक्रमको रुपमा निर्माण गरिनु आवश्यक देखिन्छ ।

### २.४.२ दमौली

मादी र सेती नदीको दोभानमा तनहुँ जिल्लाको सदरमुकाम दमौली रहेको छ । समुन्द्र सतहबाट करिब ३०८ मीटर[१३] को उचाईमा दमौली पर्दछ । यसको उत्तर पश्चिममा खैरेनीटार तथा दक्षि(ा पश्चिममा मानुङ डाँडा रहेको छ । काठमाडौं पोखराको पृथ्वी राजमार्ग दमौली बजार भएर जाने गर्दछ । यसै ठाउँमा परासर गुफा, व्यासको जन्मस्थल, व्यास गुफा रहेका छन् । माघे सँक्रान्तिका दिन यस ठाउँमा ठूलो मेला लाग्ने गर्दछ । यो दमौली अहिले व्यास नगरपालिकामा परिणत भएदेखि यता जनघनत्वमा निकै वृद्धि भइसकेको छ । विद्यालय तथा क्याम्पसहरुको विस्तार, जिल्लास्तरका कार्यालयको स्थापनाका कारणले जनसंख्याको चाप बढ्दोक्रममा जाँदैछ भने बजार पनि विस्तारित हुँदै ठूलो बनेको छ ।

व्यासगुफा, परासरगुफा, शुक्ला सेती, माद्री (मादी), गुणादी, व्यास नदी (बुल्दी), सत्यवती नदी (छाब्दी खोला) नामका पञ्चनदीको पवित्र संगम नजिकै अवस्थित द्वैपायन व्यास महामुनिको जन्मस्थली तथा कर्मस्थली भएकोले पौराणिक नाम द्वैपायनालयबाट शब्दभ्रंश भइ बनेको दमौलीलाई अचेल व्यास नगरपालिका भनिन्छ ।

### २.४.३ तनहुँसुर

लगभग १२४० मिटरको उचाइमा अवस्थित तनहुँसुर ऐतिहासिक महत्वको स्थान हो । पाल्पाली राजा मुकुन्दसेनका छोरा भृङ्गीसेनले यही सुरलाई आफ्नो राजधानी कायम गरी तनहुँ राज्यको श्रीगणेश गरेका थिए ।[१४] यस ठाउँमा अद्यापिसेन राजाको दरवारको भग्नावशेष रहेको

---

[१२] अन्नपुर्ण पोष्ट, बुधवार, ५ पुष २०६३
[१३] पूवइवत ।
[१४] पूवइवत ।

छ । यहि तनहुँ जिल्लाका ४६ गा.वि.स. मध्ये यसैको नामबाट तनहुँसुर गाउँ विकास समिति नामकरण गरिएको हो ।[१५]

तनहुँसुरको दरवारको दक्षिणपट्टी भगवतीको प्राचीन मन्दिर पनि रहेको छ । जसलाई वुदी भगवतीको मन्दिर भनिन्छ । तनहुँसुरको ऐतिहासिक महत्त्व रहेको छ ।

### २.४.४ भिमाद बजार

दमौलीबाट करीब २७ कि.मी. पश्चिममा भिमाद भन्ने ठाउँ रहेको छ । भिमाद यस क्षेत्र साथै कछार भेगका लागि प्रसिद्ध व्यापारिक केन्द्र हो । भिमाद बजारबाट देवघाट जोड्ने (श्रृङ्गपथ) ३५ कि.मी. र भिमादबाटै पाल्पा रामपुर जोड्ने ३० कि.मी. भीमकाली मार्ग यातायातको हिसाबले उन्नतिमा रहेको देखिन्छ । भिमाद बजार जिल्लाकै प्रमुख व्यापारिक केन्द्र हो । यसले तनहुँ जिल्लाको साथ साथै छिमेकी जिल्ला स्याङजा, पाल्पा, नवलपरासीका धेरै गा.वि.स. लाई व्यापारिक सुविधा प्रदान गर्दै आएको छ । यो एउटा नगरोन्मुख गा.वि.स. पनि हो । यहाँ शैक्षिक गतिविधिको सिलसिलामा १ उच्च मा.वि., १ नि.मा.वि. ७ वटा प्रा.वि. र ३ नीजि विद्यालय छन् । स्वास्थ्यको क्षेत्रमा १५ शैयाको एक सरकारी अस्पताल रहेको छ । यहाँको आय श्रोत भन्नु बैदेशिक रोजगार, तरकारी खेती नगदेबाली अन्तर्गत अदुवाखेती राष्ट्रियस्तरमा समेत प्रख्यात मानिन्छ ।

भिमेश्वर मंदिरबाट प्रकाशित भिम्वाद नामक पुस्तिकामा लेखिएको छ :

सेती काली मिलाउकी भनि अघि भिम्सेनले रातमा
बाँधे बाँध यहाँ भनिन्छ जनको श्रुती छ यो भेक मा ।[१६]

आफ्नो उत्पत्ति स्थान अन्नपूर्ण हिमालबाट दक्षिण बाहिनी भई द्रुत गतीमा बगेकी सेती नदी यही भिम्वादमा आई पुगेपछि भिम्वादको बलियो पहरोले रोकि दिंदा पूर्वी बाहिनी वग्दछिन् । त्यसैले नदीको वहावलाई रोकी मोड्न सक्ने यो पहरोलाई भिम्बाँद (बलियो बाँध) भन्ने अर्थको यो भिमाद भीमसेनसँगको संम्बन्ध नभै "बलियो बाँध" भन्ने बुझिन्छ । यो 'भिमाद' प्राचीन कालदेखिकै प्रसिद्ध पवित्र तीर्थ रहेको पाइन्छ । यो एउटा तार घाट हो । सेती गण्डकीमा जहाँ पायो तहींबाट वार-पार गरी रहनु पर्दछ । त्यसमा पनि पहाड मधेस गर्नुपर्दा वुटौल भै भैरहवा नाकालाई लक्ष्य गरी जानु पर्दा, तनहुँ, लमजुङ्ग, कास्कीका मानिसमा पनि यै बाटो गरी आवत जावत गर्ने गरेको प्राचीन तथ्यहरु पाइन्छ । यै भिम्वादको पहरोको आडमा वर्षेनी एक बलियो

---

[१५] पूर्ववत ।
[१६] स्वामी रामानन्द पुरी ( संकलक ), बृहत ज्ञान यज्ञ हरिकीर्तन सत्सग समिति, भिमाद, तनहुँ, २०५०, पृ. २४

पुल बाँध्ने गरी अवात जावत गर्दथे तर वर्षा मा अर्थात् ४,५ महिना आवत जावत गर्न पनि कठिन र नदीको भेलले पुरानो पूल बगाईदिंदा वर्षेनी कच्ची पूल बग्ने गर्दथ्यो । यो पुल बाँध्ने कार्य सुरु (कार्तिक शुक्ल एकादशी हरीबोधनीबाट प्रायः हिउँदमा हुन्थ्यो । सो कार्यको लागि बलिया बलिया लट्ठा बाटी गाउँ-गाउँका श्रद्धालु धार्मिकजनहरुले बाजागाजाका साथ रमाइलो गर्दै ल्याउने गर्दथे । त्यो चलन अझै पनि चलिरहेको छ तर त्यसखालको पूलको स्वरुप हाल बदलिएको हुँदा  ती लट्ठा डोराको पूलमा प्रयोजन नभएपनि धार्मिक परम्परा अनुसार सेती नदीमा तोरण तार्ने प्रचलन अझै पनि छ ।

परिवर्तनको क्रममा अव उक्त झलुङ्गे पूल पनि परिवर्तन भई समयको मागले सोही ठाउँमा मोटर पूल बनी यातायात चलेको छ । भिम्वाँद बजार विस्तार भएको छ हाललाई । यो भिमाद बजार अघिको राजनीतिक विभाजनमा पश्चिम ४ नं. वर ईलाका, भिर्कोट जिल्ला, राङ्गरुङ्ग मौजा अर्न्तगत पर्दथ्यो । हाल गण्डकी अंचल तनहुँ जिल्ला भिमाद गा.वि.स. वार्ड नं. १ र २ मा पर्दछ ।

यो भेक मगरान्ते भेक हो । यहाँका आदिवासीहरु मगर जातका जनजातिहरु हुन् यो तथ्य कुरा सावित गर्न निम्न बुँदाहरु हेरौं :-

१. पुराना वस्ती, अर्यान गाउँ, थुमहरुका नाउ जति मगरे भाषाबाट राखिएको पाइन्छ,  जस्तै :- राङ्गरुङ्ग, पिरुङ्ग, दिरिङ्ग, छाङ्ग, मनपाङ्ग, मिछुर्लुङ्ग, किहुङ्ग, रिसिङ्ग, मानुङ्ग, काहुङ्ग, दमुङ्ग, दुरुङ्ग, चुङ्ग आदि ।

   यस भेकका खोला पानी पनेराहरुका पुराना नामहरु ८ पनि जस्तै - जिदी, सिग्दी, ज्याग्दी, सुरौदी, म्याग्दी, थाङदी, छाङ्गघाडादी, छाब्दी, मैदी, बैदी, आदि ।

२. उक्त नामहरुमा केही न केही रहस्य घुसेको हुन्छ । जस्तै -

   मैदी - मगरे भाषामा आमापानी ।

   बैदी - मगरे भाषामा वावापानी ।

   ज्यैदी - मगरे भाषामा ज्यामापानी ।

   यिनीहरुले वावा आमाले जस्तै पालेका छन् भन्ने अर्थ लगाउँछ ।

   यी बाहेक अन्य प्रमाण पनि पाईन्छ :-

   सिव्ली गान - तर्कारी

   लेव गान - तामा तर्कारी

   भो भो गान - साग तर्कारी

३, ढुंगे युगका मानिसहरु पनि यस भेकमा घुमक्कड घुमन्ते भएर निर्वाह गर्दथे । त्यसवखतका आदिम वासीहरुले सजिलो ठाउँमा घर बनाएर बस्न सम्भवै थिएन । विल्कुल जंगली अवस्थामा फिरन्ते भएर हिड्नु पर्दथ्यो । बाँच्नको लागि जंगलमा फलेका फलफूल र जंगलमा विचरन गर्ने पशुपंक्षीलाई आफ्नो सिकार बनाई जीवन निर्वाह गर्दथे । मानिसको खोपडी सम्म पाएका हुनाले कसरी सिकार बल्भ्फाउने? कसरी कन्दमूल निकाल्ने? आफुभन्दा बढी बलियो भएका जनावरहरुसँग कसरी सामना गर्ने? भन्ने समस्याको समाधान निकाल्दथे । यस सम्बन्धी केही औजारहरुको आवश्यकता पर्दथ्यो होला । आवश्यकता अनुसार पत्थरका हतियार घुयत्रा गुलेली, पट्केसा, धराप जस्ता औजारहरु प्रयोग गर्दथे । यस भेकमा पत्थरका भाला, पत्थरका छुरी आदि अझै पनि यदाकदा पाईन्छन् । यस्ता औजारलाई हिजोआजकाहरुले आकाशबाट खसेके ढुंगो भन्ने चलन छ तर आकाशवाट खसेको नभई ढुंगे युगका मानव निर्मित हतियारहरु हुन् ।

४. प्रकृतिबाट बच्नको लागि गुफा, कन्दरा, ओडार, धन्दुर नै उनीहरुका लागि वासस्थानझैं घर हो, केही दिन, केही महिना, अर्थात् केही वर्ष पनि वस्न सकिने गुफा, कन्दराहरु यस भेकमा छन् । यस्तै गुफा मध्ये एक शिद्ध गुफा पनि हो यसमा तलै तला छन् । यो वर्तमान समयको ९ तले दरवार भन्दा कम छैन । यस्तै अरुपनि मृगुकुट (मगर क्याग्दी) आदि ।

५. हाम्रा वरपर रहेका जंगलमा जंगली फल अझैपनि पाईन्छन्, काफल, आँप, ऐसेलु जामुनु, क्यामुनु, चुत्रो, जारंगी, सुन्तला, अमिलो, वीमीरो, भैंकाफल आदि अझैपनि अवशेषको रुपमा पाईन्छन् । त्यस बखतमा सारा जंगलै जंगल मात्र भएको वेलामा धेरै थरीका फलफूलहरु पाईन्थे विनाखेती ।

६. यस्तै गरी कन्दमूलमा तरुल, गिठा, भ्याकुर, त्यागुनो, प्यागुनो, आदि अझै पाइन्छन् ।

७. सिकारको रुपमा अझैपनि मृग, जरायो, खरायो, कालिच, लुईचे, वटाई, तित्रा, सारंग आदि पाइन्छन् ।

८. ठाउँहरुका नाउँहरु वनस्पती विरुवाको आधारमा रहेका, जस्तै :सिमले, फलेदे, आमडाँडा, काफलडाँडा, डुम्रीखर्क, पाखुरीवोट, वरपिपल, सालडाँडा आदि ।

९. ठाउँको प्रकृति अनुसार, मालेवगर, वागटार, चितीकुना, कोखे, गेरुवापानी, सिस्नेरी, आदि ।

१०. देवी-देवताका मन्दिर अनुसार, बुढाकोट, रुवाकाठे, माभकोट, भिर्कोट, द्यौराली, आदि ।

११. कालान्तरमा यस भेकका मानिसहरु गुफा कन्दराबाट विस्तार विस्तार गाउँ वस्तीमा खेतीपाती गर्न थाल्ने बानीले जीवनको रौनक नै बदलियो । एक आपसको सहयोगको खाँचो भयो । हुँदा हुँदा साना सानो राज्यको रुपमा खडा भयो । पछि आएर वाइसे चौविसे राज्यको रुप भयो । [१७]

---

[१७] कोमलकान्त खनाल, भीमाद-१, मालेबगर ।

### २.४.५ चोकडाँडा गढी

चोकडाँडा चिसापानी गा.वि.स. वार्ड नं. २ गुरुङ गाउँको नजिक पर्छ। यो ठाउँ समुन्द्री सतहदेखि १४३५ मिटर माथि पर्छ।[१८] डाँडा नजिक एउटा कुँडापानी देवीको मन्दिर छ। यहाँ गुरुङ्गे समाजले बेलाबखत खुशीको अवसरमा पंचबली दिने चलन छ। यही मन्दिरमा चैते दशैं अष्टमीको दिनमा लौडारी भञ्ज्याङ्गका गाँउलेले पनि पुजा आजा गर्ने गर्दछन्। विर्सनै नहुने कुरा यहाँ के छ भने कुनै समय गढीको रुपमा प्रयोग गरेको त्यहाँको भग्नावषेशबाट थाहा पाइन्छ। त्यसै गढी नजिक एउटा पुरानो हतियार राखिएको खड्ग देवीको मन्दिर रहेको छ। यहाँबाट लम्जुङ्ग दुराडाँडाको दृश्यहरु राम्रोसँग देख्न सकिन्छ।

### २.४.६ भिर्कोट

दमौली (व्यास नगरपालिका) भन्दा पश्चिम काली गण्डकी र सेती गण्डकीको संगमबाट अग्लो पहाड भिर्कोटको पौराणिक नाम भृगुकुट रहेको मानिन्छ। यहाँ भृगु ऋषिको आश्रम गुफा र भृगुकुण्ड रहेको मानिन्छ। भृगु ऋषिले प्रसिद्ध ज्योतिष ग्रन्थ भृगु संहिताको रचना यसै ठाउँमा गरेको मानिन्छ। यसै ठाउँमा नै जमदग्नि रेणुकाको कुटी हुनुका साथै परशुरामको जन्म भएको मानिन्छ। भृगु, जमदग्नि, परशुरामहरुको तपोभूमिलाई हेमन्त तपोवन, भागर तपोवन भनिन्छ जनु अपभ्रंश भएर भागर बनेको छ।

### २.४.७ ढोरफिर्दी

तनहुँको पश्चिमतर्फ पर्ने पृथ्वी राजमार्गबाट करिब ४ कि.मी. ढोरफिर्दी गा.वि.स. मा ढोर बाराही मन्दिर समेत पर्दछ। उक्त पोखरीमा प्रत्येक घण्टामा ३ पटकका दरले पानीको लहर चलेर यसबाट उर्लिएर छचल्किएको पानीले झरनाको रुपमा निस्तृत भएर नदीको रुप लिने अनौठो प्राकृतिक प्रकृया चलिरहन्छ। पानीमा लहर चल्नुभन्दा अगाडि त्यहाँका माछाहरुले त्यसको पूर्वसंकेतका रुपमा विशेष गतिशिलता देखाउँछन्।

### २.४.८ ऋषिङ्ग

श्रृंगीऋषिको आश्रम भएकोले श्रृगांश्रम भनिएकोमा पछि यो शब्द अपभ्रंश भइ रिसिङ बनेको हो। यहींबाट श्रृंगी ऋषि अयोध्या गइ पुत्रहीन दशरथको पुत्रेष्टि यत्र गराएपछि राम, भरत, लक्ष्मण र शत्रुध्न नामका चार छोराहरु पैदा भएको मानिन्छ।

---

[१८] पूर्ववत्।

तनहुँ जिल्लाको दक्षिणी भू-भागमा पर्ने एउटा रमणिय स्थल रिसिङ्गको कसरी नामाकाण रहेको हो त भने विषयमा सत्य युगमा श्रृङ्ग ऋषी नाम गरेको एकजना ऋषीमुनि आई तपस्या गरेका रहेछन् । तपस्या गर्ने ऋषीमुनी दिनप्रतिदीन नुहाउनुपर्ने, नुहाउनको लागि दिनदिनै कृष्ण गण्डकी र सेती गण्डकी धाउनुपर्ने यसरी दिनहुँ कृष्ण गण्डकी र सेती गण्डकी धाई, तपस्या गरेको देखि साक्षात भगवान प्रशन्न भई रिसिङ्गकै कुनै एक पुण्य स्थल अजम्बरी भन्ने ठाउँमा कृष्ण गण्डकी र सेती गण्डकीको पानी निकाली दिनुभएछ र त्यो स्थलको तनहुँ जिल्ला रानीपोखरी गा.वि.स. वडा नं. ४ मा पर्दछ यसरी नै परापूर्वकालमा ऋषीले तपस्या गरेको ठाउँ भएर रिसिङ्ग भनी नामाकरण गरिएको थाहा हुन आउँछ ।

रिसिङ्ग परापूर्वकाल देखि नै महत्वपूर्ण धार्मिक स्थलको रुपमा चिनिदैं आएतापनि हालसम्म पनि कुनै किसिमका विकास र पर्यटकीय हिसाबले अगाडि बढ्न सकिरहेको छैन । २०२२ साल भन्दा अगाडि पृथ्वी राजमार्ग बन्नु अगाडी नेपालको हिमाल पहाडबाट तराईतिर जानको लागि मूलबाटो भन्नु नै रिसिङ्ग हुँदै जानुपर्थ्यो । पृथ्वी राजमार्ग नामकरण गरी पोखरा, दमौली, मुग्लीन हुँदै नारायणगढ जोडियो, रिसिङ्ग हालसम्म पनि पछाडि पर्न गयो तर समय र भाग्यले साथ दिंदै जाँदा वि.सं २०५२ साल देखि एसियाली विकास बैंकको ऋण सहयोगमा २३ किलोमिटर मोटरबाटो खनिएको छ । हाल पोखरा खैरेनीटार भिमाद हुँदै रिसिङ्ग भेगका जनताहरुले यातायातको सुविधा उपभोग गरिरहेका छन् ।

रानीपोखरीको अग्लो गढी डाँडालाई मैदान बनाई ठूला सम्म परेको गह्रा बनाई दरवार बनाएको आजसम्म दरवारको भग्नावशेषबाट प्रमाणित छ । त्यसरी राजदरवारमा रहेका यस राजदरवार सो ठाउँमा रहँदा त्यँहाका मानिसहरुले पानी खाने ठाउँ रानीपोखरी हालसम्म जस्ताको तस्तै देख्न सकिन्छ । रानीपोखरी रहेको ठाउँमा पानी नभएको धुरधुरे भन्ने ठाउँबाट सुरुङ्ग खनी पानी ल्याएको भन्ने किम्बदन्ती छ, किम्बदन्ती अनुसार यदि त्यहाँको स्थलगत निरीक्षण गर्न गयौं भने सुरुङ्ग खनी इट्टा ओछ्याई पानी ल्याएको प्रत्यक्ष देख्न सकिन्छ । यसरी नै पोखरी खनी इट्टा ओछ्याई कुवा बनाएको देख्न सकिन्छ । यही २२ से २४ से राजाको पालामा बनेको पोखरीको नामबाट रानीपोखरी गा.वि.स.को नामाकरण रहेको बुझ्न सकिन्छ । अब रह्यो कोटदरवार, २२,, २४ राजाको पाला देखि नै हिन्दु धर्म मान्दै आएको विभिन्न ग्रन्थहरुमा लेखिएको पाइन्छ । हिन्दु धर्म अनुसार दुर्गा देवीले दैत्यहरुलाई वध गरी विजय प्राप्त गरेको हुनाले दुर्गा देवीलाई हिन्दू धर्म अनुसार महादेवीको रुपमा मानिने हुँदा गढी देवी सिधा पूर्व तर्फ एउटा डाँडामा दुर्गा देवीको मन्दीर बनाई पुजा आराधना गर्ने गरेको ठाउँ छ । त्यसलाई कोट भनिन्छ त्यस मन्दीरमा देवी दुर्गाको मूर्ति र विभिन्न किसिमका परापूर्वकालका हातहतियारहरु प्रत्यक्ष रुपमा द्रेख्न पाईन्छ । त्यस कोटमा वर्षको दुइ पटक पुजाआजा गर्ने चलन छ । असोज कार्तिकमा पर्ने बडादशैं र अर्को चैत्रमा पर्ने चैते दशैं मा औसींको दिन जमरा राख्ने चलन छ र

जमरा राख्ने दिनदेखी पुरेत राखी पाठपुजा गर्ने र सप्तमीको दिन बाजागाजाको साथ फुलपाती भित्राउने चलन पनि छ अष्टमीको दिन कालरात्री गरी नवमीको दिन दुर्गा देवीको पूजा गरिन्छ र दशमीको दिन राखेको जमरा काटी घर घरम बाँडी आफ्ना मान्यजनबाट टिका थापी आशिर्वाद लिने चलन छ । जसरी रानीपोखरी भएको नाताले रानीपोखरी गा.वि.स.को नाम रह्यो भने कोत भएको कारण गा.वि.स.को नाम कोटदरवार रहेको भन्ने कुरा प्रमाणित भएको छ ।[१९]

इतिहास अनुसार भनिन्छ नेपालमा वाइसी चौविसे राज्य हुँदा यहीं मगर राजाहरुले राज्य गर्दथे । ती मगर राजाहरुद्धारा शासित राज्यहरु 'रिसिङ' र 'घिरिङ' मानिन्छ । 'घिरिङ' यस रानीपोखरी गा.वि.स.को पश्चिममा स्थित छ ।

रानीपोखरीको उत्पत्तिको बारेमा भनिन्छ कि यहाँ रानीले स्नान गरेकी एउटा पोखरी थियो । उक्त पोखरीमा नुहाउने रानी मर्दा उनको नाम चिरस्मरणीय रहनका लागि उनका पति (राजा) ले कुनै एउटा पक्का पोखरी बनाइदिएको हुनसक्दछ जसको नामबाट यस क्षेत्रको नाम 'रिसिङ रानीपोखरी' या रिसिङ रानीपोखरी र गा.वि.स.को नाम पनि सोही रहन गयो ।

अन्य पहाडी भागहरुमा जस्तै तनहुँ जिल्लाका केही उच्च पर्वत चुचुराहरुमा पनि गुराँस पाइन्छ । जस्तै - छिम्केश्वरी, रिसिङ्गको गढी, वयापानी, तनहुँसुर, आदिमा । यहाँ खासगरी रातो, गुलाफी रंगका गुराँसहरु फागुन, चैत्र-बैशाखमा फुल्ने गर्छन् । रिसिङ्गको गढी डाँडादेखि एकातिर पहाडी क्षेत्रकै अग्ला चुचुराहरु देउचुली, बराहचुली, छिम्केश्वरी, आदि देखिने र अर्कातिर सेती र काली नदी तथा तिनले बनाएका फाँटहरु समेत देखिने भएकोले पर्यटकीय हिसाबले समेत आकर्षणको केन्द्र बनेको छ ।[२०]

### २.४.८.१ ऐतिहासिक महत्वका स्थान तथा विकास कार्य

रानीपोखरी गा.वि.स. लाई वार्ड नं. ४ को माथि डाँडामा पहिले वाइसे चौवीसे राजाहरुको पालामा बनेको अनुमान गरिएको एउटा गढी छ, जहाँबाट सफा मौसम रहेको बेलामा पोखरा, माछापुच्छे, अन्नपूर्ण जस्ता हिमालयको गगनचुम्बी र रमणीय हिमशिखरहरु देख्न सकिन्छ । यसै रानीपोखरी ४ नं. वार्डमा नै कृषि सेवा केन्द्र सव-हेल्थ पोष्ट, पशुसेवा केन्द्र र वार्ड नं. २ मा इलाका हुलाक र एउटा मा.वि. रहेका छन् ।

कोटदरवार-४ मा सव हेल्थपोष्ट, बहुउद्देश्यीय सामुदायिक भवन, नि.मा.वि. र क्लब भवन रहेका छन् । खोनपानीको अलावा कोटदरवार गा.वि.स.को ४,५,६,७ नं. वार्डहरुमा विजुलीको व्यवस्था छ । सदरमुकाम दमौलीबाट भीमाद हुँदै रानीपोखरी गा.वि.स. का वार्ड नं.

[१९] गणेश कुमार श्रेष्ठ, कोट दरवार, तनहुँ ।
[२०] अन्नपूर्ण पोष्ट २४ साउन २०६३ ।

६,४, ३,२, र १ हुँदै कोटदरवार गा.वि.स.का ५,४ र ८ वार्ड हुँदै बसहरु भीर्कोट गा.वि.स. को गुमलेक सम्म जान्छन् ।

### २.४.८.२ भाषा, संस्कृति तथा जनसंख्या

उक्त सवै गा.वि.स.हरुमा मगर भाषीहरुको बाहुल्य रहेको छ । रानीपोखरी गा.वि.स.को ५,६,७ र ८ वार्डमा गुरुङ गाँउ/बस्ती भएको हुँदा उक्त क्षेत्रहरुमा गुरुङ्ग भाषा बोलिन्छ । यस गा.वि.स. को १,२,३,४ र ८ नं. वार्डमा नेवार बस्ती छ । ४ र ६ नं. वार्डमा क्षेत्रीहरुको बसोबास र वार्ड नं. १ देखि ९ मा मगरहरुको बस्ती छ । यहाँका मानिसहरु हिन्दू धर्म तथा संस्कृति मान्दछन् ।

कोटदरवार गा.वि.स. मा मगर बाहेक भाटहरुको पनि बसोबास छ । राम्जाकोट गा.वि.स. मा मगरको अलावा बाहुन, क्षेत्री, गिरी, दरै, कुम्हालहरुको बसोबास छ । यिनीहरु परम्परादेखि चलिआएको हिन्दू धर्म र संस्कृति मान्दछन् । जनसंख्याको उल्लेख गर्नुपर्दा रिसिङ रानीपोखरी गा.वि.स.मा ३५००, कोटदरवार गा.वि.स.मा ४१००, राम्जाकोट गा.वि.स.मा ४२०० र व्यास न.पा. को दमौलीमा ६५०० जनसंख्या भएको अनुमान छ ।

### २.४.८.३ अर्खलाछाप गाउँको सामान्य परिचय :

यस कोटदरवार गा.वि.स. वडा नं. ४ अन्तर्गत धेरै वर्ष पहिला २,४ घरको बसोबास थियो । यस घरको वरिपरी घना जंगल थियो ठूला-ठूला रुखहरु थियो । त्यस जंगलमा जंगली जनावरहरु प्रशस्त मात्रामा पाइन्थ्यो । जंगली जनावरहरुको डरबाट मानिसहरु त्यस बाटोमा एक्लै आवतजावत गर्न डराउँथे । अहिले यस ठाउँमा मानिसहरुको जनसंख्या बढ्दै गयो, ती जंगलहरु माँसिदैगयो । अनि जंगली जनावरहरु लोप हुँदै गए । पहिला घना जंगल भएको ठाउँमा जंगली जनावरले रजाँई गरेको ठाउँमा अहिले मगर जातिहरुले बसोबास गरेका छन् । यस ठाउँमा हाम्रा बाजेबराजुहरुको पालामा बनेका पूरानो कुस ले छाएको घुमाउने घर भत्काएर अहिले केही ढुङ्गाको छानाले छाएको छ केही टिनले छाएको नयाँ घरहरु बनेका छन् । पहिला यस ठाउँमा ठूलो अर्खलाको रुख थियो रे । त्यस रुख ढालेपछि त्यस रुखको नामाकरणबाट यस ठाउँको नाम अर्खलाछाप राखिएको पाइयो । त्यसको साथसाथै पहिला जंगली जनावरले रजाँई गरेको ठाउँमा यस गाउँका बालबालिकाहरुले शिक्षा आर्जन गर्न पाइयोस कुनै पनि बालबालिका शिक्षाबाट बञ्चित नहोस भनेर वि.सं. २०४५ सालमा प्रा.वि. तहको स्थापना गरियो । अहिले प्रा.वि. तहबाट नि.मा.वि. तहसम्म विद्यालय खोलेका छन् । पहिला यस गाउँका

मानिसहरुले कुवामा, खोलामा गएर पानी भर्न जानुपर्थ्यो, अहिले घर आँगनमा पानीको धाराबाट स्वच्छ पानी पिउन पाएका छन् । [२१]

### २.४.९ चुँदीरम्घा

तनहुँको सदरमुकाम दमौली बजारदेखि करिब २७ कि.मि. उत्तर पूर्वमा रहेको चुदीरम्घा आदिकवि भानुभक्त आचार्यको जन्मभूमि हो । भानुभक्तको जन्मभूमि भएकाले पनि यस भूमि नेपाली साहित्यको उर्वर भूमिको रुपमा रहेको पाइन्छ । उनका बाजे श्रीकृष्ण आचार्य भन्दा पूर्वदेखि नै त्यस क्षेत्रमा धेरै प्रतिभाशाली साहित्यकारहरुले नेपाली भाषा र साहित्यलाई अनमोल रचना दिएर हालसम्म पनि सिचिंत गरेका छन् । संस्कृत लेखन परम्परादेखि नेपाली र अङ्ग्रेजीमा समेत त्यहाँका विद्वानहरुले आफ्नो रचना प्रस्तुत गरेर नेपाली भाषा र साहित्यलाई सम्वृद्ध बनाएका छन् ।

भानुभक्तले लेखेको रामायण अहिले पनि सर्वाधिक लोकप्रिय ग्रन्थ बन्न पुगेको छ । यसैगरी संस्कृत लेखन कार्यमा अग्रपङक्तिमा रहेका विद्वानहरुमा श्रीकृष्ण पौडेल , शिवशर्मा पण्डित, मकरन्द पण्डित, थिए भने उनीहरुको ग्रन्थ प्राप्त गर्न सकिएको छैन । त्यसैगरी विद्वानहरुमा भवानी शंकर शास्त्री, विश्वनाथ आचार्य, शिवराज आचार्य, रमानाथ आचार्य, डा. व्रतराज आचार्य आदि महत्वपूर्ण विद्वानहरु रहेको पाइन्छ । भानुभक्तका बाबु धनञ्जयले पनि ' प्रश्न प्रदिप ' भन्ने संस्कृत ग्रन्थ लेखेको थिए । सो पुस्तकको पाण्डुलिपि भानु पुस्तकालय चुँदी रम्घामा रहेको जानकारीले संस्कृत लेखनको अटुट क्रमलाई नै संकेत गरेको देखिन्छ भन्ने कुरा जयराज आचार्यले उल्लेख गरेका छन् । बडागुरुज्यु जुननाथ पण्डित, हरिनाथ खनाल, नरनाथ आचार्य जस्ता विद्वानहरुले मीमांसा तत्व र निर्णय सिन्धुसार संग्रह जस्ता लैङ्गिक व्यवहार सम्बन्धी धार्मिक ग्रन्थ प्रकाशनको क्रममा रहेको पाइन्छ । [२२]

वोधविक्रम अधिकारीले नेपाली ' दन्त्यकथा ' लेखेर लोकसाहित्यको फाँटमा नयाँ युगको विजारोपण गरेको पाइन्छ । साहित्यका साथसाथै कुटनीतिक र प्रशासनिक क्षेत्रमा समेत अविछिन्न रुपमा राष्ट्रका नेतृत्व गर्नुहुने डा. जयराज आचार्यको योगदान सधैं स्तुत्य छ । उहाँले संस्कृत, अंग्रजी र नेपालीमा समेत विभिन्न ग्रन्थहरु लेख्नु भएको छ । यसरी नेपाल अधिराज्यको ७५ जिल्लामध्ये एक तनहुँ र तनहुँका गाउँमध्ये चुँदीरम्घा महत्वपूर्ण ऐतिहासिक,

[२१] सिता आले, कोटदरबार, तनहुँ
[२२] गोविन्द प्रसाद अधिकारी, नेपाली साहित्यीक इतिहासमा तनहुँ जिल्लाको योगदान, स्नातकोत्तर २०३८, त्रि.वि., कीर्तिपुर, पृ. ४८

राजनैतिक, सामाजिक, शैक्षिक र साहित्यिक केन्द्रको रुपमा रहेको छ । यो पवित्र भूमि तनहुँ जिल्लाको मात्रै नभएर सिङ्गो देशकै मुटुको रुपमा रहेको छ ।

यसरी नेपाली भाषाका एकीकरणकर्ता भानुभक्तको योगदानलाई कदर गर्दै उनलाई युगयुगसम्म जीवन्त बनाउन उनका कृतिहरुलाई प्रकाशन र प्रचार - प्रसार गराउन जन्मभूमि चुँदीरम्घालाई ऐतिहासिक बनाउनका लागि उनका नाउँमा विभिन्न संघ संस्थालाई खुलेर सक्रिय रहेका छन् ।

## २.५ तनहुँका प्रमुख धार्मिक स्थलहरु

### २.५.१ देवघाट

तनहुँ जिल्ला धार्मिक स्थलको रुपमा पनि परिचित छ । देवघाट चितवन जिल्ला र तनहुँ जिल्लाको सिमानामा पर्ने नारायणी नदी र कालीगण्डकीको संगम स्थल हो । देवघाट सातै नदी र तीन अञ्चल गण्डकी, लुम्बिनी र नारायणी अञ्चलको भेट भएको थलो हो । कालीको संगमस्थल भन्दा केही उत्तरमा एउटा गुफा छ । यो पवित्र गुफामा वशिष्ठ ऋषिले तपस्या गरेका थिए भन्ने जनकथन छ । [२३]

देवघाट यस भेगका मानिसहरुको एक तीर्थस्थलको रुपमा परिचित छ । स्कन्दपुराणको केदारखण्डमा देवभूमि हिमालयका पाँचखण्डहरु मध्ये नेपाललाई एक पुरै हिमवत खण्ड मानी देवभूमिको रुपमा मान्यता दिएको देखिन्छ । यहाँ माघे सक्रान्तिको दिनमा स्वर्गका देवीदेवता आएर स्नान गर्ने भएकाले यसको नाम देवघाट रहेको भन्ने जनश्रुति पाइन्छ । [२४]

प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटधाममा हरेक वर्ष माघ १ गते माघेसंक्रान्ति मेला लाग्ने गर्दछ । मेला लाग्ने क्षेत्र चितवन, नवलपरासी र तनहुँ जिल्लाको संगमस्थलमा पर्दछ । यो क्षेत्र पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले  अति महत्वपूर्ण मानिन्छ ।

कालीगण्डकी र त्रिशुली नदीले दुईतिरबाट घेरिएको यस धार्मिक तीर्थस्थलमा माघेसंक्रान्तिका दिन प्रमुख रुपले मेला लाग्ने गर्दछ । यसबाहेक वर्षभरि एकादशी र औंसीका दिन नुहाउन, ठूलो एकादशी, बालाचतुर्दशीजस्ता प्रमुख धार्मिक चाड मनाउन भक्तजनहरु यहाँ आउने गर्दछन् ।

माघेसंक्रान्ति मेला भर्न देशविदेशबाट लाखौंको संख्यामा भक्तजन आउने यस धाममा महेश, हरिहर र गलेश्वर नामका प्रमुख सन्यास आश्रमहरु रहेका छन् । ती आश्रमहरुले वेदवेदांग विद्यालय र गुरुकुलसमेत सञ्चालन गरेका छन् । गुरुकुलमा संस्कृत भाषमा कर्मकाण्ड, व्याकरण र वेदका साथै आधुनिक कम्प्युटर शिक्षासमेत निःशुल्क व्यवस्था गरिएको छ ।

विभिन्न मन्दिर र पौराणिक महत्वका स्थानहरुले भरिभराउ देवघाटधाम पुग्ने जो कोहीले पनि शान्तिको अनुभूति गर्न सक्छ । बिहान र बेलुका दैनिक पूजापाठ, अखण्ड भजनकीर्तन र भगवान्को नाम जप गरिरहने कल्पवासीहरुको क्रीडा देखेर एकछिन त सांसारिक

[२३] पूर्ववत् ।
[२४] पूर्ववत् ।

मोहजालबाट टाढा पुगिन्छजस्तो हुन्छ । धाममा देवघाट क्षेत्र विकास समितिद्धारा सञ्चालित वृद्धाश्रममा रहेका घरबाट परित्यक्त वृद्धवृद्धाहरुको उत्तरार्द्धको जीवन देखेपछि मनमा नरमाइलो अनुभूति पनि हुन्छ ।

पौराणिक मान्यताअनुसार, देवघाटधाममा सबै तीर्थहरुलाई पवित्र पार्ने श्रेष्ठ तीर्थस्थल मानिन्छ । वराहपुराणहरुमा देवघाटधामलाई अनादिकालमा देवताहरुले अटन गर्ने (घुम्ने) क्षेत्रका रुपमा उल्लेख गरिएको महेश सन्यास आश्रमका पीठाधीश स्वामी डा. रामानन्द गिरी बताउनुहुन्छ । उहाँले देवअटन हुँदै देवाट नाम रहन गएको र पछि अपभ्रशं भई देवघाट भन्न थालिएको बताउनुहुन्छ । देवघाटधाममा आई पूजाअर्चना र स्नानादि कर्म गर्नाले चारधामबराबरको पुण्य प्राप्त गर्न सकिने यहाँका सन्यासीहरु बताउँछन् ।

### २.५.२ छाब्दीबाराही

तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट लगभग आठ किलोमिटर पूर्वतिर छाब्दी बाराहीको मन्दिर अवस्थित छ । तनहुँमा मात्र नभएर गण्डकी प्रदेशकै महत्वपूर्ण तीर्थस्थल छाब्दीबाराही हो । मन्दिरको नजिकै एउटा सानो पोखरी छ , जसमा रजबाम र शहर जस्ता ठूला ठूला माछाहरु छन् । मन्दिरमा बलि चढाए पछि बोका, परेवा, पोखरीमा फ्याँक्दा माछाहरु रमाउँछन् । यस मन्दिरको जिर्णोद्धार गर्न २०१५ सालमा श्री ५ महेन्द्रबाट सहायता प्रदान भएको थियो ।[२५]

गण्डकी अञ्चलमा पर्ने विभिन्न जिल्लाका देवी देवताका मन्दिरहरुमा प्रारम्भ देखि नै मगर बंशका पुजारीहरु रहँदै आएका छन् । छाव्दी वाराहीमा पनि मगर वंशका पुजारीहरु रहेका छन् । जे होस छाव्दी बाराही मन्दिरको धार्मिक महत्व त छँदैछ, त्यसमा साथै ऐतिहासिक महत्व पनि रहेको छ । तनहुँको प्रसिद्ध तीर्थस्थलहरु मध्ये एक छाब्दी बाराहीमा मगर समुदायका व्यक्तिहरु पुजारी हुन्छन् । गर्भवती र रजस्वला भएका महिलाहरुलाई मन्दिरमा जान निषेध गरिएको छ । एकादशी, औंशी र साउन महिनामा बाहेक अरु दिनमा यहाँ बलि दिइन्छ ।

### २.५.३ ढोरवाराही

तनहुँ जिल्लाको पश्चिमतर्फ पर्ने ढोरफिर्दी गा.वि.स. अन्तर्गत पर्ने ढोरबाराही तनहुँ जिल्लाको महत्वपूर्ण धार्मिक स्थल मानिन्छ । यो मन्दिरमा भक्तजनहरुले घण्टा चढाउने हुँदा यहाँ २५ सयभन्दा बढी घण्टाहरु चढाइएका छन् । मन्दिर नजिकैको जलकुण्डमा क्षणक्षणमा नै

---

[२५] पूर्ववत् ।

पानी घट्ने र बढ्ने, लहरी छुट्ने हुँदा यसलाई आश्चर्यको विषय मान्न सकिन्छ । बुद्ध जयन्ती, रामनवमी, महाशिवरात्री, तीज, औंशी, एकादशी र साउन बाहेक अन्य दिनमा पाठा र बोका, भेडा राँङ्गाको वलि दिइन्छ भने हाँस र कुखुरा जीवितै चढाइन्छ ।

तनहुँको ढोरफिर्दी गाउँ विकास समितिमा यो मन्दिर अवस्थित छ । ढोर बाराही पनि छाब्दी बाराही जस्तै पूजनीय धार्मिक स्थल हो । पृथ्वीराज मार्गमा पर्ने दुलेगौंडा बजारदेखि ५ किलोमिटर दक्षिणपश्चिम कोणमा ढोरबाराही पश्चिमाञ्चलकै प्रसिद्ध धार्मिक स्थलको रुपमा रहेको कुरा भक्तजनहरुको भीडले नै यस कुराको पुष्टी गर्दछ ।[२६]

ढोर बाराहीमा भने ब्राम्हण जातिका एउटै वंशले पूजा गर्ने प्रचलन रहेको छ । यसरी ढोरबाराही धार्मिक, ऐतिहासिक र पर्यटकीय रुपले महत्वपूर्ण मन्दिर मानिन्छ । [२७]

### २.५.४. आँधिमूलबाराही

तनहुं जिल्लाको पूर्वतर्फ आँबुखैरेनी गा.वि.स. अन्तर्गत पर्ने सत्रसय फाँटको दक्षिणी भागमा दुइवटा मन्दिर, एउटा पोखरी र एउटा पौवा रहेको ठाउँ छ । मन्दिरमा भगवतीको मूर्ति स्थापित छ । यहाँको पोखरीमा सुनौला रङ्गका माछाहरु विशेष आकर्षित देखिन्छन् । आँधिमूलमा आइ दर्शन गर्नाले मानसिक शान्ति प्राप्त हुने जनविश्वास छ । यहाँ हरिबोधिनी एकादशीका दिन ठूलो मेला लाग्दछ ।

### २.५.५ थानीदेवी माई

तनहुं जिल्लामा साक्षात् अवतरित भएकी थानी देवीलाई गोरखाकी मनकामना देवीले जस्तै भक्तजनहरुको मनोकामना पूरा गर्दैछिन् भन्ने जनविश्वास छ ।

यो ठाउँ समुन्द्री सतह देखि १३०० मीटरको उचाईमा तनहुँ जिल्लामा प्रचलित तीर्थस्थलहरु मध्ये थानिदेवी माई अर्थात् थानीको थान पनि एक हो । यो जिल्लाको पूर्वी सिमानामा पर्छ । यो मन्दिर हालको वसन्तपुर गा.वि.स. मा रहेको छ । गर्भिणी अवस्थामै मरेकी मगरकी छोरीलाई वसन्तपुर डाँडामा गाडेपछि जिउँदा मानिसहरुलाई निकै दु:ख दिएकी थिई अरे । यसरी दु:ख दिएकोमा सबैले उसलाई पूजाआजा गरेर थन्काएर राखेपछि गर्भिणी भएर मरेकी

[२६] पूर्ववत् ।
[२७] पूर्ववत् ।

मगरकी छोरी शान्त भएर बसेपछि यसैको नामबाट थानीको थान रहन गएको हो भन्ने जनश्रुति पाइन्छ ।[२८]

यहाँ पूजाआजा गरी वि.सं. १९८१ सालबाट डोली भित्राउने चलन रहेको हो । वर्षको साउनको महिनामा पूजिंदैन र अन्य महिनाको सोमबारका दिन राती पुजा गरी मंगलबारका दिन डोली लाने प्रचलन भएको पाइन्छ ।

यहाँ डोली ल्याउने जिल्लाहरुमा प्रायः गरी तनहुँ, लमजुङ, गोरखा, चितवन, कास्की र काठमाडौं रहेका छन् ।

[२८] पूर्ववत् ।

## २.६ गुफैगुफाको जिल्ला तनहुँ

तनहुँ जिल्लालाई गुफैगुफाको जिल्लासमेत भनेर चिनिन्छ । यस जिल्लामा ऐतिहासिक व्यास र पराशर गुफादेखि लिएर दक्षिण एसियाकै ठूलो दाबी गरिएको सिद्ध गुफा समेत पर्दछ ।

त्यस्तै अन्य गुफाहरुमा व्यास-५ शान्तिनगरमा अनन्त गुफा, भिमादमा अर्को सिद्ध गुफा र चमेरो गुफा, व्यास ९ मा शीतलगुफा, व्यास-१ भादगाउँमा चमेरो गुफा रहेका छन् । [२९]

एसियामै ठूलो भनेर दावी गरिएको सिद्ध गुफा वि.सं. २०४४ सालमा भारत निवासी नोट्रेडम बोर्डिङ्ग स्कुलका शिक्षक वारेन्ट काट्रोस तथा बन्दीपुर निवासी चन्द्र बहादुर थापा र दुर्गाबहादुर थापाले पत्ता लगाएका हुन । करिब २ सय ४३ मी. लामो तथा ९-२५ मिटरसम्म चौडाइ रहेको उक्त गुफाभित्र फुटबल खेल्न मिल्ने ठाउँसम्म रहेको छ ।

गुफाभित्र सिद्धबाबा, गणेश, शिवलिङ्ग, श्रीपेच, खरायो, चमेरो, बाघ, गाई, नागजस्ता ऐतिहासिक एवं पुरातात्विक बस्तुहरु भेटिन्छन् । विमलनगरदेखि १०१९ मिटर लामो तथा चारफुट चौडाइ भएको सिढीमार्ग चढेपछि पौने एक घण्टामा पुग्न सकिने उक्त गुफा परिसरमा नौवटा चौतारा, दुईवटा सार्वजनिक शौचालय, १० वटा भ्यू टावर, सूचना केन्द्रका साथै खानेपानीको व्यवस्था छ ।

त्यस्तै जिल्लाकै यी सबै गुफाहरुकै पहिचान गराइ आन्तरिक एवं बाह्य पर्यटकहरु भित्राउन सक्ने हो भने जिल्लाको विकासमा टेवा पुग्ने भनाइ जिल्लावासी एवं विश्लेषकहरुको छ ।

[२९] स्रोत : अन्नपूर्ण पोष्ट, बुधबार ५ पुस २०६३

## २.७ तनहुँ जिल्लाको लोक साहित्यको स्थिति

### २.७.१ लोकगीत

कुनैपनि देशको मौलिक परम्परा रहेको हुन्छ । मौलिक सिर्जनामा नै आफ्नोपन प्रकट हुन्छ । लोकगीतपनि आफ्नै पन र मौलिकतामा अडिएको छ । मानिसको विकाससँग सँगै लोकगीतको लय र लोकगीतको विकास भएको हो । लोकलय बाट नै शास्त्रीय संगीतको विकास भएको हो । यसरी हेर्दा लोकगीतको उद्‌गम मानवजातिको उद्‌भव सँगै भएको हो ।

लोकगीतलाई परिभाषित गर्दा वसन्तको हरियालीमा चैतेहुरीमा, जेठको खडेरीमा दिनभरको थकाइमा , डम्फू, मादल, करताल, खैंजडी, मुजुरा, मुर्चुङ्गा बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्टपारी कुल्कुलाइरहेका खोलानालाको अविरल धूनमा सहेलिंदै गएका सुरिला मधुरकण्ठ, च्याङवा र च्याङवी साँहिला र साँहिलीको हृदय फुटेर आएका चोखा संगीतमय उद्‌गारलाई हामी लोकगीत भन्ने गर्दछौं ।[३०]

यसले समाजमा रहेका विविध पक्षलाई बाहिर ल्याउने गर्दछ साथै नरनारीका पीडालाई पोखेर हुलका बनाउँछ । यसरी लोकगीतले जीवनका सुखदुःख आशानिराशा आफ्नो अभिव्यक्ति दिने कार्य गर्दछ ।

तनहुँ जिल्ला लोकगीतको लागि प्रचलित हुने जिल्लाकै रुपमा चिनिन्छ । यहाँका लोक गायकहरुले आफ्ना ठाउँ विशेषलाई जोड दिई गीतका टुक्का, स्वर, लय र तालदिने गर्दछन् यस क्षेत्रका लोक गायकहरुमा प्रेमराजा महत, तीर्थबहादुर गन्धर्व, वीरबहादुर गन्धर्व, उमा गुरुङ, दुर्गा गुरुङ, शिला आले, देवी हमाल बाहेक अरु पनि धेरै छन् । प्रमुख रुपमा प्रख्यातिमा आएका यी गायक गायिकाहरुले तनहुँ जिल्लाकै नेतृत्व दिन सफल छन् ।

### २.७.२ लोककथा

कथा, दन्त्यकथा, लोककथा यी सबैले एकै कुरालाई बुझाउँछन् । लोककथा विशेष गरेर पुस्तौं पुस्ता देखि परम्परागत रुपमा मानवको मुखमुखै हुँदै आएको घटनाप्रधान कथाहरु हुन् । लोककथा पनि विशेष गरेर मनोरञ्जन प्रदान गर्ने तत्त्व हो । लोककथाका लागि श्रोता हुनु अनिवार्य छ ।[३१]

---

[३०] लक्ष्मण लोहनी, रोदीघर, २०१३, पृ. ८ ।
[३१] पूर्ववत् ।

विशेष गरी भँगेरा, बाज, सुगा, बाघ आदि देखि राज-रानी, सुनकेसरी मैयाँ, राजकुमार, राजकुमारी, सौतेनी आमा, आदिका रोचक कथाहरु सुनेर जनमानसले आनन्द लिने गर्दथे ।

लोक कथामा अतिरञ्जनाले गर्दा कथाका पात्रहरु सबै काम गर्न सक्षम देखिन्छन् । जसले गर्दा मानवहरु कल्पनामा डुब्छन् । तर कथालाई चाख मानेर सुन्दछन् । लोक कथा कुनै एक व्यक्तिले सुनाएर टुङ्गीदैन त्यसैले आफूलाई फूलको माला पहिराउँछ र सुन्नेलाई सुनको माला साथै फेरी भन्दा तुरुन्तै आइजाला भन्दछन् ।

“भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला”

## २.७.३ लोकनाटक

गीत, संगीत र नृत्य विधा मानव जीवनलाई आकर्षण गर्ने महत्वपूर्ण तत्त्व हुन कुनै कथावस्तुमा आधारित रहेर लामो कथानक गीतको रचना गरिन्छ, जहाँ गीत संगीत र नृत्य तीनै तत्वहरु रहन्छन् । त्यही नै लोकनाटक हो । वैदिक सूक्तहरु जस्तै लोक नाटकका संवादसूक्तहरु मानव समाजमा मुखमुखै पुस्तौं-पुस्ता हुँदै लेख्यरुपमासम्म आएको देखिन्छ ।[३२]

यसरी तनहुँ जिल्लामा पनि लोक नाटक आफ्नै प्रकारले विकसित हुँदै वीररसको नृत्य र गायनमा अगाडि बढेको देखिन्छ । लोक नाटकको विकास भएको छ । समुदायलाई सान्त्वना दिन र मनोरञ्जन दिन नृत्य गायन गर्ने परम्पराले विभिन्न चाडपर्वहरुमा यस्ता नृत्य गायनहरु प्रस्तुत गरिन्छ । यसरी नै लोक नाटकको विस्तार भएको देखिन्छ ।

## २.७.४ लोकगाथा

लोकगीतका तरलतम भाव र हृदय पक्षको तीक्ष्णता सँगसँगै मानव भोगाईका मर्मस्पर्शी कथा-व्यथा बोकेर लयात्मक सांगीतिक ध्वनि छर्दै एउटा कलात्मक विधाको सृजना हुन्छ, त्यो कलात्मक विधा हो लोकगाथा । मानवीय संस्कृति-संस्कारसँग हातेमालो गरेर होस् वा मानवीय अन्तर्वेदना र हर्षोल्लाससँग मितेरी लगाएर होस् लोकरञ्जनका साधनहरु बटुली मन विमुग्धकारी हँस्याइलो वा रुञ्चे स्वरुप लिएर होस् लोकगाथा जन्मन्छ र हर मानवलाई मन्त्रमुग्ध पारी आफूतिर आकर्षण गर्दछ । तनहुँ जिल्लामा पनि लोकगाथाको प्रशस्त विकास भएको पाइन्छ । यहाँका गन्धर्वहरुले पुराना राजा वा वीर पूर्खाहरुको वारेमा वीरगाथा वा लोकगाथा गाएको पाइन्छ ।

---

[३२] पूर्ववत् ।

### २.७.५ गाउँखाने कथा

मानिस बौद्धिक प्राणी हो । मनोविलासिताका विभिन्न सामाग्रीहरू वरपर राखेर उ त्यसैमा निर्लिप्त हुन चाँहदैन, समय-समयमा बौद्धिक खुराक लिन्छ र आफ्नो प्रखर विद्वताको परिचय दिन्छ । आदिम मानव आजको जस्तो भौतिक सम्पदाले सम्पन्न थिएन । एक मुखबाट अर्को मुखमा बौद्धिक विचारको आदान प्रदान गर्ने व्यवस्था थियो । आफ्नो जीवन भोगाईका क्रममा आएका महत्वपूर्ण उपलब्धीलाई कलात्मक बौद्धिक सवाल-जवाफबाट व्यक्त गरिन्थ्यो । आजको युगमा प्रचलित "हाजिरी जवाफ" जस्तै तीक्ष्ण बौद्धिकताको परिचायक अभिव्यक्तिका रुपमा "गाउँखाने कथा" लाई लिन सकिन्छ ।

### २.७.६ उखान टुक्का

आफ्ना जीवनका सुख-दुःखका भोगाइका क्रममा मानिसले बौद्धिक उदात्तता प्राप्त गर्दछ । जीवनका महत्वपूर्ण उपलब्धी र अनुपलब्धी तथा त्यसबाट प्राप्त घात प्रतिघातको बौद्धिक एवं सारगर्भित निचोड नै लोकमानसमा प्रचलित उखान हो । पुस्तेनी अनुभवबाट खारिदै आएका जीवनका विविध पक्षसँग सम्बन्धित यी सूक्तिहरु समाजका अमूल्य सम्पत्ति हुन् । यी खाँदिला र सारगर्भित उक्तिहरु साह्रै रमणीय र उपयोगी हुन्छन् । तनहुँ जिल्लामा अन्य विधाजस्तै उखानटुक्काको क्षेत्रमा पनि राम्रो प्रयोग र प्रचलन भएको पाइन्छ । आजकल पनि उखानटुक्काको प्रयोग वोल्दा होस् वा लेख्ने क्रममा होस् उत्तिकै मात्रामा प्रयोग गरिन्छ । आधुनिक लिखित साहित्य र लोकसाहित्यको संकलन गर्ने कार्यमा पनि निकै चासो देखाएको पाइन्छ । [३३]

यसरी लोक साहित्यको क्षेत्रमा तनहुँ जिल्ला राष्ट्रकै अग्रपंक्तिमा पर्दछ भन्दा अत्युक्ति हुनेछैन । लोकसाहित्यका विधाहरु लोकगीत, लोककथा, लोक नाटक, लोक गाथा, गाउँखाने कथा र उखानटुक्काको विकास तनहुँमा अपेक्षाकृत रुपमा हुँदै गएको छ । वेलाबखत लोकसाहित्यका बारेमा स्नातक र स्नातकोत्तर तहमा शोध कार्यहरु भइरहेका छन् भने संकलन गरेर  फाट्टफुट्ट किताब निकाल्ने कामपनि भइ रहेको पाइन्छ ।

[३३] मोतीलाल पराजुली, नेपाली लोकगाथा, तारादेवी पराजुली, मासवार, पोखरा, २०४९, पृ. ११ - १४ ।

## २.८ प्रमुख आदिवासीहरु

### २.८.१ मगर

आदिवासी जनजातिहरुको कला र संस्कृतिले तनहुँ धनी जिल्ला हो । सुरुमा मगर समुदायमा लोकप्रिय कौरा नृत्य अहिले गुरुङ, ठकुरी, कुमाल, दरै हुँदै अन्य जातिहरुले पनि नाच्ने गर्दछन् ।

यस भेकमा बसोबास गर्ने जाति जन जाति भन्दा आदिवासी मगर जातिका मानिसहरु यिनीहरुको आफ्नै संस्कृति आफ्नै भाषा छ । यो बाहेक खस भाषा (नेपाली) पनि जान्दछन् र बोल्दछन् । यि जातिको भेष भुषा भोटो कछाड र इष्ट कोट नै हो । यिनीहरुको सामाजिक एकता दह्रो हुन्छ र कसैलाई केही अप्ठेरो परे सबै मिली समाधान गर्दछन । रितीरिवाज चाडपर्व हिन्दु ब्राम्हण पद्धती अनुसार गर्न रुचाउँछन् । यिनीहरुको शासकलाई राजा भन्दथे भने पत्नीहरुलाई महारानी भन्दथे । यस समुदायका धेरै जसो युवाहरु लाहुरे बन्न रुचाउँछन् ।

### २.८.२ गुरुङ्ग

नेपालका अधिकांश जिल्लामा बसोबास गर्ने गुरुङ्ग जातिको आफ्नै भाषा, धर्म, कला र संस्कृति छ । पछिल्लो जनगणनाको तथ्यांकअनुसार तनहुँमा मात्र गुरुङ्ग हरुको संख्या ३९ हजार चार सय ६२ छ । जिल्लाको संख्यात्मक आधारमा मगर र ब्राह्मण पश्चात गुरुङ्ग जाति तेस्रो स्थानमा रहेको छ ।

ल्होसार गुरुङ्ग जातिको सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाड हो । यस पर्वलाई गुरुङहरुको नयाँ वर्ष सुरु भएको दिनका रुपमा धूमधामसँग मनाउँछन् । हरेक वर्ष १५ पुषका दिन धूमधामसँग मनाइने यस पर्वमा १२ वर्गलाई क्रमश : मनाउने प्रचलन छ ।

पुस १४ गते राति १२ बजे पश्चात् वर्ग फेरिन्छ भन्ने विश्वासका साथ रातभर पूजा एवं यज्ञ स्थापना गरी जाग्राम बस्दछन् र १५ गते बिहान आफ्ना पुरोहितबाट पुरुषहरु नौ गाँठोको रिपा (ग्रहशान्तिको लागि मन्त्र उच्चारणसहितको पवित्र धागो) र महिलाहरु सात गाँठोको रिपा अर्पण गर्दछन् । सोही दिन आआफ्ना नाताकुटुम्ब, इष्टमित्र र परिवारजनका साथ स्यों कैं (भोज) खाई एकआपसमा आशिमलङ (शुभकामना) साटासाट गर्दछन् । गुरुङ जातिको अन्य चाडहरुमा चण्डीपूर्णिमा, माघेस्रक्रान्ति, फाल्गुन पूर्णिमा, साउने संक्रान्ति आदि पर्दछन् ।

गुरुङ्ग जातिको प्रमुख खानामा सेलरोटी, बाक्लो मासको दाल, मासुको परिकारसँग कोदोको ढिंडो, निगाला र तामाको टुसा, गुन्द्रुक र भटमासको अचार अनि कन्दमूल पर्दछ भने नाचमा घाँटु, सोरठी, चुट्का, पाउँदुरे, छ्याङ । पोसाकमा महिलाहरु मुजेत्रो, पटुका, टिकिस, घलेक, गुन्यूचोलीमा शिरफुल, झुम्का, शिरबन्दी, चुरा र मुगाको मालाजस्ता गहनाहरु लगाउँछन् । त्यसैगरी पुरुषहरु टोपी, घुम, ठुटे, भोटो, भांग्रो, कछाड लगाउँछन् ।[३४]

## २.८.३ दरै

कुल १५ हजार दरैहरुमध्ये १० हजार दरैहरु तनहुँमा बसोबास गर्दै आएको व्यास नगरपालिकाका पूर्वनगरप्रमुख तमबहादुर दरै दाबी गर्नुहुन्छ ।

हिन्दू धर्मावलम्बीहरुले मान्ने दसैं, तिहार, माघेसंक्रान्ति, साउनेसंक्रान्ति लगायतका चाडपर्वहरु दरै जातिले मान्दै आएको पाइन्छ ।

तनहुँको फराकचौर, दुम्सीचौर, सेवर, पोल्याङ, साँगे पतेनी, पीपलटार, भादगाउँ, ढोडेनी, रानीगाउँ लगायतका क्षेत्रमा उनीहरु बस्दै आएका छन् ।

## २.८.४ कुमाल

आदिवासी जनजातिमा यो कुमाल जाति पनि पर्दछ । यिनीहरु प्राय होचो भूमि वेसी खोल्सा नदीका नजीक रहन मनपराउँछन् यिनीहरुको पनि आफ्नै भाषा भेष भुषा रीति परम्परा छ । यिनीहरुको स्वभाव पनि अलि भिन्न हुन्छ यिनीहरु हिन्दू धर्ममै आश्रित हुन्छन् । तर मर्दापर्दा आफ्नै रीतिरिवाज छ । खोलामा माछा मार्नु, यिनीहरुको जातीय धर्म हो आफ्ना पित्री श्राद्धमा समेत माछाको प्रयोग गर्दछन् । यिनीहरुको संख्या समाजमा थोरै छ । यिनीहरु कुमाल दराई (दरै) वोटे, घटवारे, एकै प्रजातिमा पर्दछन् ।

## २.८.५ चुनारा

ठेकी मादल, काठका भाँडा, मानापाथी, सान्दान जस्ता काठका भाँडाहरु बनाएर यिनीहरुले जीवन निर्वाह गर्छन् ।

जंगलमा काठ पाउन्जेल लाखौंको आम्दानी हुने जनाउँदै चुनाराहरु भन्छन् ,“अहिले त आम्दानी त परै जाओस्, पुर्ख्यौली पेसा समेत जोगाउन धौ धौ परेको छ ” तनहुँ जिल्लाको

[३४] स्रोत : अन्नपूर्ण पोष्ट, बुधबार ५ पुस, २०६३ ।

छिम्केश्वरी, धरमपानी, बन्दीपुर, आँवुखैरेनी लगायतका गा.वि.स.मा रहेका चुनारहरुले उत्पादन गरी ल्याएको काठबाट बन्ने सामाग्री आँबुखैरेनी बजारमा खरिद तथा विक्री वितरण गरिन्छ ।

चुनाराहरुबाट निर्माण गरिएका ठेकी, मादल, माना, पाथी, पुचै, पुङ, खैजडी, मदानी, सारंगी, आरी, स्वपिस, छलिको टोकरी, अम्खोरा लगायतका सामाग्री लमजुङ्ग, गोर्खा, काठमाण्डौ, चितवन, पोखरा, पर्वत, बाग्लुङ्ग, स्याङजा र म्याग्दीसम्म पठाउने गरिएको छ ।[३५]

## २.९ केही लोकबाजाहरु

समाजको हरेक क्रियाकलापमा लोकबाजाले सहभागिता जनाइ रहेको हुन्छ । शुभकार्यमा होस् वा शोकमा होस् लोकबाजाहरुले समाजमा आ-आफ्ना संस्कृति अनुरुप साथ दिइरहेका छन् । हरेक संस्कृतिक पर्व, चाडबाड, उत्सव आदिमा सहयोग पुऱ्याइरहेका हुन्छन् । सुखमा र दुःखमा पनि साथ दिइरहेका हुन्छन् । जीवनको अन्तिम यात्रा-महायात्राको शवयात्रामा समेत लोकबाजाहरुले साथ दिइरहेका हुन्छन् । शोकधुनद्धारा शोक व्यक्त गरिरहेका हुन्छन् । विविधताले परिपूर्ण नेपाली समाजले अनेकौं प्रकारका लोकबाजा प्राप्त गरेको छ । यीमध्ये कुनै बाजाले त औषधोपचारमा समेत साथ दिएका छन् । ढ्याङ्ग्रने, थाली, रिङ्क आदि बाजा उपचारहरुमा प्रयोग भइआएका छन् । रणक्षेत्रमा शङ्ख, दुन्दुभि, समर दुन्दुभि, रणभेरी वा रणसिंगा, ढोल आदि बज्ने गरेको कुरा थाहा हुन्छ । मंगलकार्य वा पूजा-आजामा मंगलबाजाको रुपमा पनि लोकबाजाहरुले आफ्नो अहं भूमिका निर्वाह गर्दै आएका छन् ।

सुसेलीपछि दुई हात ठटाएर ताली दिएर पनि कुनै बाजाको अभावलाई पूरा गर्न सकिन्छ । बाजा बिना गीत र नाच पनि चलाउन सकिन्छ भन्ने कुरा प्रमाणित हुन्छ । कुनैपनि नाचलाई गीत र बाजाको सहभागिता भए उत्तम प्रस्तुति हुनसक्छ । तर त्यस्तै अवस्थामा कुनै बाजाको सहभागिता कुनै बाजाको अभावमा आफ्नो रहर र भावना व्यक्त गर्न तालीले मात्र पनि सघाउन सक्छ भन्ने कुरा अनुभवहरुले सिद्ध गरेका कुरा हुन् ।

### २.९.१ घुँयत्रो

खेतबारीमा चराचुरुङ्गी र जनावरहरुले बाली नष्ट नगरुन भनी कुरुवाहरुले बनाएको एउटा खेलौना हो । यसमा ढुङ्गा वा अन्य वस्तु राखेर घुमाई घुमाई जनावरहरुलाई धपाइन्छ । जनावरहरुले दुःख नदिएको बेला यो घुँयत्रो घुमाई घुमाई विभिन्न धुन (आवाज) निकालिन्छ । यसैको धुनमा स्वर मिलाई खेतकुरुवाहरुले गीत गाउँछन् । यसलाई फनफनी घुमाउँदा हावामा

[३५] अन्नपूर्ण पोष्ट, ५ पुस २०६३ ।

एक प्रकारको ध्वनि पैदा हुन्छ । गतिमा भरपर्ने यसको ध्वनी मध्य र तीव्र हुने गर्छ । यसरी आवश्यकता नै आविष्कारको जननी भने झैं लोकबाजाहरु बन्दै गए होलान् भन्ने अनुमान गर्न सकिन्छ ।

### २.९.२ धनुबाजा

शिकारीहरुले शिकार गर्दा धनुकाँड भिर्ने चलन छ । शिकार गर्दा थकाइ लागेको बेला, आराम गर्दा कुनै बाजा नपाएर शिकारीले आफ्नो धनुमा रहेको ताँदोलाई नै कोट्याएर धुन निकाल्न थाल्यो । यसरी धुनमा कोट्याउँदा मीठो धुन निस्क्यो । त्यसैलाई माध्यम बनाई शिकारीले गीत गायो होला । सुर र ताल मिलेपछि के चाहियो र ? एक तार मात्र भए पनि मनोरञ्जन त भइहाल्यो । पछि लोककलाकारहरुले धनुमा रेट्न अर्को धनु (धनो) प्रयोग गरे । यसरी धनु पहिले कोट्याएर बजाइन्थ्यो भने पछि रेटेर पनि बजाइन थाल्यो ।

नेपाली लोकबाजामा धनुष बाजा र धनुष सारङ्गीको उल्लेख छ तर सारङ्गी रेट्ने धनोको उल्लेख छैन । नेपाली लोकबाजामा यस प्रकारका एकतारयुक्त तारबाजाहरु थुप्रै छन् ।

बाँस, निगाला र अन्य वनस्पतिद्धारा निर्मित लोकबाजा नेपाली लोकबाजामा पातदेखि बाँससम्म बज्ने गरेका छन् । कलिलो पातको पालुवालाई बेरेर विभिन्न आवाज (धुन) निकालेर बजाउन सकिन्छ । कुनैपनि बाजाको अभावमा यसरी पनि आफ्नो सौख पूरा गर्न सकिने उदाहरण बन्न पुगेको अनुभव हुन्छ । निगालाको बिनायो, बाँसको मुरली र बाँसुरी अनि एलम्ब बाजा (बाँसको मादल) आदि लोकबाजा निगालो र बाँसद्धारा बनेका छन् ।

यसरी नेपाली लोकसङ्गीत-संस्कृतिमा अनेकौं लोकबाजाहरु बज्दै आएका छन् । अनेक थरीका लोकबाजाहरुले आ-आफ्ना स्थान र परिवेश अनुसार अनेकौं लोकधुन र लोकगीत पनि घन्काउँदै आएका छन् । अनेकौं किसिमका लोकनाचहरु पनि नचाउँदै आएका छन् । नेपाली लोकसङ्गीत ती नै विधा गायन, वादन र नृत्यमा समृद्धीशाली छ । नेपाली समाज लोकसङ्गीतमा धनी छ । आफ्ना दुःख-सुख, पीर-मर्का र व्यथा-कथा लोकसङ्गीतकै आधारमा अभिव्यक्त गर्छन् । विरहको गीतदेखि खुशीका नाचसम्म लोकबाजाले साथ दिएको हुन्छ । लोकधुनहरुमा आफ्ना भावना व्यक्त गरिरहेका हुन्छन् । नित्य नयाँ लोकधुनको सिर्जना गरिरहेका हुन्छन् । यस प्रकारको लोकसम्पदाको रक्षामा जुट्नु, संरक्षण र प्रवर्द्धन गर्नु नेपाली मात्रको कर्तव्य हुन आएको छ ।[३६]

---

[३६] स्रोत : गो.प., २०६३ मङ्सिर २० गते, शनिबार

## २.१० निष्कर्ष

नेपाल अधिराज्यमा १४ अञ्चल ७५ जिल्ला मध्ये तनहुँ पनि एक हो । यो मध्ये पहाडी क्षेत्रमा पर्ने महत्वपूर्ण जिल्ला हो । यसको भित्री मधेश र उत्तरी पहाडको बीचमा तनहुँको भौगोलिक अवस्थित ८३°५०" देखि ८४°३४" पूर्व देशान्तर २७°४४" देखि २८°०८" उत्तरी अक्षांशभित्र फैलिएर रहेको छ । यसको क्षेत्रफल १,५४६ वर्ग किलोमिटर रहेको छ । यो जिल्लाको सीमानामा सातवटा जिल्ला जोडिएको छ । उत्तरमा लमजुङ्ग र गोरखा, पूर्वमा चितवन, दक्षिणमा नवलपरासी र पाल्पा, पश्चिममा स्याङजा र कास्की जिल्लाहरुको बीचमा रहेको छ । यस तनहुँ जिल्लाको सदरमुकाम दमौली रहेको छ ।

नदी नाला नेपालका अपार जलसम्पत्ति हुन् । यहाँका नदिनालाहरुमा नाउँदी, पाउँदी, मर्स्याङदी, चेपे, दरौंदी, सेती, काली, मादी रहेका छन् । मर्स्याङदी नदीबाट ६९ हजार किलोवाट जलविद्युत शक्ति उत्पादन गरिएको छ ।

यहाँका महत्वपूर्ण धार्मिक तथा दर्शनीय स्थलहरुमा देवघाट, ढोरबाराही, थानीदेवी माई , छाब्दीबाराही, अकलामन्दिर, चन्द्रावती महादेवस्थान, खड्ग देवी मन्दिर, आँधीमूलबाराही, गुफाहरुमा सिद्ध गुफा, व्यास गुफा, पराशर गुफा हुन् । त्यस्तै ऐतिहासिक स्थलका रुपमा हालको जिल्ला सदरमुकाम दमौली, भिमाद बजार, तनहुँसुर, बन्दिपुर र रिसिङ आदि हुन् । यहाँको जनजीवन जातजाति, संस्कृति झल्किने कुराहरु पनि रहेका छन् ।

यस जिल्लामा बसोबासको क्रममा दक्षिणी भागमा मगरहरुको बाहुल्यता रहेको छ भने यसै अन्तर्गत, मल्ल ठकुरी, मगर, गुरुङ, सार्की, छिटफुटहरुमा बाहुन क्षेत्री तथा कामी दमै आदिको बसोबास छ । जिल्लाको मध्यभाग र उत्तरतर्फ क्षेत्री, बाहुन, गुरुङ, नेवार, घर्ती, कामी, कुमाल र केही चुरेटाहरुको बसोबास भएको पाइन्छ । यहाँका मानिसहरुको रहनसहन चालचलन चाडपर्व भोजभतेर परम्परागत रुपमा चलिआएको छ । यहाँको सामाजिक रहन सहन आफ्नै संस्कार बमोजिम हुने हुँदा आफ्नै संस्कृति परम्परा अनुसारका बोलीचाली भेषभूषा आनी बानीका रहेको छ ।

यसै जिल्लाको चुँदी रम्घा भन्ने ठाउँ आदिकवि भानुभक्त आचार्यको जन्म थलो भएकाले यसलाई आदिकविको जिल्लाको रुपमा पनि चिनिन्छ । यहाँका धुरन्धर प्रतिभाहरु यदुनाथ खनाल, जूनानाथ शर्मा पण्डित, श्रीभद्र खनाल, नरहरि आचार्य, शीवराज आचार्य, जयराज आचार्य, व्रतराज आचार्य, डिल्लीराम मिश्र, वासुदेव त्रिपाठी, क्षेत्रप्रताप अधिकारी आदि जस्ता अरु पनि धेरै विद्धान् हुनुहुन्छ । यसरी जिल्लाको विकासका लागि आर्थिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, शैक्षिक र साहित्यिक हरेक विधामा जिल्लालाई अग्रपंक्तिमा लग्नको लागि

नव युवायुवतीहरुको भूमिका पनि उत्तिकै रहेको छ । यसै गरी जिल्लाका धेरै मठ मन्दिर, दर्शनीय स्थल ऐतिहासिक स्थलहरु प्रशस्त रहेका छन् ।

यहाँका भौगोलिक संरचनालाई हेर्दा यो ठाउँ पश्चिमाञ्चल क्षेत्रमा पर्ने जिल्ला हो । यही जिल्लाको छाती चिरेर काठमाडौं पोखरा जोड्न पृथ्वी राजमार्ग मुग्लीन खैरेनी डुम्रे दमौली जामुने भन्ज्याङ, खैरेनीटार, दुलेगौंडा, कोत्रेखोला हुँदै पोखरा पुगेको छ । यहाँको पहाडी धरातल हिउँ पर्ने अग्ला डाँडा छिम्केश्वरी र मिर्लुङकोट जस्ता अग्ला डाँडा रहेका छन् भने खैरेनीटार, बागटार, सागेटार जस्ता टारहरु पनि प्रशस्त रहेका छन् । भन्ज्याङहरु पनि ठाउँ-ठाउँमा नै रहेको पाइन्छ वयापानी भन्ज्याङ, छत्रे भन्ज्याङ, वर भन्ज्याङ र वेशीहरुको भौगोलिक स्वरुपले यो जिल्ला निर्मित छ ।

यहाँको लोक साहित्यका विधाहरुमा लोकगीत, लोकगाथा, लोकनाटक, लोक कथा र उखान टुक्कामा तनहुँ धनी रहेको छ । लोकगीत - झ्याउरे साथै दोहोरी गीत पनि प्रशस्त प्रचलनमा छन् । प्रेमराजा महत, तीर्थ गन्धर्व, वीरबहादुर गन्धर्व, दुर्गा गुरुङ, उमा गुरुङ जस्ता गायक गायिकाहरुले जिल्लालाई लोकगीतको लागि अग्रपंक्तिमा राखेको पाइन्छ । यसरी लोक गीत बाहेक लोक गाथालाई गाइने दाइहरुले जीवनका हरेक पक्षलाई समेट्ने गाथाहरु गाउँदै हिंडेको पाइन्छ । त्यस्तै लोक कथाहरु पनि भन्ने गरेको पाइन्छ । विभिन्न मानिसहरुको जमघट बसोबास कुराकानीका समयमा पनि लोक कथाहरु भनेको पाइन्छ । लोक नाटकका रुपमा वालुन पाङदुरे नाच आदि नाच्ने नचाउने गरेको पाइन्छ ।

# तेस्रो परिच्छेद

## ३. लोककथा सिद्धान्त

### ३.१ लोककथाको परिचय र व्युत्पत्ति

लोककथा 'लोक' र 'कथा' दुई शब्दको समासद्धारा बनेको हो । यसको शाब्दिक व्युत्पत्ति गर्दा दुई भिन्न शब्दहरुलाई छुट्टाछुट्टै हेर्नुपर्ने हुन्छ । संस्कृत व्याकरण अनुसार 'लोक दर्शने' धातुमा 'धञ्' प्रत्यय लागेर 'लोक' शब्द निर्माण हुन्छ ।[१] लोकसाहित्यका अर्थमा लोक शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । "कथ्" धातुमा 'आङ्' र 'टाप' प्रत्यय लागेर कथा शब्द निर्मित हुन्छ । लोककथाको अर्थ हुन्छ - जनताद्धारा व्यवहारमा ल्याइएको काल्पनिक आख्यानयुक्त गद्यमय रचना । अत : लोककथा शब्दको वास्तविक अर्थ लोक समुदायका व्यवहारमा प्रयुक्त काल्पनिक तथा रोमाञ्चक आख्यानयुक्त गद्य रचना भन्ने हुन्छ र त्यसलाई लोकसाहित्यमा प्रयोग गरिंदै आएको छ र नेपाली लोक साहित्यमा लोककथा शब्दलाई दन्त्यकथाको पर्यायवाची शब्दका रुपमा लिने गरिएको छ ।

त्यसैगरी अँग्रेजी साहित्यमा "फोक टेल्स" शब्दलाई लोककथाकै अर्थमा प्रयुक्त गरिएको पाइन्छ । "फोक" को अर्थ "लोक" र "टेल्स" को अर्थ "कथा" हो । अत : नेपाली लोक साहित्यमा प्रयोग हुने "लोककथा" अँग्रेजीमा प्रचलित "फोकटेल्स" शब्दको अनुवाद हो । अत : यी दुवै शब्दहरु समानार्थी वा पर्यायवाची शब्द हुन ।[२]

यसरी नै नेपाली शब्दकोषले समाज सँस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय वा जनसमूह भन्ने अर्थमा लोक शब्दलाई अर्थ्याएको छ ।[३]

त्यसैगरी हिन्दी शब्दकोषले प्राणी, दिशा, यस, कीर्ति, निवासस्थान र संसार आदि अर्थ दिएको छ ।[४]

त्यस्तै लोक शब्दको प्रयोग परमपरालाई हेर्दा ऋग्वेदमा यसको प्रयोग जनताको पर्यायवाचीका रुपमा भएको छ । "उपनिषद र महाभारतमा यसको प्रयोग संसारका अर्थमा

---

[१] मोतीलाल पराजुली, नेपाली लोकगाथा, तारादेवी पराजुली , मासवार पोखरा, २०४९, पृ. १ ।
[२] मोतीलाल पराजुली, लोककथाको अभिप्राय, २०५५, पिएच.डी. शोधपत्र ( अप्र. ) त्रि.वि. पृ. १३ ।
[३] प्रा. वालकृष्ण पोखेल (निर्देशक), नेपाली बृहत शब्दकोष, (काठ.), नेराप्रप्र २०४०, पृ. ११८८ ।
[४] रामचन्द्र पाठक (सम्पादक ) आदर्श हिन्दी शब्दकोष, बाराणसी, भागर्व बुक डिपो, १९९१, पृ. ६९१ ।

भएको पाइन्छ । यसरी नै नाट्यशास्त्रमा ग्राम्य धर्मले उक्त जनता भन्ने अर्थमा लोक शब्द प्रयोग गरिएको भेटिन्छ ।[५]

## ३.२ लोककथा : परिभाषा

लोककथा लोक साहित्यको आख्यानयुक्त गद्य विधा हो । लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरु नै लोककथा हुन् ।[६] एउटाले भन्ने र अरुले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्नेकथा पनि भनिन्छ ।[७] मानव मनका सुख-दुःखका कल्पना र भावलोकका, रुखा-सुखा घटनाहरुका प्राचीन कथात्मक अवशेषहरु जो मनोरञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुँदै आएका छन् तिनलाई लोककथा भनिन्छ वा भनौं संसारका प्राणी वनस्पतीका सुख-दुःखका मर्ममय कथा-व्यथाको आख्यानवद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुति लोककथा हुन् ।[८] लोककथा आलेख्य विधा हो । यसको स्रोत जनबोली वा जनयुक्ति हो । लोकले जे देख्यो, जे भोग्यो र जे सोच्यो ती सबै लोककथाका विषय हुन् ।[९] लोककथाले गाउँ खाने कथामा झैं मनोरञ्जन दिन्छ तर लोककथा गाउँखाने कथा झैं बौद्धिक परीक्षणमा केन्द्रित हुँदैन ।[१०] लोककथा गद्यात्मक हुन्छ ।[११] प्राचीन समयदेखि लोकसमुदायको कल्पना, अनुभव तथा ज्ञानका माध्यमबाट रचना गरेका अद्भुत, रोमाञ्चक एवं व्यवहारिक घटना संयोजन भएका पुराकथाहरु नै लोककथाका रुपमा व्यवहृत हुँदै आएका छन् ।[१२]

यसरी लोकसाहित्यको दोस्रो प्रमुख विधा मानिने लोककथा विभिन्न अवसरमा घटित घटनाहरुको नाटकीय ढंगबाट वृतान्त चित्रित गरिएको साहित्य हो । भन्ने र सुन्ने क्रममा विकसित भएका लोककथाका लागि वक्ता र श्रोता दुवैको आवश्यकता पर्दछ र लोककथाहरुले श्रोतालाई बढी मुग्ध पार्न सक्दछन् । लोककथाहरु प्राय : अतिरञ्जनात्मक, काल्पनिक र धार्मिक एवं उपदेशमुलक प्रवृत्तिका साथै भूतप्रेतको समाजमा प्रचलित अतिरञ्जनात्मक धामी, बोक्सी, जादू आदिका विविध रुपमा वर्णन गरिएका हुन्छन् । नेपाली लोककथामा “एकादेशबाट” शुरु

---

५ दिवाकर जोशी , मोदिवेनी क्षेत्रमा प्रचलित लोककथाको अध्ययन, एम.ए. शोधपत्र, (अप्र.) त्रि.वि., कीर्तिपुर, पृ. ६

६ मोतिलाल पराजुली, पुर्ववत, पृ. १३

७ प्रा. डा. चुडामणि बन्धु, नेपाली लोक साहित्य : पं.स. २०५८ (एकतावुक्स), पृ. २८४

८ पूर्ववत्

९ डा. केदार प्र. शर्मा र अरु, चौध नेपालीका कलाकारका कथा - विद्यार्थी पुस्तक पसल, पृ. ९

१० पूर्ववत्

११ धर्मराज र अरु, पृ. ९

१२ अक्सफोर्ड डिक्सनरी, संशोधित संस्करण (राजेन्द्र सुवेदी र धरणीधर गौतम, मेची अञ्चलमा लोककथाको संकलन प्रतिवेदन, २०३८, पृ. १

गर्ने र 'सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला' आदिबाट कथा टुङ्ग्याउने परम्परा व्यापक छ ।

तत्कालीन समाजको धार्मिक, सामाजिक एवं साँस्कृतिक मान्यता र परम्पराको जिउँदो रुप हो लोककथा । तात्कालीन समयको यथार्थ विवरण बोक्ने साक्षीको रुपमा लोककथालाई लिन सकिन्छ । लोककथाहरुबाट साहस, वीर र उत्साह जस्ता कुराहरु प्राप्त गर्न सकिन्छ । लोक जीवनको यथार्थ र धार्मिक अभिव्यक्तिको रुपमा लोककथाले मनोरञ्जन वा शैक्षिक ज्ञान दुवै दिने हुँदा यसका पाठक वा श्रोता सर्व साधारणदेखि लिएर बौद्धिक प्रखरतापूर्ण वर्ग समेत हुन सक्दछन् । यसरी विगतका लोक जीवनका अवशेषहरुलाई समय र स्थान अनुसार समेट्दै र सुरक्षित गर्दै प्रस्तुत गर्ने एउटा सँग्राहालयको संज्ञा दिन सकिन्छ ।

लोककथालाई पारिभाषित गर्ने सन्दर्भमा अक्सफोर्ड डिक्सनेरीले यसरी परीभाषित गरेको छ :- "युगौंदेखि मुखले भनिदैं र कानले सुनिदैं आउनाले नै आफ्नो स्थायित्व र परम्परा कायम गरेको, पुर्ख्यौली पुस्ताले भावीपुस्तामा छोड्दै गएको आख्यान न लोककथा हो भनेर भनेको छ । यसरी एक मुख र अर्को कान हुँदै अनेकौं युगका गल्छेडा काटेर आएको अलिखित र लोक जीवन सिर्जित विधि नै लोककथा हो, मौखिक कथा साहित्यका रुपमा जिवित कथा नै लोक कथा हो ।[१३]

नेपाली लोकसाहित्य बिद् श्रीरामका शब्दमा लोककथाको परिभाषा यसप्रकार छ - "लोक जीवनका सुख-दुःख, रीतिरिवाज, आस्था विश्वास र परम्परालाई अभिव्यक्त गर्ने साहित्यिक सौन्दर्ययुक्त कथन प्रणालीमा आवद्ध कथालाई लोककथा भनिन्छ । त्यसैगरी वासुदेव त्रिपाठीका शब्दमा - "लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निसानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-पुस्ता आफ्ना सम्झनामा सुरक्षित गर्दै आएका छौं ।[१४]

त्यसैगरी तुलसी दिवसका अुनसार "मानव जीवनको विविधता, मानब सभ्यता र सँस्कृतिको अभिव्यक्तिलाई लोककथा ठानेका छन् ।"[१५]

त्यसैगरी हिन्दी लोकसाहित्यका अध्येताहरु मध्ये डा. वासुदेवशरण अग्रवालको शब्दमा "विविध मानवीय मनोभावना र चलनचल्तीले लोककथाको स्वरुप निर्मित हुने ठान्दै यसलाई विश्रान्तिको साधन ठानेका छन् ।

यसरी नै डा. सत्य गुप्ताले लोककथाहरुमा लोकमानवको सवै प्रकारका भावना, परम्परा तथा जीवनदर्शनको समाहित हुने मानेका छन् ।

---

[१३] पूर्ववत्

[१४] पूर्ववत्

[१५] तुलसी दिवस, नेपाली लोककथा, २०३२, काठ. नेराप्रप्र पृ.२

यसरी ज्ञानवर्द्धन वा मनोरञ्जनको उद्देश्यले लोक मानसलाई समावेश गरी परम्परादेखी नै मौलिक रुपमा प्रचलित कथालाई डा. सत्येन्द्रले लोककथा मानेका छन् ।[१६]

यसरी विचार गर्दै जाँदा लोककथा सम्बन्धी परिभाषाहरुमा एकताभन्दा विविधता भेटिन्छ । लोककथाको व्यापक स्वरुपलाई उक्त कुनै पनि परिभाषाले समेट्न सकेको देखिदैंन र एउटै वाध्यता लोककथाको परिभाषा दिन सम्भव पनि देखिदैंन र समयमा यसरी भन्नसकिन्छ, "यसरी विगतका लोकजीवनका विविधता एवं व्यापकताका अवशेषहरुलाई समय र स्थान अनुसार समेट्दै र सुरक्षित गर्दै रहने एउटा कुटुरे सँग्राहालय हो लोककथा ।

[१६] दधिराम पन्थी, गुल्मेली नेपाली लोककथाको अध्ययन, स्नातकोत्तर शोधपत्र, २०६०

## ३.३ लोककथाका निर्माण तत्त्व :

लोककथा निर्माणका लागि आवश्यक तत्त्वहरुका बारेमा विभिन्न विद्धानहरुका आ आफ्ना विचारहरु छन् त्यसमध्ये केही विद्धानहरुमा विचार र दृष्टिकोणलाई यहाँ उल्लेख गरिएको छ । लोककथाको निर्माण हुन आवश्यक तत्वहरुका विषयमा सबैको विचार र दृष्टिकोण नमिली विविधता पनि पाइन्छ । डा. सत्येन्द्रले लोककथाका निर्धारित तत्त्वहरुलाई यसरी उल्लेख गरेका छन् ।[१७]

१) लोकमानस :- लोकजीवनमा पाइने घटना, चरित्र, सोचाइ, विचार, दृष्टिकोण, संस्कार आदि । लोकमानसको चरित्र लोककथामा उतारिएको हुन्छ । लोकको त्यो मानसिक भावभूमि नै लोककथाको निर्माण तत्त्व हो ।

२) कथारुप :- लोककथाको निर्माण तत्त्वको रुपमा विभिन्न किसिमका कथानकका रुपहरुलाई पनि लिन सकिन्छ ।

३) कथाका पात्रहरु :- लोककथामा विभिन्न खाले पात्रहरुको लोक व्यवहार, लोक मानसिकता, लोकभाषा, लोकवोली वा लोकजीवनसँग सम्बन्धित लोकपात्रहरुपनि लोककथाका निर्माण तत्त्वका आधार हुन् ।

४) कथारुढी :- लोककथाका क्षेत्रमा प्रचलित केही परम्परागत मान्यताहरु जुन पटकपटक दोहोरिन्छन्, तिनीहरुलाई कथारुढी भनिन्छ । जस्तै :- वनको राजा सिंहलाई मान्नु, मुर्खको रुपमा गधालाई लिनु, आदि केही परम्परागत रुढीहरु हुन् । एउटै ढाँचामा ढालेका ती विचारहरु समान स्थितिमा समाज मनस्थिति उत्पन्न गर्नका लागि कुनै एक कृति वा विभिन्न कृतिहरुमा पटकपटक आउछन् ।

५) सामान्य घटना :- कथाभित्र एकपछि अर्को गरेर छुट्ने कुनैपनि घटनाहरु यस अन्तर्गत पर्दछन् ।

६) संघटना :- कथाको निर्माण कसरी भएको छ, कथामा पर्ने तत्त्वहरु कसरी समाविष्ट भएका छन् आदिलाई संघटना भनिन्छ । सत्यको घटना शुरुमा राखेर कथा अघि बढाउनु, माझको कुरालाई शुरुमा राखेर अघि बढाउनु, शुरुको कथा सुरुमा राखेर कथन अघि बढाउनु आदि संघटनाका क्रम हुन् ।

---

[१७] ऐजन, पृ. २८

७)  कथानक :- कथाको त्यो न्यूनतम रुप, अविरुप, मानक रुप जसबाट अरु कथाहरु बन्दछन् त्यसलाई कथानक भनिन्छ ।

८)  उपयोगी दृष्टि :- कुनैपनि लोककथाको खास एउटा न एउटा उपयोगी दृष्टि हुन्छ । जुन कही प्रष्ट देखिन्छ त कहीं देखिएको हुँदैन ।

९)  अलङ्करण :- कथावाचकले कथालाई प्रभावकारी बनाउन विभिन्न किसिमले अलंकृत गर्न सक्दछ वा आफ्नो अनुरुप विभिन्न कुराहरु पनि थप्न सक्दछ ।

१०)  वातावरण :- वरिपरीको वातावरण अनुसार कथा परिवर्तन हुँदै जानुलाई वातावरण भनिन्छ ।

त्यसैगरी राजेन्द्र सुवेदी र धरणीधर गौतम सम्पादित प्रतिवेदनमा ३ वटा तत्वको बारेमा चर्चा गरिएको छ ।[१८]

१)  बस्तु :- उपरोक्त वर्गीकृत तत्व भित्र पर्नसक्ने विषयहरु लोककथाका विषयवस्तु बन्दछन् । यथार्थ र अयथार्थका एवं लौकिक र अलौकिक विषयका आधारमा जल, स्थल र नभका मानव-मानवेतर, सजीव- निर्जीव, चर-अचरका सम्पूर्ण पक्षहरु कथाका वस्तु र पात्र बन्दछन् । अर्थ र औचित्य प्रतीकका आधारमा मात्र अन्वेषण गर्नुपर्ने देखिन्छ ।

२)  उद्देश्य :- यसमा कुनै न कुनै उद्देश्यको निहित हुन्छ । लोककथाहरु मनोरञ्जन शिक्षा, नीतिचेतना र चेतावनीका अनेक पक्षहरुका बारेमा अनेकौं तत्वको प्राप्ति पनि लोककथाको मूल उद्देश्य भित्र रहेको हुन्छ ।

३)  वस्तु र वस्तुनिहित उद्देश्य प्रभावकारी ढंङ्गले प्रस्तुत गर्ने काम शैलीको हो । शैलीले कथालाई के-कस्तो बनाउने भन्ने कुरामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ३.४  लोककथाको उत्पत्ति

मानव समुदायमा श्रुतिकथन परम्परा अन्य विधाहरु जस्तै गतिशिल बन्दै आएको पाइन्छ । लोककथा श्रुति र कथन दुवै आधार भएकोले लोककथा कहिलेदेखि भन्न थालियो एकिन गर्न निश्चय नै कठीन कुरा हो । विद्धानहरुले केवल आ-आफ्नो अनुमानित तथ्यका आधारमा उत्पत्ति भएको मानेका छन् र हिन्दीलोक साहित्यका विशिष्ट अध्येता डा. कुन्दन लाल उप्रेतीले दिएको तथ्य बढी मनासिव लागेकोले लोककथाको उत्पत्तिको बारेमा उनले विशेष चर्चा गरेका छन् । जस्तै :-

[१८] राजेन्द्र सुवेदी र धरणीधर गौतम ( सम्पा.) मेची अञ्चलका लोककथाको संकलन (प्रतिवेदन ) २०३८, पृ. ५-६

प्रसारवादी सिद्धान्त :- लोककथा पहिले सवैतिर थिएनन् । कुनै एक ठाउँबाट नै यो सवैतिर फैलिएको हो भन्ने धारणा केही विद्धानहरुको छ ।

प्रकृतिरुपकवादी सिद्धान्त :- यस सिद्धान्त अनुसार समुन्द्र, बादल, चन्द्र, सूर्यादि प्रकृतिलाई मानवीकृत गरेर कथा भनिन र सुनिन थालिए र लोककथाले जन्म लिए ।

मनोविश्लेषणवादी सिद्धान्त :- मानिसका मनभित्र दमित विभिन्न कामवासना यौनकुण्ठाका परिणाम स्वरुप मानिसहरुले काल्पनिक संसारको कल्पना गर्न थाले र यस्ता काल्पनिक लोककथाहरु जन्मिएको हो ।

इच्छापूर्तिवादी सिद्धान्त :- मानवीय इच्छापूर्ति वास्तविक संसारबाट हुन नसक्ने हुँदा अवास्तविक संसारको कल्पना गरी त्यसै कल्पनाबाट मानिसहरुले इच्छापूर्ति गर्न थाले र यो इच्छापूर्ति गर्न विभिन्न प्रकारका लोककथाहरु सिर्जिएको हो ।

व्याख्यावादी सिद्धान्त :- कुनै कुराको व्याख्या गर्ने र विवेचना गर्ने क्रममा पनि विभिन्न लोककथाहरु जन्मिए । यसैगरी विकासवादी सिद्धान्त र यथार्थवादी सिद्धान्त अनुसार पनि कथाहरु जन्मिएको हो ।

विकासवाद :- यस मतका पक्षधर टायलरका अनुसार मानवीय कल्पना र चिन्तनको प्रक्रियाले लोककथाको उत्पत्ति भएको हो ।

यथार्थवाद :- यथार्थपरक घटनालाई वर्णन गर्ने मानवीय प्रवृत्तिबाट लोककथाको जन्म भएको हो ।

समन्वयवाद :- डा. कुन्दनलाल उप्रेतीले लोककथाको उत्पत्तिका बारेमा उपयुक्त सम्पूर्ण मनहरुलाई अपूरो ठान्दै प्रसारवाद, प्रकृतिरुपवाद, मनोविश्लेषणवाद र विकासवादका धारणाहरुलाई एकै ठाउँमा राखेर समन्वयवादी धारणालाई महत्त्व दिएका छन् ।[१९]

## ३.५ नेपाली लोककथाका विशेषताहरु

लोककथा कथा साहित्यको जननी हो । अझ स्पष्ट रुपमा त कथात्मक साहित्यको आधार स्तम्भ पनि हो । पहिले पहिले लोककथाको प्रयोग वालवालिकालाई भुलाउने, हँसाउने वा आश्चर्यचकित बनाउने कामको लागि गरिन्थ्यो । क्रमश :दुईचार जना फुर्सदमा बस्दा बसिवियाँलो गर्ने साधन, मेलापात हिंड्दा वा बेलुका घरमा परिवारहरु बसी मकै बनाउँदा कामका साथसाथै समय बिताउन लोककथा भनिने र सुनिने परम्परा अद्यावधि जीवितै छ ।

[१९] चुडामणि बन्धु

यसरी जनताका मुखमुखमा भएर भनिदै र एककान र अर्कोकान हुँदै सुनिने लोककथाको वास्तविकता नै अलिखिततामा निर्भर हुनु हो । यसरी प्रत्येक कथावाचकले आफूले भनेको कथा र प्रत्येक स्रोताले आफुले सुनेको कथा कहाँ, कहिले, कोसँग भनिएको र कुन जाति वा सामाजिक परिवेशको कथावाचकसँग सुनिएको हो सो पत्ता लगाउन कठिन छ, किनभने एक लोककथाको प्रारुप खोतल्दै जाँदा पौराणिक एवं वैदिक कालसम्म पुग्नुपर्ने हुन्छ । बेदमा भएका कथाहरुको विकास पौराणिक कालमा भएको पाइन्छ । यस्तै नेपाली लोककथाले बुधस्वामी र गुणाढ्यको वृहतकथाबाट लिखित रुप पाउन सफल भएको छ । त्यस्तै अर्कोतर्फ लोककथाको कथ्यको आधारमा एउटै कथाको परिवेश स्थान अनुसार विभिन्न रुप लिन सक्दछ । यसरी व्यक्ति, ठाउँ र समय अनुसार जाने लोककथाहरुले समाजको धार्मिक, राजनैतिक एवं आर्थिक बनोट अनुसार विषयवस्तु परिवर्तन गर्दै जान्छ । यसरी केही विषयवस्तु आयात गर्दै आफ्नो यात्रा अघि बढाएका छन् । प्राथमिक कालमा संस्कृत एवं वैदिक परम्पराबाट प्रभावित हाम्रो लोककथाले माध्यामिक कालसम्म आइपुग्दा अन्य देशका लोककथाहरुसँग पनि सम्पर्क गर्ने अवसर पाउँदछ ।  यही सम्पर्कको कारणले वीरसिक्का, वेताल पञ्चविशंति, अवलामैयाको कथा, तोतामैनाको कथा, मधुमालती जस्ता कथाहरु देखिन्छन् । जसमा वैदिक चातुर्य, मनोरञ्जन एवं अदम्य उत्साह भरिएका हुन्छन् । समय समयमा रंगिला, रसिला कथा सुन्ने, श्रृंगारिक नाटकहरु हेर्ने, मध्यकालीन नेपाली समाजमा लोककथाहरु पनि मनोरञ्जनकारी एवं ऐयारी नै देखिन्छन् ।

नेपाली लोककथाका विशेषताहरुलाई विभिन्न अध्येताहरुले यसरी उल्लेख गरेका छन् - लोककथाका विशेषताको चर्चा गर्दा सर्वप्रथम (१) सत्यकथाका रुपमा भनिने मिथककथा र किंवदन्तीजस्ता कथाहरु र (२) मनोरञ्जनका रुपमा भनिने परीकथा, नीतिकथा र पशुका कथाहरुलाई छुट्टयाउनुपर्छ किनभने तिनका विशेषता भिन्न छन् ।[२०]

उपदेशात्मकता : (बौद्धिक एवं नैतिक सन्देशात्मक)

लोककथाको उद्देश्य उपदेश दिनु वा नैतिक सन्देश दिनु हो । उमेर पुगेका, संसार भोगेका बुढाबुढीहरुले आफ्ना सन्तानहरुलाई बौद्धिक ज्ञान र नैतिक सन्देश दिने उद्देश्यले विभिनन किसिमका देवी-देवताका, राजाहरुका पराक्रम, सूरता, वीरताका कथाहरु सुनाउने गर्दछन् । यसरी प्रत्यक्ष रुपमा यस्ता कथाहरु सुनाइ अप्रत्यक्ष रुपमा तिनीहरु पनि यस्तै बहादुर बन है भन्ने सन्देश दिएको देखिन्छ, जसले गर्दा सन्तान वा वाल-वालिकाहरुलाई त्यस्ता राम्रा कार्यमा लाग्न प्रेरणा मिल्छ ।

---

[२०] चुडामणि बन्धु, नेपाली लोक साहित्य, एकता बुक्स, काठ. २०५८, पृ. २८६

कालपनिक प्रबलता :- लोककथा वास्तवमा कल्पनाकै उपज हो । त्यसैले कल्पनाको प्राचुर्य लोककथामा भेटिन्छ । लोककथाहरु कल्पनाकै आधारमा यथार्थ एवं रोचक बन्दछन् । विभिन्न किसिमका लौकिक कथाहरु भन्ने र सुन्ने परम्परा हाम्रो नेपाली परम्परामा अझै जीवितै छ ।

सरलता एवं सुगमता :- लोककथा ग्रामीण समाजको उपज हो । सरल शब्द एवं स्वभाविक घटनाहरुको तारतम्य मिलाएका लोककथाहरुका निर्माता कुनै विश्वविद्यालयबाट शैक्षिक योग्यता लिएर आएका व्यक्ति हुँदैनन् । उनीहरु त हाम्रै ग्रामीण समाजकै अनुभवी व्यक्तिहरु हुन् जसले लोक भाषाहरुमा आफ्ना कथाहरु रच्दछन् । यसका श्रोताहरु पनि प्राय अशिक्षित अनि ग्रामीण समाजकै हुन्छन् । यस्ता कथा सरल एवं सरस भएकोले श्रोताहरु सामान्य बालबालिकादेखि लिएर युवा, वृद्धहरु समेत हुन्छन् । यसरी हेर्दा सरलता लोककथाको प्राकृतिक गुण वा प्राण नै हो ।

कथावस्तुको रोचकता :- विशेषगरी नेपाली लोककथाको कथानक प्रेमप्रधान रहेका हुन्छन् । मानव जीवनमा प्रेम स्वभाविक रुपमा रहेको हुन्छ, यस्तै गरी नेपाली लोक जीवनको चोखो प्रेम वर्णन गरिएका लोककथाहरु मनोरञ्जनात्मक हाँस्य प्रधान हुन्छन् । यसको कथावस्तु रोचक हुन्छ ।

मूलप्रवृत्तिको साहचर्य :- मानवहृदयमा सुसुप्त रहेका काम, क्रोध, लोभ, ठगी आदि प्रवृत्तिहरुलाई नै आधार मानेर नेपाली लोककथाहरु रचिएका छन् वा नेपाली लोककथाका पात्रहरुमा यी प्रवृत्तिहरुले नेपाली लोक जीवनलाई राम्रो कार्य गर्ने हौसला र मूलतः व्यवहारले पछुताउनुपर्ने स्थिति र त्यस्तो कार्यमा नलाग्ने पाठ सिकाउँछ । साथै मंगलकामना वा मानव जीवनमा सुख शान्तिको साहचर्य भरिन्छ ।

ऐतिहासिक प्रवृत्ति :- नेपाली लोककथाहरुले नेपाल र नेपालीको ऐतिहासिक तथ्यलाई समेटेको हुन्छ । नेपाली जाति, थर, नेपालका विभिन्न स्थल, मठ-मन्दिर, देवीदेवता आदिको उत्पत्ति एवं विकास सम्बन्धी लोककथाहरुले ऐतिहासिक तथ्यहरुलाई समेटेका हुन्छन्, जसले ऐतिहासिक अध्ययन, अनुसन्धानका लागि विशेष सहयोग पुऱ्याउँदछन् ।

सामाजिक प्रवृत्ति :- नेपाली लोककथामा लोकजीवनको सजीव वर्णन भएको पाइन्छ । नेपाली समाजमा रहेका आस्था, मान्यता, कार्यप्रणाली, पारिवारिक परिवेश एवं व्यवहार, जाति, भाषा आदि विविध सामग्रीको परिपाक हुने लोककथा । समाजमा प्रचलित मूर्त वा अमूर्त दुवै तथ्यहरु वा लोकमानसका सामाजिक आवश्यकता, घटना, जनभावना, प्रतिविम्व

भएका लोककथाहरुमा समाजका यथार्थ चित्र हेर्न सकिने सफा ऐनाको रुपमा लिइन्छन् । यसरी हेर्दा सामाजिक प्रवृत्तिको कथाको ठूलो विशेषता हो ।

साँस्कृतिक एवं धार्मिक प्रवृत्ति :- नेपाली लोकजीवन इश्वर र धर्मप्रति आस्थावान रहेको छ । साथै यहाँको साँस्कृतिक परम्परा पनि धर्मकै आडमा हुर्केको छ । यसरी हेर्दा धर्म र संस्कृति एक अर्काका पूरक हुन् । ईश्वरप्रति निष्ठा एवं धर्मप्रति आस्था राख्ने नेपाली लोक जीवनले साँस्कृतिक परम्परालाई धर्ममूलक बनाएको छ । दैवी र अलौकिक लोककथाहरु यसैका उपज हुन् ।

अन्धविश्वास :- नेपाली समाजले आँफु के हुँ र आफुँ रहेको वर्तमान समाज के हो ? भन्ने कुरालाई भुलेर ईश्वर या अलौकिक शक्तिको विश्वासमा रहेको परम्परागत मान्यतालाई अन्धानुकरणको रुपमा आत्मसात गरेको छ । भूत, पिशाच, डाइनी, बोक्सी, धामी, झाँक्री जस्ता अलौकिक एवं काल्पनिक विश्वासलाई लिएर लेखिएका लोककथाहरु यिनै अन्धानुकरण प्रवृत्तिका उपज हुन् ।

भाग्यवादी प्रवृत्ति :- इश्वर नै स्रष्टा, जन्मदाता, पालनकर्ता, अनि संहारकर्ता मान्ने नेपाली समाज सम्पन्न हुन, असम्पन्न हुनु, आदि सम्पूर्ण कुरामा आफ्नो भाग्य नै हो भन्ने ठान्दछ । यिनै भाग्यवादी प्रवृत्तिमा आधारित लोककथाहरु ईश्वरप्रति बढी आस्थावान रहेका हुन्छन् ।

अतिशयोक्तिमूलता :- नेपाली लोककथाहरु सामान्य कुरालाई बढाइ चढाइ गरी अतिशयोक्तिपूर्ण तरिकाले भनिन्छन् । यस्ता कपोकल्पित कथा र उपकथाहरु भनेर फुर्सदको समय बिताउनु, कठीन समयबाट निवृत्त भएको बेला मानसिक शान्ति प्राप्त गर्नु , कथा भन्नेले भए नभएका फुँदा गासेर कथालाई सिंगारपटार गरेर सबै स्रोताहरुलाई एकछिन भएपनि मख्ख पारी कौतुहल सिर्जना गर्नु आदिले नेपाली लोककथामा वास्तविकता भन्दा अवास्तविकता बढी मात्रामा देखिन्छ । संसारमा हुनै नसक्ने वा मानिसले गर्नै नसक्ने अथवा असंभव लाग्ने कार्यहरु लोककथाका सामान्य पात्रले सजिलै पूरा गरको देखिन्छ ।

प्रकृतिमूलकता :- नेपाली लोककथाहरु देशको प्रकृति भौतिक बनावट, सामाजिक वातावरण आदिलाई समेटेर अघि बढेका छन् । प्राकृतिक वस्तुलाई सजीवता प्रदान गरेर रचिएका लोककथाहरुमा पशुपंक्षी, चराचुरुङ्गी एवं फलफूलमा पनि ईश्वरीय शक्ति छ भन्ने देखाइएको हुन्छ । सामान्यत निर्जीव र अज्ञानी जस्तो लाग्ने यी पात्रहरुका कार्यले अपार शक्तिको संकेत दिन्छ

यसरी लोककथाका यी विविध विशेषताहरुलाई बोकेर आफ्नो यात्रामा अघि बढिरहेको छ । यद्यपि समय, स्थान र व्यक्ति अनुसार कथाले नयाँ-नयाँ रुप लिँदै जाला तर यी प्रवृत्तिहरु जस्ताका तस्तै रहन्छन् ।

## ३.६ लोककथाको वर्गीकरण

लोककथालाई सरल र सहज तरिकाले अध्ययन गर्नका लागि यसको वर्गीकरण गर्नु आवश्यक छ । वर्गीकरण जति आवश्यक छ उत्तिकै कठीन पनि रहेको छ । लोककथाको निश्चित र सर्वमान्य वर्गीकरण गर्न अप्ठ्यारो हुनुमा यसको असीमित व्यापकता प्रमुख कारण बनेको छ । जति विस्तृत र व्यापक रहेतापनि बैज्ञानिक वर्गीकरण पहिल्याउनु यस शीर्षकको उद्देश्य एवं लक्ष्य रहेको छ ।

पूर्वीय साहित्य एवं संस्कृतका लोकसाहित्यविद् वा आचार्यहरुले पनि लोककथाको बारेमा गहन अध्ययन, विश्लेषण गरेका थिए जसलाई यहाँ प्रस्तुत गरिएको छ- संस्कृतका प्राचीन आचार्यहरुले लोककथाको बर्गीकरण दुई भागमा गरेको पाइन्छ । आचार्य आनन्दवर्धनले लोककथालाई परीकथा, सकलकथा र खण्डकथा गरी तीन वर्गमा बाँडेका छन् ।

आचार्य हरिभट्टले अर्धकथा, कामकथा, धर्मकथा र संकीर्ण कथा गरी चारवटा वर्गमा विभाजन गरेका छन् । संस्कृतका आचार्यहरुले वर्गीकरणमा मूलतः विषयवस्तुलाई मापदण्ड बनाएका छन् । विषयवस्तुको सम्भावित व्यापकतालाई हेर्दा उक्त वर्गीकरणले पनि सवैलाई समेट्न नसकेको देखिन्छ ।

भारतीय लोकसाहित्यका अध्येताहरु मध्ये डा. दिनेशचन्द्र सेनले लोककथालाई ४ भागमा - रुपकथा, हास्यकथा, धार्मिक कथा र गीतिकथा गरी चार भागमा वर्गीकरण गरेका छन् ।

कृष्णदेव उपाध्यायले ६ भागमा- प्रेमकथा, उपदेशकथा, सामाजिक कथा, व्रतकथा, मनोरञ्जनकथा र पौराणिक कथामा विभाजित गरेका छन् ।

भूपेन्द्रनाथ राय चौधरीले शौर्यपूर्ण, कौशलपूर्ण, कौतुहलोद्धीपक आदि गरेर दशभागमा वर्गीकरण गरेका छन् ।

डा. कुन्दनलाल उप्रेतीले पनि दशै भागमा लोककथालाई विभाजन गरेका छन् ।[२१]

---

[२१] पूर्ववत

त्यसैगरी पश्चिमी लोक साहित्यका अध्येताहरुले पनि लोककथाको वर्गीकरण आ-आफ्नै प्रकारले (तरिकाले) गरेको देखिन्छ । सर जर्ज गोमेले लोककथालाई- लोककथा, वीरगाथा, गीतिकथा र जनश्रुति गरी ४ भागमा वर्गीकरण गरेका छन् ।

स्टिभ थमसनले लोककथालाई किंवदन्ती, परीकथा, पशुपंक्षीकथा, नीतिकथा र पौराणिक कथा गरी ५ भागमा विभाजन गरेका छन् ।[२२]

नेपालीलोक साहित्यका अध्येताहरुले पनि लोककथालाई वर्गीकरण गर्ने प्रयास गरेका छन् । तुलसी दिवसले लोक साहित्यलाई निम्नलिखित दश भागमा विभाजन गरेका छन् : [२३]

१. सांस्कृतिक - ऐतिहासिक लोककथाहरु

२. अर्ती-उपदेशका लोककथाहरु

३. पशुपंक्षीका लोककथाहरु

४. मानव विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरु

५. अतिमानवीय रुपमा लोककथाहरु

६. दैवी लोककथाहरु

७. फलफूलका लोककथाहरु

८. साहस तथा वहादुरीका लोककथाहरु

९. धार्मिक लोककथा र

१०. विविध लोककथा

डा. सत्येन्द्रले ब्रज भाषाका क्षेत्रका लोककथाको वर्गीकरण गर्दा मूलत : ३ प्रकारले (१) गाथा, (२) अवदान र (३) कथा भनेर छुट्टयाएपनि ९ प्रकारले विभाजित गरेका छन् । ती हुन् - गाथाहरु, पञ्चतन्त्रीय कथाहरु, परीका कथाहरु, विक्रम कथाहरु, बुझौलहरु, निरीक्षण गर्भित कथाहरु, साधु सन्तका कथाहरु, कारणनिर्देशक कथाहरु र वालकथाहरु । यसरी नै मैथिली लोककथाको वर्गीकरण गर्दा (१) नीतिकथा, (२) व्रतोपासना सम्बन्धी कथा, (३) रुपकथा अथवा कौतुककथा, (४) हाँस्यव्यङ्ग्य कथा, (५) वालकथा भनी छुट्टयाइएको पाइन्छ ।[२४]

अतः विभिन्न विद्वानहरुले लोककथाका बारेमा जे-जति अध्ययन विश्लेषण गरेर वर्गीकरण गरेतापनि सर्वसम्मत वर्गीकरण कसैको पनि नदेखिएको हुँदा सारसंक्षेपमा सवैलाई समेटी सकेसम्म सान्दर्भिक हुने ठानी यहाँ उल्लेख गरिएको छ :-

१. पौराणिक लोककथा

---

[२२] ऐजन

[२३] तुलसी दिवस, नेपाली लोककथा केही अध्ययन ( नेराप्रप्र ) काठ. २०३३, पृ. ३८

[२४] पूर्ववत्

२.	अलौकिक लोककथा,
३.	उपदेशात्मक लोककथा,
४.	शौर्यता र कौशलतापूर्ण लोककथा,
५.	सामाजिक लोककथा,
६.	जीवजन्तु सम्बन्धी लोककथा र
७.	विविध लोककथा

## ३.७ लोककथाका तत्त्वहरू

लोककथा नेपाली लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । निजात्मक वैशिष्ट्य एवं निजात्मक तत्त्व-निष्ठाका आधारमा लोककथाले छुट्टै पहिचानगत अस्तित्व कायम गरेको हुन्छ । यसले लोकजीवनको समग्र पक्षको चित्रण गरेको हुन्छ । कथालाई साँगोपाङ्गो र स्वस्थ तुल्याउन लोकजीवनका आन्तरिक र वाह्य हरेक पक्षहरु उत्तिकै सलवलाएर समाविष्ट हुन्छन् । लोककथाका वाह्यपक्षलाई स्थुल वा मूर्त उपकरण र आन्तरिक पक्षलाई सुक्ष्म वा अमूर्त उपकरणको रुपमा चर्चा गरेको पाइन्छ ।[२५] लोकको बोली, व्यवहार, सभ्यता, संस्कार, दृष्टिकोण, कार्यशैली, जीवनपद्धति, अर्न्तसम्बन्ध, लोकविश्वास, जीवनस्तर, मूल्यमान्यता, पेशा, रहनसहन, परिवेश र चिन्तन धारणा आदि तमाम कुराहरु लोककथामा आवश्यकता अनुरुप अन्तर्भाव भइ कथा सिर्जनमा सहयोग पुऱ्याएका हुन्छन् । लोककथालाई परिपाक अवस्थामा पुऱ्याउने सम्पूर्ण उपकरण वा व्यञ्जनको आधार नै लोकजीवन हो । लोकमानसकै मनोरञ्जनको उद्देश्यपूर्तिका निम्ति कथा विभिन्न परिवेश र विषयका आधारमा रसिएका हुन्छन् । त्यहींकै रुचि र त्यहिंकै लक्ष्यप्राप्ति हेतु लोककथाले आफ्नो जीवनमूल्य अर्पण गर्दछ ।[२६]

कथाको यही मूलमर्म र संगठित अवयवका आधारमा तत्त्वहरु निर्धारण गरिएको हुन्छ । लोककथा सिङ्गो लोकसाहित्यकै मूख्य अङ्ग भएकोले यसमा पनि लोक साहित्यका मूलभूत केही तत्त्व र केही आफ्नै निजात्मक एवं वैशिष्ट्य तत्त्वहरु रहेका हुन्छन् । लोककथामा प्रमुख तत्त्व वा उपकरणलाई मुख्य रुपमा दुई वर्गमा छुट्टयाइएको छ । स्थूल विभाजन अन्तर्गत कथानक, चरित्र र परिवेश पर्दछन् भने सूक्ष्म अन्तर्गत विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दु पर्दछन् ।[२७]

[२५] मोहनराज शर्मा, समकालीन समालोचनाको सिद्धान्त र प्रयोग, २०५५, ने.रा.प्र.प्र., कमलादी, पृ. ३८४
[२६] पूर्ववत्
[२७] पूर्ववत्

यसरी लोककथाका लागि आवश्यक पर्ने निर्माण तत्त्वहरुको बारेमा लोक साहित्यकार अध्येताहरुले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । लोककथाको निर्माण तत्त्व ६ वटा पाइन्छ ।

### ३.७.१ कथावस्तु (कथानक)

कथानक लोककथाको शरीरको मेरुदण्ड जस्तै महत्त्वपूर्ण तत्त्व वा उपकरण हो । कथामा उत्सुकता र संयम जगाउने गरी व्यवस्थित घटना र चरित्रको संगठनलाई कथानक भनिन्छ । जसरी शरीरविना जीवनको कल्पना गर्न सकिँदैन, त्यसरी नै कथावस्तु बिना लोककथा नै बन्न सक्दैन । सामान्यतः सबै अङ्ग अर्थात् आदि, मध्य र अन्त्य भाग मिलेर विकसित अवस्थामा पुगेको हुन्छ । कथावस्तुको विषय प्रस्तुति तथा आङ्गिक संयोजनका क्रममा पात्र, परिवेश, शैली, सहायक सिद्ध बनेर आएका हुन्छन् । कथाबस्तु - जहाँका जस्ता पनि हुनसक्छन् - जस्तै लौकिक, अलौकिक, काल्पनिक, भावात्मक, आदि । त्यसैगरी कथानक विषय र घटनाका प्रकृति अनुसार लामा, मझौला र छोटा पनि हुन्छन । अन्त्यमा कथावस्तु, संयोगान्त र वियोगान्त हुन्छन् ।

### ३.७.२ पात्र/चरित्र :

लोककथामा दोस्रो महत्त्वपूर्ण तत्त्वको रुपमा पात्र रहेको हुन्छ । कथालाई कथावस्तु अनुसार अगाडि बढाउने वा के कसरी कुन माध्यम वा तरिकाद्धारा अगाडि बढाउने ? भन्ने काम पात्रले गरेको हुन्छ । अर्थात् कथाको विषयवस्तु र आयतन अनुरुप पात्रको चयन गरिएको हुन्छ । कथामा पाइने ती व्यक्तिहरुलाई पात्र वा चरित्र भनिन्छ, जो नैतिक र अभिवृत्तीय गुणहरुले मुक्त हुन्छन् । पात्रलाई कथाको सहयोगी पनि भनिन्छ । कथामा मानव र मानवेत्तर, सजीव र निर्जीव, लौकिक र अलौकिक, सूक्ष्म र स्थूल, जे पनि हुन सक्छन् । मानवीय पात्र अन्तर्गत - राजपरिवार, मन्त्री, वीरपुरुष, साधुमहात्मा, किसान, गरीब, टुहुरा, आदि पात्र आउनसक्छन् भने, मानवेत्तर पात्रका रुपमा बाघ, भालु, हात्ती, घोडा, कुकुर, विरालो, स्याल, मुसा, जरायो, सुगा, मैना, आदि पशुपंक्षीहरु आएका हुन्छन् । त्यसैगरी अलौकिक तथा अति मानवीय पात्रका रुपमा देवीदेवता, अप्सरा, गन्धर्व, भूतप्रेत, राक्षस र निर्जीव पात्रका रुपमा ढुंगा, माटो, पहाड, नदीनाला, आकाशपाताल, ग्रह नक्षत्र तारा, वन जंगल आदि आउन सक्छन् ।

त्यसैगरी पात्रहरु गतिशील र गतिहीन वा सक्रिय र निस्क्रिय गरी २ थरीका हुन्छन् । अर्को हिसावले राम्रो र असल पात्रलाई सत्पात्र र खराब काम गर्नेलाई असत्पात्र भनेर पनि

छुट्ट्याइन्छ । त्यस्तै कथामा कहीं धेरै पात्र हुन्छन् त कुनै कथामा कमी (न्यून) संख्यामा पनि रहेका हुन्छन् । कुनैपात्र आधुनिक वा शिक्षित हुन्छ भने कुनै पुरातनवादी हुन्छ, कुनै मुख्य पात्र हुन्छ भने कुनै गौण वा सहायक पात्रको रुपमा पनि रहेको हुन्छ ।

### ३.७.३ परिवेश

लोककथामा वर्णित वरिपरीको वातावरण वा सेरोफेरो यसमा पर्दछ, जस्तै ग्रामीण जनजीवन, शहरीया जनजीवन, दरवारिया वातावरण, स्वदेशको परिवेश, परदेशको वातावरण, आदिलाई समेटेको हुन्छ । कथावस्तुको आधारमा वातावरण वा परिवेशको सृजना भएको हुन्छ ।

### ३.७.४ उद्देश्य

लोककथाको अर्को महत्वपूर्ण तत्त्व उद्देश्य हो । लोककथा भन्नु वा सुनाउनुको पछाडि कुनै न कुनै प्रयोजन रहेको हुन्छ । अर्को शब्दमा प्रयोजन नै उद्देश्य हो । कथावस्तुको मुख्य निचोड वा सार भनेकै रसानन्द वा मनोरञ्जन प्राप्त गर्नु हो । धार्मिक - नैतिक उपदेश तथा सन्देश दिनु र सामाजिक तथा मानवीय विकृति विरुद्ध वितृष्णा जगाइ मानव तथा समाज सुधारको दिशामा श्रोतालाई अभिप्रेरित गर्नुपनि यसको अर्को उद्देश्य हो । त्यसैगरी यसका साथ साथै सामाजिक अन्याय, मानव शोषण र मानवीय कूकृत्यका विरुद्ध घतिलो तथा चोटिलो व्यङ्ग्य प्रहार गरी समाजलाई सही र असल मार्गमा डोऱ्याउने उद्देश्य लिएको हुन्छ । त्यसकारण जुनसुकै लोककथामा यिनै उपलब्धीहरु मध्ये एउटा न एउटा उपलब्धी, सारवस्तु वा उद्देश्यको रुपमा प्राप्त भएको हुन्छ ।

### ३.७.५ भाषा

लोककथामा भाषाको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ । भाषा विचारव्यक्त गर्ने सवैभन्दा महत्त्वपूर्ण तत्त्व हो । कथावस्तुका आधारमा त्यहाँको परिवेश सुहाउँदो पात्रले आफ्नो भाषा प्रयोग गर्नुपर्छ । भाषा लोक भाका र सो अनुसारको हुनुपर्छ । सर्वसाधारण जनताले बुझ्ने सरल र सहज, स्थानीय प्रभाव परेको भाषा लोककथामा हुन्छ । तर कतै शिक्षित व्यक्तिले प्रयोग गर्ने भाषा स्तरीय पनि हुनसक्छ ।

### ३.७.६ शैली

लोककथाको शैली अत्यन्त सरल, सहज र स्वभाविक खालको हुन्छ । लोककथा ग्रामीण निरक्षर तथा आफ्नो जीवन भोगेर संसार देखेर अनुभव सँगालेका सर्वसाधारण व्यक्तिहरुको भाषिक शैली सरल हुन्छ, साधारण हुन्छ । स्तरीय र क्लिष्ट एवं अन्य लेख्य साहित्यमा जस्तो घुमाउरो वा अलंकारिक खालको हुँदैन । त्यहाँ कृतिमता हुँदैन प्राकृतिकता हुन्छ, त्यसकारण - लोकजीवनका हृदयको भाव व्यक्त गर्ने ग्रामीण भाषिक शैली नै लोककथाको पहिचान हो ।

## ३.८ नेपाली लोककथाको सङ्कलन तथा अध्ययन-परम्परा

नेपाली भाषाको निर्माणका साथ नेपाली लोककथाको अस्तित्व स्वीकार गर्न सकिन्छ । भाषाको इतिहास लेख्नेहरुले वि.सं. १२ औं शताब्दीमा नेपाली भाषाको निर्माण भएको देखाएका छन् । लोककथाको व्यवहार गर्न भाषालाई लिखित रुपमा आइरहनुपर्दैन । आज पनि कतिपय भाषाहरु अलिखित अवस्थामा छन् । तर तिनमा कथा भन्ने र सुन्ने परम्परा छ । नेपालको हिन्दू, बौद्ध-परम्पराका साथै विभिन्न जनजातीय परम्पराका कथाहरू समाजमा मौखिक परम्परामा हस्तान्तरण हुँदै आएका छन् । लोककथालाई सङ्कलन र प्रकाशन गर्न थालिएको वि.सं. १९९६ देखि नै हो ।

नेपाली भाषाका कृतिहरुमा ऐटन (१८७७) ले अँग्रेजी भाषामा लेखेको व्याकरण पनि पर्दछ । यस कृतिमा मुन्सीका तीन आहानहरू पनि प्रकाशित छन् । बनारसमा पुस्तकहरुको प्रकाशन थालिएपछि बहत्र सुगाको कथा (१८८०), लालहीराको कथा (१८८०, बेतालपंचविंशतिका (१८९३), वीरसिक्का (१९४६), तीजको कथा (१९४८), प्रल्हाद भक्तिकथा ( १९४८), स्वस्थानीव्रतकथा (१९४८), बेतालपच्चिसी (१९५२), नलदमयन्तीको कथा (१९५५) र अचम्मका बच्चाको कथा (१९५५), अपूर्वमैंयाको कथा, बालचन्द्र शर्माका गुलबकावली, हातिमताइको कथा (१९८१), सुन्नेकथा, सिंहासन बत्तीसी (१९८२), हरिश्चन्द्रको कथा, वीरवल कौतुक (१९८२), तोतामैनाको कथा (१९८४), मधुमालतीको कथा (१९९६) आदि केही प्रमुख आख्यानात्मक कृति प्रकाशित भएका छन् ।

तर लोकव्यवहारमा प्रचलित लोककथाहरुको सङ्कलन भने विक्रमको बीसौं शताब्दीको अन्तिम दशकमा हुन्छ । बोधविक्रम अधिकारीद्धारा सम्पादित १२ लोककथाहरुको संग्रह नेपाली दन्त्यकथा (१९९६) आजसम्मको एउठा प्रसिद्ध सङ्कलन हो । वि.सं. १९९९ मा नेपाली भाषा प्रकाशिनी समितिले लोककथाहरुको सङ्कलन गरी पठाउनका निम्ति सूचना जिल्लाहरुमा पठायो । संस्थागत रुपमा लोककथाको सङ्कलनमा रुचि देखाउने यो ऐतिहासिक प्रयास थियो ।

ललितजङ्ग सिंजापतिको दन्त्यकथामाला (२००३) मा २६ ओटा लोककथाहरुको सङ्कलन छ । सिंजापतिको नेपाली ऐतिहासिक कथासँग्रह (२००८) मा जात्रा, चाडपर्वसँग सम्बन्धित २० कथाहरु छन् ।

यस्तै सुवर्ण शमसेर ज.ब.रा. को दन्त्यकथा (२००५) मा परम्परासँग सम्बन्धित नौ कथाहरु छन् । यस पुस्तकको भूमिकामा दन्त्यकथाको महत्त्वबारे जोड दिइएको छ र प्रस्तुत दन्त्यकथाहरु सुनेकोबाट जस्ताको तस्तै सारिएको हो भनिएको छ । काजीमान कन्दङ्वाको आठ कथा (२०१०) मा आठैवटा कथा छन् ।

लोककथाका पुस्तकहरु बालबालिकाहरुलाई सरल र सुपाठ्य लोककथाहरु दिने उद्देश्यले पनि तयार भए । शिवमणि प्रधान र अमरमणि प्रधानको कथाकहानी (१९५४ ई.) एउटा यस्तै प्रकाशन हो ।

जुजुराम कुस्लेको सुनौला कथा (२०१६) नेपाली लोककथाहरुको सङ्कलन हो । बादलकी रानी (२०१६) कथासँग्रह पनि प्रकाशित भयो । करुणाकर वैद्यको नेपाली दन्त्यकथासँग्रह ( २०२२) मा बालबालिकाहरुका निम्ति १८ ओटा कथाहरुको सङ्कलन छ । हिन्दीमा नेपालकी लोककथा ( १९६५ ई.) शीर्षकमा एउटा सङ्कलन गोविन्द चालकले तयार गरेको पाइन्छ । यो नेपालीमा सङ्कलित कथाहरुको सरल हिन्दी रुपान्तर हो । यसमा दशवटा कथाहरु सङ्कलित छन् ।

इमानसिंह चेमजोङको किराँती दन्त्यकथा (२०२१) मा किराँती समाजमा प्रचलित १९ दन्त्यकथाहरु छन् । ललितजङ्ग सिंजापतिको नेपालका लोककथा (२०२४) मा विशेष गरी पौराणिक कथाहरु सङ्कलित छन् । यसमा विशेष गरी काठमाडौं उपत्यकाको उत्पत्तिबारेका विविध २५ कथाहरु छन् । पासाङ गोपर्माको बुहारी (२०२४) मा पनि पूर्वी नेपालमा प्रचलित आठ स-साना लोककथाहरु सङ्कलित छन् ।

हाम्रो साँस्कृतिक पत्रिकाले लोककथा विशेषाङ्कहरु प्रकाशित गरेको छ । पहिलो (२०२७ जेष्ठ) मा ५१ कथाहरु, दोस्रो (२०२७ पौष) मा २६ लोककथाहरु, तेस्रो (२०२८ जेठ) मा ५२ लोककथा, चौथो (२०२८ पौष) मा २७ ओटा कथाहरु छन् ।

कर्णाली लोकसँस्कृति : खण्ड ५ (२०२८) मा प्रदीप रिमालले बालकथा लगायत १० कथाहरु सङ्कलित गरेका छन् । यी कथाहरु जुम्लाबाट सङ्कलित हुन् ।

करुणाकर वैद्यको नेपालका लोककथाहरु २०२८ सालमा प्रकाशित भएको छ । यिनकै नेपाली लोककथा र किंवदन्तीहरु मा अँग्रजी भाषामा १८ ओटा कथाहरु छन् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट नेपाली लोककथा (२०३२) तुलसी दिवसका सम्पादनमा प्रकाशित भयो । यसमा १३२ ओटा लोककथाहरु सङ्कलित छन् । यी कथाहरुलाई १४ शीर्षकहरुमा वर्गीकृत गरिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीद्धारा संयुक्त रुपमा लेखिएको नेपाली लोकसाहित्यको विवेचना (२०४१) मा लोककथाबारे पनि चर्चा छ । कर्ण शाक्य र लिन्डा ग्रिफिथबाट काठमाडौं र वरिपरिका ६१ ओटा कथा सङ्कलित छन् । यसमा कथाहरुको प्रकार र अभिप्रायका प्रकारहरु पनि छुट्टयाइएका छन् । हारुहितो नोजु (२०४५) ले करुणाकर वैद्यका नेपाली दन्त्यकथा-सङ्ग्रहका ५ कथाहरुको अनुवाद जापानी भाषामा गरेका छन् । शिवकुमार श्रेष्ठ (२०४७) ले किराँती लोककथाहरुमा किराँती समुदायका ३९ कथाहरु सङ्कलन गरेका छन् । उनले २०५१ मा पुनः किराँती समाजका ३५ ओटा कथाहरु सङ्कलन गरेका छन् । मोतीलाल पराजुलीले नेपाली लोककथाका अभिप्रायको अध्ययन (२०५५) मा विद्यावारिधि गरेका छन् ।

## ३.९ निष्कर्ष

लोककथा भनेको लोकको वा सर्वसाधारण जनताको मुखवाट स्वतःस्फुर्त रुपमा निस्केको जीवन्त चित्रण हो भन्ने कुरा बुभिन्छ । यसको सम्वन्ध ऋग्वेद, उपनिषद, र महाभारतमा पनि उल्लेख गरिएको र समग्रमा यसले जनसमूह वा समुदायलाई बुभ्उछ । लोककथाको वारेमा पूर्वीय, नेपाली र पाश्चात्य धेरै विद्धानहरुले आफ्नै खालका परिभाषाहरु दिएका छन् । लोककथा भनेको ग्रामीण क्षेत्रमा रहेका निरक्षर समूहको आशा-निराशा, हर्ष-विषाद, जीवन-मरण, लाभ-हानी, सुख-दुःख, आदिको सिङ्गो ध्वनि पाइन्छ ।

लोककथाको वर्गीकरण वारेमा पनि धेरै विद्धानहरुले चासो देखाएको पाइन्छ । कसैले यसलाई ६ भागमा विभाजन गरेका छन् भने कसैले १० भागमा र कसैले ७ भागमा पनि वर्गीकरण गरेका छन् ।

लोककथाको उत्पति ८ किसिमले भएको मानिन्छ, प्रसारवाद सिद्धान्त प्रकृतिरुपकवाद, मनोविश्लेषणवाद, इच्छापूर्तिवाद, ब्याख्यावाद, विकामवाद, यथार्थवाद र समन्वयवाद । लोककथाको निर्माण तत्वका वारेमा विभिन्न विद्धानहरुले दिएको राय फरक फरक देखिएपनि मुख्यत अख्यान तत्वका आधारमा यिनीहरुलाई मान्न सकिन्छ । कथावस्तु , पात्र, परिवेश, उद्देश्य, भाषा र शैली ।

लोककथाका विशेषताहरुलाई केलाउदै विद्धानहरुले सामान्यतया निम्नलिखित विशेषताहरु औंल्याएका छन् - मङ्गलकामनाको भावना, सुख र संयोगमा कथाहरुको अन्त्य, उत्सुकता वा कौतुहलता, रहस्य एवम् अलौकिकताको प्रधानता, प्रेमको अभिन्न पुट, वर्णनात्मक, रचनाकार, अज्ञातरहनु र जनजीवनको चित्रण हुनु आदि हुन् ।

त्यसैगरी लोककथा भन्ने र संकलन गर्ने परम्परा दन्त्यकथाको रुपमा वेद, उपनिषद र महाभारतकालदेखि नै आजसम्म पनि निरन्तर रहेको पाइन्छ ।

# चौथो परिच्छेद

## ४. लोककथाको संकलन एवं विश्लेषण

### ४.१ आखिर कस्को ?

स्रोत : जानुका सुवेदी

अघि कुनै समयमा एउटा गाउँमा एक अति नै तारो हान्न सक्ने मान्छे रहेछ । उसले जहिले पनि दुलहीको बुलाकीको प्वालबाट वाण छिराउँदोरहेछ । हरेक दिनको यही क्रियाकलापबाट आजित भएर दुलहीले आफ्नी आमासँग कुनै उपाय मागिछ । आमाले ज्वाइँलाई बोलाएर भनिछन् , “ज्वाइँसाहेब ! लोग्नेमान्छे भएर त देश परदेश घुम्न पर्छ । तपाईं पनि योग्य हुनुहुन्छ, तीर निकै राम्रो चलाउनुहुन्छ । त्यसैले जानूस् परदेश पैसा पनि कमाउनुपऱ्यो । सासूको यस्तो कुरा सुनेर निकै विचार गरेर ऊ परदेशको लागि रमाना भयो । बाटोमा एक अन्धोसँग भेट भएछ जसले कोशौंटाढा लडिरहेका कमिला देख्थ्यो । ऊ बाट प्रभावित भएर उसले आँफूसँगै जानको लागि आग्रह गऱ्यो । अन्धो पनि राजी भएछ । त्यसरी नै लङ्गडोसँग भेट भएछ । जसले घामसँगै पृथ्वीको भ्रमण गर्न सक्थ्यो । त्यस्तै डाँडाको पहिरो रोकेर मानिसलाई आवतजावत गर्न सजिलो बनाइदिने पनि उनीहरुसँग आयो । चारजना भएर तिनीहरु गएछन् । कुनै एउटा राज्यमा पुगेपछि उनीहरुले यो हल्ला सुनेकि आजको तीन दिनभित्र जसले सात समुद्रको जल ल्याएर राजालाई दिन सक्छ उसले बोक्नसक्नेजति इनाम पाउनेछ, किनकि राजाकी अत्यन्तै प्यारी छोरी विरामी छिन् । यदि उनले त्यो जल पाएमा राजाकी बिरामी छोरी बाँच्नेछिन् । ती चारैजना यस कामका लागि कस्सिएर राजालाई भेटि सल्लाह गरी लङ्गडो घामसँगै दौडन थालेछ । भोलिपल्ट आइपुग्नुपर्ने लङ्गडो नआउदा सबै चिन्तित भएछन् । फलस्वरुप अन्धोले हेराएर भनेछकी कि ऊ थाकेर चौतारीमा मस्त निदाइरहेको रहेछ र उसको नजिकै बाघले मार्नको लागि उसलाई कुरिरहेको रहेछ उठ्नेबित्तिकै खाइदिन्छ भनेपछि तीर चलाउनेले ट्याक्क धनुष उठाएर सीधा ताकेर बाघलाई मारेछ । त्यो आवाजले लङ्गडो पनि ब्युँझेछ र समयमै हतार हतार दौडेर आइपुगेछ । त्यो जलले राजकुमारीलाई सञ्चो भएछ । त्यसपछि राजाले बोक्नसक्ने जति लैजाऊ भनेपछि पहिरो रोक्नेले राजाको भण्डारै बोकेछ । त्यसपछि उनीहरुले त्यो सम्पत्ति पाँच भाग लगाउने भनेछन् र दुई भाग आँफूले पाउनु पर्ने अडान राखेछन् । विवाद चर्केपछि राजा

विक्रमादित्यकहाँ पुगेर निसाफ माग्दा उनले त्यो एक भाग तीर चलाउनेको सासूलाई दिएछन् र भनेछन् गर्ने भन्दा गराउने ठूलो हुन्छ । तिमीहरुको भाग्य बदल्न सबैभन्दा ठूलो हात उनको रहेको छ । यो निर्णयबाट सम्पूर्ण खुशी भएछन् र राजाको जयजय गान गरेछन् ।

*सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला*

*यो कथा बैकुण्ठ जाला भन्ने बेलामा मुखमा आइजाला ।*

**विश्लेषण**

प्रस्तुत कथाको काथावस्तु उपदेशमुलक एवम् शिक्षाप्रद रहेको छ । कथाको सुरुआतमा तारो हान्ने मान्छेको परदेश गमन र अरु ब्यक्तिसँगको मित्रता विस्तार देखाइएको छ । कथाको मध्यभागमा राजाकी छोरीलाई ती चारैजना मिलेर उपचार गर्दछन् । र अन्त्यमा राजाबाट प्राप्त पुरस्कारको न्यायोचित वितरणलाई देखाइएको छ । यसरी अन्त्यमा राजाको न्याय पूर्ण फैसलाले कथालाई सुखद बनाएको छ ।

प्रस्तुत कथामा मानवीय पात्रहरु रहेका छन् । तारो हान्ने, अन्धो, लङ्गडो मुख्य र गतिशील पात्र हुन् भने तारो हान्नेकी सासू, श्रीमती गतिहीन पात्रको रुपमा रहेकी  छन् । त्यस्तै राजा विक्रमादित्य एक सत्चरित्रको रुपमा रहेका छन् ।

प्रस्तुत काथामा प्राचीन समयको जीवनशैली देखाइएको छ । साथीसँग मिलेर धन कमाइ फर्की राजाबाट उचित न्याय पाएको परिवेशलाई अत्यन्तै रोचक र जीवन्त परिवेशमा लेखिएको छ ।

यस कथाले उत्प्रेरणलाई ठूलो महत्त्व दिँदै जीवनमा अगाडि बढ्नको लागि उत्प्रेरक तत्त्वको अत्यावश्यक हुन्छ भन्ने उद्देश्य लिएको छ ।

यसका साथै उत्प्रेरकको उचित सम्मान पनि यस कथाको उद्देश्य रहेको पाइन्छ । आफ्नो उद्देश्यप्रति उक्त कथा पूर्ण रुपमा सफल रहेको छ ।

प्रस्तुत कथामा सरल भाषाको प्रयोगबाट रोचकता पस्कने काम भएको छ । उपदेशमूलक रहेको प्रस्तुत कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

## ४.२ काठको घोडा

स्रोत : प्रविना श्रेष्ठ

एकादेशमा  एकजना राजा थिए उनका तीन रानीहरु थिए र ती तीनजना रानीहरुको पनि सन्तान थिएनन् । राजालाई बडो चिन्ता थियो । राजा लामाकहाँ जादाँ लामाले एउटा पाकेको आँप दियो र राजा घरमा आएर त्यो आँप महारानीलाई दिए । अनि तिमीहरु तीनजना मिलेर खाऊ, यो खायौ भने सन्तान हुन्छ अरे । लामाले भनेको भनेर भने र जेठी र माहिली मिलेर त्यो पाकेको आँप खाए । कान्छीलाई देखाएन  । त्यो आँप खाइसकेपछि आँपको खोया आँगनमा फ्याकी दियो कान्छी त्यो आँगनमा भएको आँपको खोया टिपेर च्याप्यो र हाम्रो घरमा कलले ल्याएको होला आँप भनेर आफ्नो मन मनले भन्यो र पछि कान्छी गर्भवती भइन् । तर जेठी र माहिली गर्भवती भइनन् । जेठी-माहिलीलाई चिन्ता लाग्यो । हामीले आँप खाएको हामी नै गर्भवती भएन भन्ने कुराको चिन्ता लाग्यो र राजाले कान्छी श्रीमती गर्भवती भएको कुरा थाहा पाए र कान्छी रानी लाई माया गर्न थाले र जेठी - माहिलीलाई रिस उठ्यो । कान्छी मात्र गर्भवती हुने र कान्छीलाई मात्र माँया गर्ने अनि जेठी माहिलीले कान्छीको गर्भमा रहेको सन्तान कसरी मार्ने होला ? भन्ने कुराको चिन्ता थियो । र कान्छी रानी गर्भमा भएको बच्चा जन्मने दिन नजिकै आयो र राजा सधै सिकार खेल्न जंगलमा जान्थे । त्यस्तो अवस्था देखेर राजालाई पनि चिन्ता लाग्यो र राजाले सोचे अव के गर्ने होला ? भनेर अनि विचार गऱ्यो । राजाले घरको झ्याल नजिकै एउटा घण्टी राख्यो र रानीलाई भन्यो म जंगलमा सिकार खेल्न जाँदा तिमीलाई केही अप्ठ्यारो पऱ्यो भने बोलाउदा सुनिदैन,  त्यसैले त्यो घण्टी  बजाऊ । अनि म घर आउछु, भनेर भनेछ । र राजा सिकार खेल्न गएछन् । रानीले मेरो स्वामीको मन कति कमलो छ , भनेर घण्टी बजाइछ अनि घण्टीको आवाज राजाले सुनेपछि राजा आत्तिदै दरवारमा आएछन् । तर श्रीमतीले ठट्टा गरेकी रहिछिन् । र त्यो दिन पनि रानीले त्यत्तिकै भयो  । भोलिपल्ट फेरि राजा शिकार खेल्न गएछन् , त्यो दिन पनि रानीले त्यत्तिकै घण्टी बजाइछन् , राजा आत्तिदै घर आएछन् र तेस्रोपल्ट राजा सिकार खेल्न गएछन् , तेश्रो दिन त रानीलाई वेथा लागेछ र घण्टीबजाइछन्, तर राजाले पत्याएनन् र दवरवारमा आएनन् । रानी कराउदै गरेको रानीका सौताहरुले सुनेछन् र गएपछि रानीले दुइजना जुम्ल्याहा छोराहरु  जन्माइन् । र उसका सौताहरुले रानीलाई थाहा नदिएर प्यारा छोराहरु तल्लो घरकी एक्ली बुढीलाई दिए । र ती सौताहरु मिलेर रानीलाई तैले बच्चा जन्माएको होइन, तैले त लहरो कुचो जन्माएको रहिछस् भनेछन्  र रानी रोइछ, अनि एकछिन  पछि राजा आइपुगे र राजाको जेठी र माहिली (रानीले ) राजालाई कान्छीले त बच्चा जन्माउनु पर्ने ठाउमा लहरा कुचो जन्माइछ भनेर भनेछन् । राजाले

रानीलाई हेला गरेछन् । खान पनि दिएनछन् । र घोडा बाध्ने तवेलामा लएर बाँधिदिएछन् । रानी सधैं रुदै बस्थिन् र उनले जन्माएका ती छोराहरु दिन प्रति दिन बढ्दै गए । ती छोराहरु चार-पाँच वर्षको हुँदा खेरि ती छोराहरुले त्यो बुढीलाई बज्यै, काठको घोडा बनाइदिनूस्, भनेर भनेछन् । त्यो बुढीले काठको घोडा बनाइदिइन् । र तिनीहरु खेल्न जाँदा त्यही खोलामा राजाका दुईटी (रानीहरु ) लुगा धुदै थिए र ती दाजु भाइ दुवैजना पानी भएको ठाँउमा गएर काठे घोडा पानी खा खा भनेर भनेछन् र रानीहरुले लुगा धोको ठाउँमा पानी धमिलो गरिदिएछन् । र ती दुवै रानीहरु मिलेर ती केटाहरुलाई पिट्न खोजेछन् । अनि मुर्दार हो, काठको घोडाले नि पानी खान्छ ? भनेर भनेछन् अनि ती केटाहरुले खाइहाल्छ नि, तिमीहरुलाई के मतलव ? खाए नि, नखाए नि भनेर भनेछन् । ती दाजुभाइ पनि घर गएछन् । र भोलिपल्ट फेरि त्यही काठको घोडा लिएर खोलामा गएछन् । खोलामा राजा नुहाउदै थिए, र ती केटाहरु त्यहाँ गएर काठे घोडा पानी खा खा भने र राजाले सोधे, बावु, तिमीहरु कसका छोराहरु हौ ? ती दाजुभाईले पनि जसलाई तपाईले हेला गरेर खान नदिएर घोडा बाँध्ने तबेलामा राख्नु भएकोछ , उनैका छोरा हौ हामी भने र राजाले सोचेछन्, मेरी कान्छी रानीका छोराहरु भने । ती केटाहरुले हाम्रो आमालाई राम्रो बनाएर बाजा बजाँउदै यहाँ ल्यायो भने मात्र हामी जान्छौ नत्र जाँदैनौ भने भने । अनि राजा दरबारमा गएर रानीलाई लिन पठाएर सफा बनाएर बाजा बजाएर डोलीमा राखेर रानीका छोराहरु भएको ठाउँमा ल्याए र ती छोराहरु त पानीको बीचमा गएर कमल फूल लिएर एकदम राम्रो राम्रो भएर पानीको बीचमा बसेको र रानीलाई त्यहाँ रानीका छोराहरु भएका ठाँउमा पुऱ्याएर रानीलाई भुईमा राखे र रानीले " मेरा छोराहरु आउ " भनिन् । अनि ती छोराहरु एकै चोटि आमाको अङ्गालोमा आएर बसे अनि राजा पनि रमाए । रानी पनि खुसी भइन् अनि सबैजना दरवारमा गए । छोराहलाई पनि माया गरे तर राजाले जेठी र माहिली रानीहरुलाई हेला गरे । घरको सवैकाम गर्न लगाएर कान्छी रानीलाई माया गरे । अनि छोराहरुको पनि हेरविचार गरे । त्यसपछि उनीहरुको सुखी जीवन त्यहीवाट शुरु भयो ।

*सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला*
*यो कथा वैकुण्ठ जाला भन्ने वेलामा मुखमा आइजाला*

**विश्लेषण**

यस लोककथाको स्रोत पारिवारिक एवं सामाजिक रहेको छ । यसकथाको प्रारम्भमा एक जना राजा निःसन्तान भएकोले चिन्तित भएर ज्योतिषकहाँ हेराउन जानु र उसले दिएको आँप आफ्ना रानीलाई खानदिनु रहेको छ भने विकासावस्थामा तिनै वटा रानीहरुले आँप खाइसकेपछि

कान्छी रानीमात्र गर्भवती हुनु, अरु रानीले इर्श्या गर्नु र छोराछोरी जन्माउँदा राजा नभाको मौका पारेर वालबच्चा अर्कै बुढीलाई दिएर पठाउनु, रानीलाई घोडा बाँध्ने तवेलामा बाँध्नु आदि घटनाहरु हुन् । त्यसैगरी बुढी आमाले हुर्काएका राजकुमार काठको घोडा बनाउन लगाए रानीहरु भएको ठाउँमा गएर पानि धमिल्याउनु, उल्टै जवाफ लगाउनु झुक्याउनु, रानी र छोराछोरीलाई स-सम्मान दरवारमा ल्याउनु र बदमास रानीहरुलाई सजाय दिनु यस कथाको अन्तिम अवस्था हो उत्तरार्ध हो । यसरी यो कथाको घटनाक्रमले वीचमा कान्छी रानी र राजाका वीचमा जे-जस्ता कटुता र नराम्रा घटनाहरु भएतापनि अन्त्य अत्यन्त सुखान्त रहेको पाइन्छ ।

यस कथामा सबै पात्रहरु मानवीय छन् । त्यस मध्ये राजा, रानीहरु मुख्य पात्र हुन् भने ज्योतिषे, बुढी आमा, यस कथामा सहायक वा गौण पात्रको रुपमा रहेका छन् । उता राजकुमारहरु भने कथाको शुरुमा नभएपनि दोस्रो अवस्थामा जन्मिएको भएपनि त्यसपछि कथाको अन्त्यमा उनीहरुले नै सर्वाधिक गतिशिल र महत्वपूर्ण भूमिका रहेको पाइन्छ । यहाँका सवै पात्रहरु लौकिक छन् । रानीका दिदीहरु, राजकुमारहरु गतिशिल पात्र हुन् तर राजा कथाको अन्त्यमा मात्र गतिशील पात्रको रुपमा देखिएका छन् । त्यस्तै राजकुमारहरु बुढी आमा, कान्छी रानी सत्पात्रका रुपमा रहेका छन् भने दिदीहरु यस कथाका खल वा असत्पात्रका रुपमा देखिएका छन् ।

यो कथा मूलत : दरवारिया परिवेशमा जन्मेको, हुर्केको र विकसित भएको छ । लौकिक परिवेशमा कथाको विकासक्रम (आधार) रहेको देखिन्छ । यसमा खासगरी पारिवारिक रुपमा सौतेनी व्यवहारले पार्ने प्रभावको परिवेश वा सेरोफेरोमा केन्दित भएको छ ।

यस कथाको उद्देश्य सौतेनी व्यवहार वास्तवमा मुटुको किलो जस्तै भयानक हुन्छ र त्यस्तै जीवनमा कहिल्यै सुख, आनन्द र सफल बन्न दिंदैन अर्थात् सफलताको बाधक बन्छ, त्यसैकारण वहुविवाह गर्नु हुँदैन भन्ने शिक्षार्ा दिनुमा रहेको पाइन्छ । त्यसैगरी कुनैपनि मान्छेले विवेकहीन हुनुहुँदैन भन्ने नैतिक शिक्षा र मूल सन्देश पनि राजाको माध्यमबाट दिइएको छ । कथा प्रशस्त मनोरञ्जनपूर्ण पनि रहेको छ ।

प्रस्तुत कथाको भाषा सरल छ, सहज छ, स्वभाविक छ । यहाँ अनादरवाची, आदरवाची, प्रथमपुरुष, द्धितीयपुरुष र तृतीय पुरुष आधारमा पनि भाषाको प्रयोग गरिएको छ । कथाको शैली वर्णनात्मक छ । वालकहरुले प्रयोग गर्ने बालशैली, सरल र व्यङ्ग्यात्मक शैली आदिको पनि ठाउँ-ठाउँमा प्रयोग गरिएको छ ।

## ४.३ कुखुरा र वायु

स्रोत : रञ्जना श्रेष्ठ

धेरै समय अघिको कुरा हो, जसको अनुमानसम्म गर्न पनि अहिले कसैले सक्दैन । वायुका छोराहरु मध्ये एउटा छोटो हराएको थियो र यसकै पीरले सात वर्षसम्म बायु अविचलित र अटल भएर रहे । संसारभर हावा बहन बन्द भयो । सातवर्षको लामो अवधिसम्म हावाको स्थितिले गर्दा पृथ्वीमा जहींतहीं माकुरोको जालोले ढाक्न थाल्यो । पशुपंक्षीहरु सास फेर्न नसकेर कमजोर भए । कसैले पनि बायुलाई सान्त्वना दिएर संझाउन सकेन । तब एकदिन एउटा कुखुरा आएर बायुलाई भन्यो, वायु, वायु, यत्तिको दुःख किन मान्नु हुन्छ ? मलाई हेर्नोस त्, प्रत्येक दिन मेरा चल्लाहरु यस संसारमा जन्म लिन्छन् तर कहिल्यै नदेखिने गरी कता कता जान्छन् पनि । तै पनि हेर्नुस् म कति हँसिलो छु । यति भनेर कुखुरा उडेर पर्खालमा गएर बास्न थाल्यो, “कुखुरी काँ, कुखुरी काँ । कुखुरा बासेको देखेर वायु दङ्गदास भयो र बेस्सरी पेट मिची मिची हाँस्न थाल्यो । वायु हाँस्ने बित्तिकै रुखका पातहरु स्यार्र सुर्रर गर्दै चल्न थाले, फूलहरुले खुसी भएर वायुमा सुगन्ध छरिदिएर बायु पहिलेजस्तै बहन थाल्यो ।

**विश्लेषण**

प्रस्तुत लोककथा लघुलोककथा हो र यस कथाको कथावस्तु अतिमानवीय र अलौकिक रहेको छ । कथाको सुरुवातमा वायुको छोरो हराएकोले वायु सात वर्षसम्म निश्चल रहन्छ । पृथ्वीमा जतातती माकुराको जालोले भरिन्छ । कथाको मध्यभागमा कुखुराले वायुलाई सम्झाउँदै भनेछ कि वायुले एउटा छोरा हराउँदा चिन्ता लिनुपर्दैन किनकि यस्तो पिडा भोग्ने बाबु उ मात्र होइन, कुखुरा पनि हो तर कुखुरा निकै हँसिलो भएको कुरा बताउँदै कुखुरी काँ गर्छ । कथाको अन्त्यमा वायु पेट मिचिमिची हाँस्न थाल्छ र रुखका पातहरु स्यार्र स्यार्र गर्न थाल्छन् । पहिलेजस्तै फूलले वायुमा सुगन्ध छर्न थाल्छ । यसरी कथाको अन्त्यमा दुःखी र निश्चल वायुलाई पनि कुखुराले फकाउन सफल भएकोले वायु खुशी हुँदै हाँस्दा पहिले जस्तै हावा चल्न थालेकोले यसको अन्त्य निकै सुखद र आनन्ददायक रहेको पाइन्छ ।

प्रस्तुत कथामा सबै मानवेतर पात्रहरु रहेका छन् । कथाको मुख्य पात्रहरुमा कुखुरा र वायु रहेका छन् भने कथामा गौण पात्रको किटान नगरिएपनि पृथ्वीमा रहेका सम्पूर्ण चराचर जगत स्वभाविक रुपमा गौण पात्रको रुपमा रहेका छन् । प्रस्तुत कथामा अतिमानवीय र

पौराणिक परिवेशको चित्रण गरिएको छ । वायु अविचलित हुनु कुखुरा गएर उसलाई सम्झाउनु अनि वायु हाँसेर अगाडिकै अवस्थामा पुग्नुलाई अत्यन्तै उत्साहपूर्ण परिवेशमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाको उद्देश्य निकै व्यवहारीक रहेको छ । कुखुराको माध्यमबाट मानिसलाई निकै दु:ख कष्ट पर्दछन् तर ती सबैलाई बिर्सेर निरन्तर जीवनमा अगाडि बढिरहनु पर्दछ भन्ने कुरा सिकाइएको छ । आफ्नो उद्देश्यमा उक्त कथा पूर्ण रुपमा सफल रहेको पाइएको छ ।

प्रस्तुत लोककथामा सामान्य बोलचालको भाषा प्रयोग गरिएको छ । वायुलाई उच्च आदरार्थी भाषाको प्रयोगले सम्बोधन गरिएको छ भने अरू पक्षमा सरल, सहज र स्वभाविक भाषाको प्रयोग भएको पाइन्छ । प्रस्तुत लोककथामा विश्लेषणात्मक शैलीको प्रयोग गरिएको छ । तार्किक शैलीको प्रयोग गर्दै कुखुराले वायुको मन जितेको देखाइएको छ । सरल र सहज रुपमा बिकसित यस कथामा निकै रोचक शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.४ कृष्णे र माकुरो

स्रोत : रञ्जना श्रेष्ठ

धेरै वर्ष पहिले कोटदरवार गाँउमा कृण्णे नाम गरेको एकजनाकिसान बस्थ्यो रे । एकदिन उ खेतमा कामगरिरहेको बेलामा सर्पले एउटा माकुरोलाई निल्न लागेको देख्यो । उसले सर्पलाई धपाएर माकुरोलाई बचाइदिएछ । माकुरोले कृण्णेलाई धन्यवाद दिए जस्तै गरेर आफ्नो टाउको तल झुकाएर देखायो रे र घाँसभित्र पसेछ ।

केही दिनपछि एक विहान कृष्णेले ढोकातिर एउटा केटी जस्तो मसिनो आवाज सुनियो रे "ओ कृष्णे" भनेको बाहिरबाट आवाज सनेछ । कृष्णले ढोका खोलेर हेऱ्यो । उसले त्यहाँ स्तुति अति नै राम्री केटी उभिएकी रहिछ । तपाईलाई कपडा बुनिदिने मान्छे चाहिएको छ हैन र ? कृपया मलाई कपडा बुन्न दिनूस, केटीले भनिछ । कष्णणे यी कुरा सुनेर खुसी भएछ । उसलाई मान्छे चाहिएको पनि रहेछ । उसले केटीलाई तान राखेको कोठा देखाइदिएछ र त्यसले काम पनि शुरु गरिछ । साँझ पर्न लागेपछि कृष्णे केटी वसीरहेको कोठाभित्र हेर्न गएछ र त्यसको काम देखेर कृष्णेलाई असाध्यै ताजुब लागेछ किनभने त्यसले आठ ठूला ठूला धागोका डल्लाहरु बुनी सिध्याइसकेकी रहिछ । तिमीले यति चाँडै कसरी बुन्न सक्यौ हँ ? उसले सोध्यो । तर त्यसले अनौठो किसिमवाट जवाफ दिई, " यो कुरा मसँग नसोध्नुहोस् , र तपाई मैले काम गरिरहेको समयमा वेलामा हेर्न पनि नआउनूस् ।" तर कृष्णे साह्रै उत्सुक भएछ । उसले एक दिन कपडा बुन्ने कोठाभित्रको सबै कुरा हेर्ने प्वालबाट चियाएर पर्खीरहेछ । उसले अचम्मका घटनाहरु देख्न थालेछ । त्यो केटी त पहिले एउटा माकुरो बनेर गइछ र त्यस माकुरोले त्यहाँ राखेको एक थुंगो कपास सबै खाइदिएछ र पछि त्यस माकुरोले त्यस कपासलाई पेटभित्रै धागो बेरेर त्यसलाई मुखबाट धमाधम निकाल्न थालेछ र आफ्ना आठैवटा खुट्टा चलाएर कपडा बुन्न थालेछ । त्यो माकुरो उही थियो जसलाई कृष्णले एकपल्ट बचाइ दिएको थियो । त्यो माकुरो गुणको बदला चुकाउन आएको रहेछ भन्ने कुरा पनि उसले चाल पाएछ ।

कष्णे कपास लिन बजार गएछ । एक भारी कपास किनेर बजारवाट फर्केछ तर ऊ बाटोमा आराम गर्न भारी बिसाएर बसिराखेको बेलामा पहिले उसले भगाएको सर्प कपासभित्र नदेखिने गरी लुकेर बसेछ । कृष्णेलाई यो कुरा थाहा थिएन । ऊ कपास केटीलाई दिन गएछ । भोलिपल्ट केटी माकुरो बनेर कपास खाइरहेकी बेलामा सर्प फुत्त निस्केर माकुरोलाई झम्टन गएछ । यो देखेर माकुरो झ्यालबाट फुत्त उफ्रेर भाग्न खोजेछ तर उसले धेरै कपास खाइसकेको हुनाले धेरै दौड्न सकेनछ । त्यसैले सर्पले उसलाई समातेछ । तर सूर्य देवताले इमान्दार

माकुरोलाई बचाइदिने विचार गरेछ । माकुरो सर्पको मुखबाट छुट्टियो । माकुरो पनि सूर्य देवताप्रति कृतज्ञ भएछ । उसले आफ्नो निलेको सारा कपास निकालेर बादलका सुन्दर टुक्राहरु बनाइदिएछ । त्यसपछि आकासमा बादलहरु देखापर्न थालेछन् ।

प्रस्तुत लोककथाको स्रोत अति मानवीय रहेको छ । यहाँ संसारमा सवै प्राणीको औचित्य र महत्त्व पनि देखाइएको छ । कथाको शुरुवात एउटा सर्पले उसले खान लाग्दा कृष्णे भन्ने व्यक्तिले बचाइदिएपछि माकुराले टाउको हल्लाएर कृतज्ञता ज्ञापन गरेको छ । त्यसैगरी कथा अगाडि बढ्दै जाँदा माकुरोले कृष्णेको गुन तिर्न केटीको भेषमा आएर एकैपटक आठै खुट्टा चलाएर कपडा बुनेको छ । यसबाट कृष्णे स्वयम् छक्क पर्छ । यसरी कथाको विकास हुँदै जाँदा अन्त्यमा त्यो पहिलेको दुष्ट सर्पले उही माकुरोलाई मार्ने दाउ हेरिरहन्छ र एकदिन मौका पारेर कपासमा गुटेमुटिएर आउँछ र खान खोज्छ तर सूर्य देवताले देखेर बचाइदिएको हुन्छ । उसले खाएको कपास बादलका टुक्रामा परिणत भएको देखाएर लोककथाको अन्त्य भएको छ । कथाको शुरुमा र पछि पनि माकुरोलाई ठुलो विपत्ति आइलागेपनि अन्त्यमा उसको विजय भएको छ भने, सर्पको हार देखाइएको छ । यसरीा कथाको अन्त्य संयोगान्त रहेको देखिन्छ ।

यस लोककथामा मानव र मानवेतर दुवै प्रकारका पात्रहरु रहेका छन् । कृष्णे, मानव पात्र हो भने सर्प र माकुरो मानवेतर पात्र रहेका छन् । कथामा मूलपात्रको रुपमा माकुरो रहेको छ । ऊ अत्यन्त कृतज्ञ, इमान्दार र सत्पात्रको रुपमा रहेको छ । कृष्णे यस कथामा माकुराको सहयोगीको रुपमा रहेको छ तर सर्प दुष्ट प्रवृत्तिको अर्थात् खलपात्रको रुपमा देखाइएको छ ।

यस लोककथाको परिवेश लौकिक रहेको छ । यहाँ माकुरोलाई कृष्णेले बचाइदिएपछि केटीको रुपमा उसको उद्योगमा प्रवेश गरेर अनौठो ढंङ्गले माकुरो बनेर कपडा बुन्नु, सर्पले पुनः खान खोज्दा सूर्य देवताले बचाइदिनु, सर्वथा नौलो र मनोरञ्जनपूर्ण परिवेश हो । अर्थात् कथा अतिमानवीय र तिलस्मी खालको देखिन्छ । माकुरोले ओकलेको कपास बादलका टुक्रामा परिणत हुनु थप रहस्यपूर्ण बनेको छ ।

यस कथाको उद्देश्य शिक्षाप्रद र मनोरञ्जनात्मक रहेको छ । हाम्रो समाजमा सवैखाले व्यक्ति र प्राणीहरु हुन्छन् । कसैले आफुलाई सहयोग गरेमा कृतज्ञता दिनुपर्छ र वेलमौकामा आफूले पनि गुन तिर्नुपर्छ भन्ने शिक्षा, दिएको छ । त्यसैगरी सर्प जस्ता दुष्ट मानिसहरुबाट सँधै जोगिनुपर्छ, हामीले विवेक प्रयोग गर्नुपर्छ भन्ने शिक्षा यसबाट पाइन्छ । कथाको उद्देश्य सफल बनेको देखिन्छ ।

यस कथामा प्रयोग गरिएको भाषा सरल र सहज खालको छ । क्लिष्ट र दुर्वोध्य भाषाको प्रयोग भएको छैन । भाषा सलल बगेको सरस पनि छ । झर्रो भाषाको प्रयोग भएको देखिन्छ । यस लोककथाको शैली वर्णनात्मक खालको छ । शैली सरल भइकन पनि केही आलकांरिक लाक्षणिक पनि रहेकोछ ।

## ४.५ चलाख राजाको कथा

स्रोत : दालीमायाँ क्षेत्री

आज भन्दा धेरैवर्ष अघिको कुरा हो । दुई गाउँको राजाहरु मित थिए । तिनीहरु एक-आपसमा मित्रता हुँदा हुँदै पनि मित लगाएका थिए र एउटा गाउँको राजा असाध्यै धनी थियो भने अर्को गाउँको राजा चाहिं गरिब थियो । धनी राजाले केही पनि चलाखी जान्दैनथ्यो । उनीहरुको एक आपसमा आइजाइ भइरहन्थ्यो । त्यसै शिलशिलामा गरीब राजाले भने टपरीमा भात (खाना) खान्थ्यो र टपरी फालिदिन्थ्यो तर धनी राजाले चाहिं सुनको थालमा भात खाने गर्दथ्यो । त्यो धनी राजाले सुनको थालमा भात खाएको देखेर गरीब राजाले अब के गर्ने ? भन्ने मनमा लाग्यो र एकदिन धनी राजाको घरमा गएछ । धनी राजाले भात खाएर सुनको थाल माझ्न लागेको देखेर गरीब राजाले भनेछ, “मीतज्यू किन थाल माझ्नुहुन्छ ? किन हस्याङफस्याङ गर्नुहुन्छ ? मैले त भात खाएपछि सुनको थाल फालिदिन्छु । म यस्तो गरीब भएपनि सुनको थाल फालिदिन्छु भने तपाईं त धनी हुनुहुन्छ, झन् थाल माझ्ने पो गर्नुहुँदोरहेछ भनेछ । अनि धनी राजाले भनेछ, “मीतज्यू, साँच्चै हो, म यस्तो धनी मान्छे भएर पनि खाएको थाल माझेर बस्न त सुहाउँदैन भनी सुनको थाल खाना खाइसकेपछि फाल्न थालेछ । अनि गरीव राजा मुसुमुसु हाँसेछ । गरीब राजाले त टपरीमा खाना खाइसकेपछि फालिदिने रहेछ । तर धनी राजाले त सुनैको थाल फालिदिन्थ्यो । त्यो सुनको थाल नदेख्नेगरी गरीब राजाले टिपेर घरमा लग्यो र गरीब राजा पनि पछि धनी हुँदै गए र धनी राजाले गरीव राजा पनि कसरी धनी हुँदै गयो भन्ने बारेमा उत्साह भयो । यसरी नै दिनहरु बित्दै गए । दुवै राजाहरु आफ्नो राज्य चलाएर बसिरहेका थिए । एकदिन धनी राजालाई पनि गरिब राजाकहाँ जान मन लागेछ र ऊ धेरै कोसेली लिएर मितज्यू कहाँ पुगेछ । अत्यन्तै राम्रो घोडामा चढेर गएछ । मितज्यूको दरवारमा पुग्ने बित्तिकै उसलाई बडो आदरसाथ भित्र लगे । त्यसपछि दुवै मितहरु मिलेर धेरै वर्षअघि देखिको कुरा गर्न थाले । मितज्यूले त धेरै धन कमाउनु भएको रहेछ नी के गरेर हो, भनेछ । यस्तो कुरा सुनेर चलाख मितले भनिहाल्यो, “हजुर मेरो राज्यमा त सुनका खानी कति कति ।” उसको यस्तो जवाफले अचम्म परेको राजाले सुनका खानी हेर्न ज्यादै ढिपी गरेछ । अब

उसलाई फसाद पऱ्यो । भोलिपल्ट जाने भनेर त्यस दिन टाऱ्यो र उपायको खोजी गर्न थाल्यो । चलाख भएकाले उपाय खोजिहाल्यो । भोलिपल्ट दुवै राजाहरु सुनखानी हेर्नका लागि निस्किएछन् । सुनखानीमा पुगेपछि दुवैले खुब ध्यान दिएर हेरे । ठुलो पहरोको छेउमा मानिसहरु खनेर सुन खोजीरहेका थिए । कोही माटो चालिरहेका थिए । धनी राजालाई यो सब असाध्यै अनौठो लागिरहेको थियो र उसले त्यहाँबाट सुन नहेरी नजाने कुरा आफ्नो मितलाई बतायो अकस्मात त्यहाँ सुन सुन भनेर काम गरिरहेका मान्छे कराउन थाले र एउटा चाहिले पाइयो भनेर विस्तारै सुनको थाल खाडलबाट झिकेछ अनि गरिब राजाले भनेछ, " मित्र हेर्नुस हाम्रो खानीको सुन हो यो । " धनी राजाले पनि खुब विचार गरेर हेऱ्यो । उ छक्क पऱ्यो किनकी जतिचोटि गरिब राजा उसलाई भेट्न उकहाँ जान्थ्यो उसले एउटा सुनको थाल फाल्ने गर्थ्यो । त्यसैले उसले चिनिहाल्यो कि, " यो थाल उसको भात खाने थाल हो भनेर । " त्यसपछि उसले पनि मुस्कुराउँदै अत्यन्त चतुरताकासाथ भन्यो कि "मितज्युको सुनखानीमा सुन त हाम्रैं दरबार-बाट पो आँउदोरहेछ हगी । "

प्रस्तुत लोककथा सामाजिक तथा ठगीको विषयलाई मूल कथावस्तु बनाएर लेखिएको छ । प्रस्तुत कथाको शुरुवात यसरी हुन्छ, कथामा धनी र गरीब राजा मीत लगाएका हुन्छन् । गरिब राजा धनी राजा (मीत) लाई भेट्न गएको, भेट्न जाँदा सुनको थालमा खान दिएको र खाएपछि गरिव राजाले आफुले त एक पटक खाएपछि फाल्ने गरेको कुराबाट भएको छ । त्यसपछि धनीराजाले पनि खाना खाएपछि सुनको थाल फालिदिन्छन् तर त्यसलाई गरिब राजाले सुटुक्क लैजाने क्रमले कथाको विकासावस्थालाई संकेत गरेको देखिन्छ । कथा अगाडि बढ्दै जाँदा एकदिन धनी राजा पनि गरिव राजाको निम्तो पाएर दरवारमा जान्छन्, गरिव राजाले निकै चलाखीपूर्ण काम गर्छन् । सुनको खानी भएको कुरा धनी राजालाई वताएर हेर्न समेत लैजान्छन् तर त्यहाँबाट प्राप्त भएको सुनको थाल धनी राजाले आफ्नो दरवारबाट आएको भनेर व्यङ्ग्य गरेपछि गरिव राजा लज्जित हुन्छन् र कथा पनि समाप्त हुन्छ । यसरी धनी राजा पहिले धनी भएपनि ऊ भन्दा गरिव राजाको चलाखीका कारण गरीब भएको छ र गरीव राजाको पोल खुलेको देखाइएको छ ।

यस लोककथामा दुवै जना राजा (मानव पात्र) रहेका छन् । यी दुई मध्ये धनीराजा सोझो, अर्काको कुभलो नगर्ने असल पात्रको रुपमा रहेको छ भने गरिव राजा ठग, धूर्त, चलाख र खलपात्रको रुपमा रहेको छ । दुवै क्रियाशील एवं गतिशील पात्रको रुपमा रहेको पाइन्छ ।

लौकिक र राजकीय खानदानी परिवेशमा यो कथा हुर्केको छ । धनी राजालाई खाना खाएपछि सुनको थाल फाल्न लगाउनु र गरिव राजाले सुटुक्क चोरेर लैजानु, परिस्थिति अनुरुप चल्न खोज्नु तर अन्त्यमा त्यसको पर्दाफास हुँदा गरीव राजा असफल हदा कथा थप मनोरञ्जनपूर्ण रहेको छ। कथाको परिवेश सान्दर्भिक र सामाजिक रहेको छ।

सामाजिक तथा ठगीको विषयलाई लिएर लेखिएको यस कथाको मूल उद्देश्य समाजमा रहेका त्यस्ता जालि, फुट्याईं गर्नेलाई सचेत गराउनुपर्छ । एकछिन झुक्याएर मात्र मान्छे जीवनमा सँधै सफल बन्न सक्दैन । त्यसकारण इमान्दार र सत्यनिष्ठ हुनुपर्छ भन्ने शिक्षा वा सन्देश यस कथाले दिएको छ।

प्रस्तुत लोककथाको भाषा सरल खालको छ । व्याकरणीय हिसावले पूर्णत : शुद्ध नभएतापनि भाषा सहज पनि देखिन्छ । मौलिक झर्रा शब्दहरुको प्रयोग छ ।अन्य क्लिष्ट र आगन्तुक शब्दको प्रयोग खासै पाइँदैन । प्रस्तुत लोक कथाको शैली वर्णनात्मक एवं विश्लेषणात्मक मिश्रित शैलीमा लेखिएको पाइन्छ । त्यसैगरी शैली हास्यव्यङ्ग्यपूर्ण भएकोले मिठासपूर्ण पनि रहेको पाइन्छ । पहिले कथा वर्णनात्मक शैलीमा अगाडि बढेको छ भने विकासावस्थादेखि केही विश्लेषणात्मक शैली अँगालिएको छ।

## ४.६ चुनारा र काल्

स्रोत : पूर्णमान श्रेष्ठ

कैयन वर्ष अघि वीसौं हजार घर भएको गाँउलाई पाचोक सहर भनिदो रहेछ । त्यस सहरमा एउटा काल पनि बस्दो रहेछ र प्रत्येक दिनमा १ जनामान्छे कालले खाँदो रहेछ । बुधवारको दिन एउटा भास्कर चुनाराको पालो परेछ । काल आएर चुनारालाई खवर दिएछ "चुनारा वावु आजत तिम्रो पालो परेछ । यो पाचोक सहरमा तिमी भन्दा जेठो कोही पाइएन । त्यसकारणले मैले वाध्य भइ तिमीलाई लानु पऱ्यो । तिमी माथि मेरो माया ता थियो के गर्नु ? माँयाले भएन । तिम्रो घरको छोराछोरीलाई के भन्नुछ भन र जाम " चुनाराले पनि हुन्छ भनी घर भित्र पसी छोराछोरीलाई सम्झाई बुझाई आफ्नु जावे झोलामा चुनाराले राखेको वास, भाडाहरू झोलामा राखी घरबाट निस्के पछि कालले भन्यो, "चुनारा बावु त्यो झोलामा के बोकेको हो ? ए त्यो सामान तिम्रा छोराहरुलाई कम लाग्छ भन्दा चुनाराले भन्यो कि काल दाजु मेरो कमाइ मैले खाँए । छोराको कमाइ छोराले नै खान्छ यो सामान ता मेरो हो मै लैजान्छु छोराले आफै बनाँउछ भनी चुनारा कालको अघि लाई गए । जाँदा जाँदा काललाई दिसा बस्न मन लागेछ र जंगलमा पसे, चुनारा बाटै बाटो नगएर जंगलतिरको बाटो लागेछ, जंगल जाँदा जाँदा एउटा ठूलो छतीवनको वोट फेला परेछ, होइन मैले एउटा देशको चिनो बनाइ मर्नु पऱ्यो भनी जावे झोलाबाट आफ्नो सामान निकाली छतीवनको बोटमा उल्टै ढोका खोली भित्र कौसी समेत वनाइ राम्रा राम्रा केटाकेटीको कुर्चीमा बसेको मूर्ति बनाएछ । त्यस भित्र सजीसजाउ बनाइ सकेको अवस्थामा काल खोज्दै खोज्दै त्यही पुगेछ । कालले बाहिर बाट चुनारा वाबु तिमी के गर्दछौ ? मैले तिमीलाई खोज्दा खोज्दा हैरान परैं । आउ आउ भन्दा चुनाराले भन्यो, " काल दाजु मर्ने बेला भयो, त्यसकारणले एउटा चिनो बनाइ जानु पऱ्यो भनेर बनाउन लागेको काल दाजु भित्र आउनोस् भनी बोलाएछ र काल भित्र जाने वित्तिकै चुनारा वाहिर आइ ढोका थुनिदिएछ । ( काल छतीवनको वोटभित्रै वस्यो र चुनरा आफ्नु सामान झोलामा राखी घरमा आए र बसेछ । त्यसपछि पाचोक सहरका मानिसहरुले कालकहाँ गयो ? भन्दै खोजी गरेछन् । खोजी गर्दा गर्दा चुनराको पालादेखि काल हराएको भन्ने थाहा पाएपछि सबै चुनाराको घरमा आइ चुनरासगँ काल कहाँ गयो ? भनी सोध्दा अँ .......छतीवनको वोटमा थुनी राखेको छु भन्दा गाँउले गइ छतीवनको रुखमा पुगी ढोका खोली हेर्दा हाडछाला मात्र भै बसेको काललाई बाहिर आउ भन्दा काल मानेन । म जान्न मैले अन्याय कसैलाई गरेको थिइन । यो सहरका बुढ्यौली बाटनै लैजाने गरेको थिएँ । यसो गर्दा पनि म यतिका वर्ष थुनिएँर बस्नु पऱ्यो । यदि म जानुपऱ्यो भने मेरो इच्छाले जे जस्तो मनपर्छ त्यसैलाई लैजान्छु भन्दा सबैले हुन्छ भनि मञ्जुर

गरेरै आज भोलि ठिटा - ठिटी, केटा-केटी गर्भैकालाई समेत लाने र जेठा रोलवाट कालले नलैजाने भएको हो रे ।

## विश्लेषण

प्रस्तुत 'चुनारा र काल' लोककथा अतिमानवीय कथा हो । यस कथामा काल प्रकृतिको नियमानुसार बुढो चुनारालाई लिन जान्छ यो कथाको आरम्भ विन्दु हो । चुनारालाई लिएर जाने क्रममा काल दिसा लागेर जंगल पस्दा चुनारो बठ्याइँ गरेर जंगलको ठूलो छतीवनको रुखमा आफ्नो वास सहित गएर कलात्मक ढाँड बनाउँछ । यसरी केही समयमा काललले चुनारालाई पत्ता लगाउँछ र चुनाराले आफ्नो कलात्मक कार्य हेर्न काललाई भित्र पुऱ्याएर अचानक ढोका थुनेर छाडिदिन्छ । जुन कथाको विकास वा मध्य अवस्था हो । काल थुनिएपछि कुनैपनि प्राणी मर्दैनन् र अनौठो हुन्छ, हाहाकार हुन्छ र जनता चुनारालाई लिएर छतीवनको फेदमा पुगेर हेर्दा त काल दुब्लाएको, ख्याउटे र निरास भएको देखिन्छ । उसले आँफुले कुनै गल्ती नगरीकन पनि यसरी थुनिनु परेकोमा चित्त दुःखाइ गर्नुका साथै काम नगर्ने कुरा बताउँदछ । अब देखि तिम्रो खुशी गर्न पाउँछौ भन्ने आदेश पाउनु र फर्कनु कथाको अन्त्य अवस्था हो । काल शुरुमा कमजोर र गतिहीन देखिएपनि अन्त्यमा उसैको जित देखिन्छ र संसारमा सवैभन्दा शक्तिशाली तत्वको रुपमा अद्यापि काल नै देखिन्छ । कथा संरचनात्मक ढंगले पनि निकै सवल र सक्षम देखिन्छ । अन्त्यमा कालको नै जित देखाइएको छ ।

यस लोककथामा मुख्य पात्रका रुपमा चुनारा र काल रहेका छन् भने गाउँलेहरु र अन्यप्राणीहरु गौण वा सामान्य प्राणीका रुपमा रहेका छन् । त्यसैगरी चुनारा मानवीय पात्र हो भने काल अलौकिक पात्रको रुपमा रहेको छ ।

यस लोककथाको परिवेश शहरदेखि गाउँ, बनजङ्गल सम्म रहेकाले लौकिक छ । चुनाराले आफ्नो जातिय पहिचान कायम राख्न चतुरताका साथ छतीवनको रुखमा ओढार खोल्नु, काललाई झुक्याएर थुन्नु, पछि छोड्नु आदि अनौठो परिवेशको सृजना भएको देखिन्छ ।

यस कथाको मूल उद्देश्य मान्छेले आफ्नो जीवनका लागि आँफैले संघर्ष गर्नुपर्छ भन्ने शिक्षा दिनु रहेको छ । पछिल्ला पुस्ताका (सन्ततिका) लागि ज्ञान, सीप सिकाउने हो र कर्तव्य गर्न सिकाउनुपर्छ, विवेक नगरी काम गर्दा झन् नकरात्मक असर पर्ने भएकोले काम गर्नु पूर्व सोचविचार गर्नुपर्छ भन्ने शिक्षा पनि यसले दिएको छ ।

यहाँ प्रयुक्त भाषा सरल र सहज छ अनि स्वाभाविक पनि छ । मौलिक, झर्रा शब्दहरुले प्रयोग पनि भएको छ । वर्णनात्मक शैलीमा लिखित यस कथामा कालले भोग्नु परेका दुःख, कष्ट र पीडाहरुलाई अत्यन्त मार्मिक ढंगले व्यक्त गरिएको छ ।

## ४.७ ज्वाइँ सासू

स्रोत : सुकु थापा

एकादेशमा लाटो ज्वाई र बाठी सासू थियो । ज्वाईले एकदिन ससुराली जान भनेर हेराउन ज्योतिषी ( जैसी ) कँहा गएछ र ज्योतिषीले हात हेराउदै भनेछ कि “ जान त जाऊ , जाँहा रात पर्छ, त्यहीं बास बस है भनेछ । ऊ ससुराली गएछ, र जाँदा - जाँदा ससुरालीको घर पछाडि पुग्दा रात परेछ र त्यही बसेछ । सासूले भित्र सेल रोटी पोलेको सुनेछ । सासूले जति ओटा रोटी पोलिछ त्यति नै सिन्का भाँचेछ । रोटी पोलेर भ्याउदा विहानै ज्वाईले सासूलाई बोलाउन पुगेछ अनि भनेछ , “ आमा नमस्ते ! आज त आमाले ३० ओटा रोटी पोल्नु भएको छ भनेर ज्वाइँले भनेछ । ओहो ! ज्वाइँले आज त आउनी वित्तिकै कसरी थाहा पाउनु भएछ, तपाइँ त ज्योतिषी हुनुहुँदो रहेछ, भन्दै कुरा गर्दा एउटा मान्छे घोडा हराएको हुनाले खोज्न हिंडेको थियो । सासूले सोधेछ, बाबु कता जानु लाग्नु भएको हो ? हेर्नुस् न घोडा हराएर खोज्दै हिंडेको । ओहो पिर नगर्नूस, मेरो ज्वाइँ ज्योतिष हुनुभएको छ, मेरो ज्वाइँसित चामल हेराउनूस् अनि तपाईंको हराएको घोडा भेटाई दिनुहुन्छ । “ओ ज्योतिष बाबु ! त्यसोभए चामल हेरिदिनुस् न” । “अहिले त साह्रै थकाई लागेको छ, भोलि हेराउला हुन्न र । हुन्छ भनेर त्यो मान्छे गयो । रात परिसकेको थियो अरू सबै सुतेका थिए, लाटो ज्वाइँ चाँहि पिरले आत्तिदै बसेका थिए, उनी रातभर नसुतिकन घोडा खोज्न हिंड्दै जाँदा जाँदा उखु वारीमा चरेर वसेको देखे । अनि उनी ढुक्क भए । विहान फेरि चामल हेराउन आयो ‘चामल एउटा दुइटा पल्टाएको थियो उसले पूर्व, पश्चिम, उत्तर, दक्षिण तर्फ पल्टाउदै पूर्वतिर जानूस्, उखुवारीमा चरेर वसेको छ भनिदिएछ । अनि उ गयो । नभन्दै जानी वित्तिकै घोडा भेट्यो । फेरि उता राजा आफ्नो सुनको फालि हराएको हुनाले खोज्दै हिडेको थियो । फेरि सासूले सोध्यो , महाराज, कता जान लाग्नु भएको हो ? हेर्नुस त सुनको फालि हराएकाले खोज्दै हिडेको । ओहो के के पीर मान्नु भाको छ? मेरो लाटो ज्वाइँ भनेको त ज्योतिसे भएर आउनु भछ । मेरो ज्वाइँलाई हेराउनु न त हेराउने वित्तिकै तपाइँको सुनको फालि भेट्टाउनुहुन्छ । राजाले पनि हुन्छ भन्दै दरवारतिर लाग्यो र भन्यो र उस्ले पहिलै एउटा फल्याङ्ग्रा राखेको थियो र लाटो ज्वाइँलाई सोध्यो ए ज्योतिष ! मेरो हातमा के छ ? यो चिनिस् भने मात्र तँ ज्योतिष होस् हैन भने तँ ज्योतिष हैन यति जानिनस् भने तँलाई मारिदिन्छु भनेर हप्कायो र ऊ ज्योतिष थिएन । ऊ डराएर भन्यो लौ आयो फल्याङ्रा तेरो काल । राजाले पनि उसको हातको फल्याङ्रा भने भ्रैं मानेर ज्योतिष जान्ने रहेछन् भनेर चामल हेराउन दियो र उसले भन्यो अहिले मलाई ठिकै लागेको छ, भोलि हेरिदिम्ला - आज अवेर पनि भयो भन्दै सवै सुते । विचरा उ त पीर मान्दै सुत्यो । उसको मनमा लाग्यो घोडा त खोजेर पाए अवत नचिनेको ठाममा त्यस्तो सुनको फालि काहाँ खोज्न जाम् भन्दै बसेछ । रातभर उसलाई निद्रा लागेन । रातको एक, दुई बजेको थियो, निन्द्रा कति पनि नलाएको हुनाले उसले भन्यो,

मेरी निदरी आउन निदरी आउन भन्दै चार पाचँ पटक भन्यो । फेरि राजाको ठूली बुहारीको नाम थियो निदरी । फेरि उसले सुनेछ, किन यो मान्छेले मलाई बोलाउछ, भन्दै हस्याङ र फस्याङ गर्दै झऱ्यो । दाइ किन बोलाउनु भाको हो ? मलाई नवोलाउन, मेरो ससुराले सुन्यो भने मलाई मार्छ, सुनको फालि धानको भकारीमा छ भनिदिनु भनेर उ सुत्न गई । झन ऊ त खुशी भयो । अव ढुक्क भएर सुत्यो । फेरि विहान भयो राजाले चामल हेराउन दियो, के को डर चार ओटा चामल पल्टाएको थियो बताइदियो । हेर्नुस तपाइँको सुनको फालि घरमा छ, अन्त कतै छैन त्यो तपाइँको धानको भकारीमा गाढेर राखेको छ  भनेर उसले मन्तर विसायो । राजा भन्ने वित्तिकै हेर्न गयो । नभन्दै भेट्टायो । राजाले यो त जान्दो रहेछ भनेर भए भरको सम्पति दिएर पठायो ।

## विश्लेषण

प्रस्तुत काथाको कथावस्तु सामाजिक रहेको छ । कथाको सुरुवातमा लाटो ज्वाइँले रोटीको संख्या मिलाउनु र हराएको घोडा पाउनु रहेको छ । कथाको विकास क्रममा राजाको सुनको फाली पनि निदरीको कारण पत्ता लाग्दछ । यसरी नै कथाको अन्त्यमा राजाले उसलाई धेरै सम्पत्ति दिएर विदा गर्दछन्  । यसरी लाटो ज्वाइँले धेरै धन सम्पत्ति पाएर फर्किनुले कथालाई निकै सुखद बनाएको छ ।

प्रस्तुत कथामा मानव र मानवेतर पात्रहरु रहेका छन् । मानवेतर पात्रहरुमा  घोडा रहेको छ भने अन्य मूख्य मानवीय पात्रहरुमा लाटो ज्वाँइ निदरी रहेका छन् भने गौण पात्रको रुपमा घोडा मालिक र राजा रहेका छन् ।

प्रस्तुत काथाको परिवेश सामान्य ग्रामीण जीवनशैलीमा देखाइएको छ भने दरबारीया परिवेशलाई पनि कथाको विकासक्रमसँगै देखाइएको छ ।

प्रस्तुत कथाले निकै परिश्रमी र  मिहनेती बन्न सिकाउँदै आफ्नो अनुकुलमा रहेको समयलाई सदुपयोग गर्नुपर्ने उद्देश्य राखेको छ र लक्षित उद्देश्यप्रति उक्त कथा पूर्ण रुपमा सफल रहेको छ ।

प्रस्तुत कथामा सरल भाषाको प्रयोगका साथै भाषामा स्थानीयताको प्रभाव पाइन्छ । वर्णानात्मक र स्वभाविक शैलीको प्रयोगले कथालाई निकै उत्कृष्ट बनाएको छ ।

## ४.८ डरको अर्थ नबुझ्ने राजकुमार

स्रोत : रञ्जना श्रेष्ठ

कुनै देशमा एउटा राजकुमार थिए । ती बडो सुखी थिए । राजकुमारको दरवार अलि पर एउटा पर्वत थियो । त्यस पर्वतको एउटा कुनामा अत्यन्त भयानक गुफा थियो, त्यस गुफाभित्र एउटा डरलाग्दो राक्षस बस्दथ्यो । त्यस गुफामा राक्षस बसेकाले गुफा नजिक मान्छेहरु जाँदैनथे । गुफामा कोही जाने आँट गर्दैनथ्यो । भन्ने कुरा एक कान दुई कान गर्दै यो कुरा राजकुमारको कानमा पऱ्यो । यो कुरो सुनेपछि एकदिन राजकुमारले आफ्ना मन्त्रीसँग सोधे । “मन्त्रीहरु ! एउटा गुफामा अत्यन्त डरलाग्दो राक्षस छ भनेको साँच्चै हो कि होइन ? "हे राजकुमार ! धेरै समयअघिदेखि त्यस गुफामा राक्षस बास गरिराखेको छ । त्यस गुफाको नाउँ लिंदा पनि मान्छे डरले थर्कमान हुन्छन् ।" तपाईंहरु त्यस गुफाको नाम लिंदा रौं ठाडा हुन्छ भन्नुहुन्छ । के रहेछ एकपल्ट त्यसको अनुभव गर्न मन लागिरहेछ । मन्त्रीहरुले त्यता नजाउन् भनेर अनेक उपाय गरे तर राजकुमार कत्तिपनि बिचलित भएनन् । आखिरमा मन्त्रीहरु र सैनिकहरुलाई पछि लाएर राजकुमार त्यस गुफाको मुखमा पुगिछाडे । गुफाको मुखमा राजकुमारले राक्षसलाई सम्बोधन गरेर भने ए राक्षस, मान्छेहरु तिमी देखि डराएर भाग्छन् भनेको सुनें, मलाई पनि डर के रहेछ भनेर थाहा पाउन मन लाग्यो । त्यसैले एकफेर बाहिर आइदिन्छौ कि, राजकुमारको हाँक सुनेर राक्षस रिसले चुर भएर गर्जिदै बाहिर निस्क्यो । बसिरहेका मन्त्रीहरु र सैनिकहरु सबै कुलेलम ठोके तर राजकुमार भने अलिकति पनि बिचलित भएनन् । हो, राक्षस तिमी यत्रो ठूलो तवरले कराउँछौ र यस्तो नराम्रो अनुहारका छौ भन्ने थाहा थिएन । मैले तिमीलाई देखेकै थिइन, तिमीलाई देख्दा सबै डरले व्याकुल हुन्छन् भन्थे तर मलाई भने डरको अनुभव भएन अनि राजकुमारले राक्षसलाई भने । राजकुमारको यस्तो कुरा सुन्दा राक्षसले आँफूलाई हाँक दिएको भन्ने ठान्यो र उसले रिसले चुरिएर राजकुमारलाई जुरुक्क उचालेर भयानक दाह्रा देखाउँदै मुखभित्र हाल्यो । राजकुमारले यसै मौकामा आफ्नो धारिलो तरवार राक्षसको घाँटीमा रोपिदिए । राक्षस त्यही पछारिएर मऱ्यो । राजकुमार त्यति काम गरेर सरासर आफ्नो दरवारमा पुगे । त्यो देखेर मन्त्रीहरुले खुब प्रशंसा गरे । राजकुमारको ठूलो सत्कार गरियो, ठीक त्यसै बेला दरवार नजिकै मानिसको ठूलो भीड गुहार गुहार भन्दै आइरहेको देखियो । भीडबाट आएका मानिससँग मन्त्रीले " के भयो ” ? भनी सोधनी गरे । उनीहरुले मन्त्रीज्यू एउटा ठूलो अर्ना हाम्रा गाउँमा पसेर ठूलो उपद्र गर्दछ । त्यसको सामुन्ने कोही पनि जान सक्दैन । त्यसैले यहाँ कसैबाट हाम्रो रक्षा हुनसक्छ, कि भनी निवेदन गर्न यो भीड आएको हो भनेर सहायता खोजे । गाँउलेहरुको कुरा सुन्दा मन्त्रीहरुका रौं ठाडा हुन लागे, उनीहरु डराएको देखेर राजकुमारले भने तपाईंहरु

जहिले पनि डर लागेर रौं ठाडा भए भन्नुहुन्छ । मैले भने डरको अर्थ बुझ्न सकिन । मन्त्रीहरुलाई यति सुनाएर राजकुमार अर्ना भएको गाउँतिर लागे । त्यस ठाउँमा पुगेपछि अर्नाको पिठ्यूँमा चढेर त्यसका दुईटा सिंग समातेर अर्नालाई त केटाकेटी खेलाए जस्तो गरेर खेलाउन थाले अर्नाले बल नगरेको होइन राजकुमारलाई आफ्ना पिठ्यूँबाट लडाउन कैयौं पटक उसले खुब जोडले आङ हल्लायो तर राजकुमार रण जमाएर बसेका बस्यै भए । आङ हल्लाएर राजकुमारलाई लडाउन नसकेपछि त्यस गाउँलाई छाडेर सरासर गएर एउटा नदीमा पस्यो । भैंसीको जात जाँदा-जाँदा ढापमा पुगेर चल्न सकेन । अर्ना ढापमा गाडिन लागेको थाहा पाएर राजकुमार त्यसको पिठ्युँबाट उफ्रेर पानीमा झरेर किनारामा आए । त्यताबाट गाउँ भेट्टाउन हिँडेका राजकुमारले बाटो बिराएछन् । धेरै हिंडीसक्दा पनि गाँउ फेला परेन । फाँटमा एउटा छाप्रो देखिएकाले त्यसै छाप्राभित्र पसेर थकाइ मार्न पल्टिएका त निदाएछन् । राजकुमार मस्त निद्रामा परेकै मौकामा त्यस छाप्रामा बस्ने बुढी आमा एक टोकरी माछा बोकेर छाप्रा भित्र पस्दा अकस्मात् आफ्ना घरमा नचिनेको तेजस्वी मान्छे सुतिरहेको देख्दा बुढीले डराएर माछाको टोकरी फालिछ । त्यो टोकरी राजकुमारको छातीमा घोप्टिन पुगेछ । टोकरीका जिउँदा माछा सल्याङबल्याङ गर्दै राजकुमारको मुखमा पनि उफ्रिएर पसेछन्, त्यसले गर्दा राजकुमार आत्तिएर बिउँझिए । आमै, यो के भएको, मेरा आङ्का रौं पनि ठाडा भएछन्,बा भन्दै धर्मराएर जुरुक्क उठेछन् ।

## विश्लेषण

प्रस्तुत लोककथा बहादुरीको कथामा आधारित अतिमानवीय कथा हो । कथाको सुरुवातमा राजकुमार डरको अर्थ नबुझ्ने हुनाले अत्यन्तै अजङ्ग राक्षसको गुफामा जान्छन् र राक्षसलाई घाँटीमा तरबार रोपेर मार्छन् । कथाको मध्यभागमा अर्नालाई तह लगाउन राजकुमार जाँदा जाँदा अर्कै राज्यमा पुग्छन् । त्यस्तै कथाको अन्त्यमा थकाइ मार्न छाप्राभित्र सुतिरहेका राजकुमारको छातीमा बूढी डराएर माछाको टोकरी फाल्छिन् । जिउँदा माछा सल्बलाएर राजकुमारको मुखमा पसेछन् । त्यसपछि राजकुमार आत्तिएर विउँझिँदै मेरा आङमा पनि रौं ठाडा भएछन् बा भन्दै धर्मराएर उठेछन् ।

यसरी डरको अर्थ नबुझेर डर खोज्न राक्षससँग जाने राजकुमार आखिर टोकरीका माछासँग डराउन पुगेकाले उक्त कथा निकै रोचक बनेको छ । प्राय कथाको सबै ठाउँमा आनन्ददायक र सुखद पाइन्छ ।

प्रस्तुत लोककथामा मानव र मानवेतर पात्रहरु रहेका छन् । मुख्य पात्रको रुपमा राजकुमार रहेका छन् । मानवेतर पात्रको रुपमा अर्ना, माछा र राक्षस रहेका छन् । सहायक पात्रको रुपमा मन्त्रीहरु र बूढी आमै रहेकी छन् । प्रस्तुत कथामा अतिमानवीय र अलौकिक परिवेशको सिर्जना गरिएको छ । डरको अर्थ नबुझ्ने राजकुमारको बहादुरीपना र विभिन्न परिस्थितिहरुलाई अति नै उपयुक्त परिवेशमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाको उद्देश्य निकै रोचक रहेको छ । मानवीय स्वभावहरु जस्तै रिस, डर, घिन इत्यादि सबै मानिसमा स्वभाविक तवरले रहेको हुन्छ तर पनि सबैमा एउटै परिस्थितिमा उक्त स्वभाव प्रस्फुटित नहुन सक्छ भन्ने कुरालाई यस कथाले मूल रुपमा अङ्गिकार गरेकोले उक्त कथा निकै सफल रहेको पाइन्छ ।

यस लोककथामा प्रयोग गरिएको भाषामा ग्रामीण भाषाको प्रभाव परेको पाइन्छ । दरबारीया शब्दहरु मन्त्री, राजकुमार, सेना, जनता आदि शब्दको प्रयोग भएको पाईन्छ । यसका अलावा उक्त कथामा सामान्य आदरार्थी  र अनादरार्थी शब्दावली प्रयोग भएको पाइन्छ । प्रस्तुत लोककथा वीरतापूर्ण शैलीमा लेखिएको छ । राजकुमारको उच्च कोटीको साहसिक कार्यलाई अत्यन्त सरल, रोमाञ्चक र आकर्षक शैलीमा प्रस्तुत गरिएको छ ।

## ४.९ दान दिनुपर्छ ।

स्रोत : वीभा नेपाली

एकादेशमा आमा र छोरा थिए अरे । उनीहरु गरिव थिए अरे र आमा चैं सँधै निमेक गरेर छोरालाई हुर्काइरहेकी थिई अरे । निमेक गरेर ल्याको पनि सँधै एक पैसा र एक मुठी चामल जोगीलाई दान गर्थी अरे र छोरा अलि ठूलो भएपछि छोराले एकदिन भनेछ, "ए आमा, तिमीले निमेक गरेर ल्याको पनि जोगीलाई सँधै किन दिएको हो ? र आमाले भनिछ अरे नकरा बाबु, यो हामीले दरघरमा संगालेको हो भनेर र छोराले सोचेछ, अहो मेरो आमाले मलाई पनि पालिछन् दरघरमा पनि संगालिछन् भनेर एकदिन छोराले दरघरमा संगालेको हेर्न जान्छु भनेर गएछ र जाँदा-जाँदा सुरुमा बाटोमुनि विहे नभएर मरेकी केटीको लास भेटेछ र त्यो केटीले भनिछ, ए भाइ, कहाँ जाने हो ? भन्दा केटाले भनेछ, "मेरो आमाले निमेक गरेर ल्याको पनि सँधै एक पैसा र एक मुठी चामल दिन्छिन् दरघरमा संगालेको भन्दै जोगीलाई दान दिन्छिन् । त्यसैले दरघरमा हेर्न जान आएको भन्दा त्यस केटीले भनिछ दरघरमा जानी भए यो फूल न झर्छ न सर्छ किन हो ? सोधेर आऊ भनिछ अरे र केटाले हुन्छ भनेर गएछ अरे र जाँदा-जाँदा पूर्वपट्टि बाटामा एउटा बरको हाँगो सुकेर बसेको रहेछ । त्यो बरले भनेछ, "ए भाइ, कहाँ जानी हो ?" त्यो केटाले दरघर जानी हो भनेछ र बरले भनेछ, "दरघरमा जाने भए बरको हाँगो किन सुकेको हो ?" भनेर सोध है भनेछ र हुन्छ भनेर गएछ र जाँदा-जाँदा फेरि एउटा पोखरीमा घोडा मुटु दुख्यो भन्दै बसिराको रहेछ । केटालाई देखेर ए भाइ, "तिमी कता जाने हो ? भनेर सोधेछ अरे र केटाले म दरघरमा जानी हो भनेछ अरे । त्यसो भए "घोडाको मुटु दुखेको किन हो ? भनेर सोध भनेछ र हुन्छ भनेर गएछ । जाँदा जाँदा फेरि एउटा लामाको च्यान भेटेछ र त्यो लामाले सोधेछ, "ए भाइ कहाँ जानी हो ? केटाले भनेछ, "मेरो आमाले निमेक गरेर ल्याको पनि दरघरमा संगाल्नी भनेर सँधै एक पैसा र एक मुठी जोगीलाई दान गर्छिन् । त्यसैले दरघर हेर्न जानी भनेर भनेछ र त्यो लामाले पनि त्यसो भए बाटामा मरेको लामा किन स्वर्ग नगएको भनेर सोध भनेछ र हुन्छ भनेर गएछ र जाँदा-जाँदा दरघरमा पुगेछ, र सबैलाई नमस्कार गरेर सिरानमा पुगेछ अरे र दरघरमा केही पनि नदेखेर फर्किएछ र फर्किदा एक पाइला चाल्दै र मैले त भन्नै विर्सेको भनेर के होला भन्दा वाटामा मरेको लामा स्वर्ग जान पाएको छैन । त्यो ज्ञान अरुलाई दिने हो भने स्वर्ग जान्छ भन्यो अरे र लामालाई केटाले त्यसरी भन्दा लामाले ज्ञान केटालाई दिएर स्वर्ग गएछ र केटा आएछ र घोडा भएको ठाउँमा गएछ, घोडाले, "ए भाइ के भन्यो त दरघरले भनेर सोधेछ र केटाले भनेछ तिमीलाई जिनकाठी कसेर कुदायो भनी निको

हुन्छ अरे भनेछ र घोडाले मलाई लिएर आउ भनेर लिएर गएछ र बरको बुटामा पुगेछ र बरले सोधेछ, "ए भाइ के भन्यो त दरघरले ? भन्दा केटाले भनेछ, "तिम्रो जरामा धन छ अरे त्यो निकाले पछि बल्ल पलाउँछौ अरे भनेर भन्दा उसो भए तिमीले नै निकाल भनेछ र निकालेर घोडा माथि चढेर धन लिएर गएछ र केटीको च्याननिर पुग्यो अरे र केटीले सोधिछ," के भन्यो त भाइ दरघरले ? भन्दा केटाले भनेछ, "तिम्रो विहे नगरेर मरेको हो रे, त्यसैले तिमीलाई कसैले हात थाप्दा सऱ्यो भने फूल झर्नी र सर्नी हुन्छ अरे भनेछ र त्यो केटी पनि त्यही केटासँग गएर विहे गरिछ अरे र उनीहरु धनी भएर सुखी जीवन विताएर बस्न थालेछन् अरे । त्यसपछि आमाले दिनदिनै एक मुठी अन्न र एक पैसा जोगीलाई दानदिएको अर्थ छोराले बुझेछ अरे र त्यसपछि सो कुरा सवैतिर फैलिएपछि जोगीलाई माग्न आउँदा मुठी दान दिने चलन चल्यो अरे भन्ने लोक विश्वास गरिन्छ ।

## विश्लेषण

प्रस्तुत कथाको कथावस्तु उपदेशमूलक रहेको छ । कथाको सुरुवातमा निमेक गरेर ल्याएको एक पैसा र एक मुठी चामल जोगीलाई दिनुको रहस्य छोराले आमालाई सोध्छ । मध्यभागमा उक्तः रहस्य बुझ्न उ दरघर जान्छ र अन्त्यमा पैसा, श्रीमती, घोडा, ज्ञान र धन सहित घर फर्किन्छ । त्यसैले उक्त कथा संयोगान्त रहेको छ ।

यस कथामा मानव र मानवेतर पात्रहरु रहेका छन् । मूख्य पात्रहरुमा छोरो रहेको छ गौण पात्रहरुमा आमा, केटी, लामा आदि रहेका छन् । घोडा मानवेतर पात्रको रुपमा रहेको छ ।

प्रस्तुत कथामा प्राचीन पौराणिक परिवेशलाई आत्मसात गरिएको छ । समाजमा मुठी दिने चलनको सुरुवातलाई निकै श्रवणयोग्य परिवेशमा लेखिएको छ ।

प्रस्तुत कथाले परोपकारबाट नै आफ्नो उपकार हुन्छ । तसर्थ हामी सदैव पारोपकारको बाटोमा लग्नुपर्छ भन्ने उद्देश्य राखेको पाइन्छ । आफ्नो उद्देश्यप्रति उक्त कथा निकै सफल रहेको छ ।

प्रस्तुत कथाको भाषाशैली निकै सरल, सरस र सूरुचिपूर्ण रहेको छ । विश्लेषणत्मक शैलीको प्रयोग गर्दै समाजमा चलिआएको मुठी दिने चलनको सुरुवातलाई निकै रोचक ढङ्गमा देखाइएको छ ।

## ४.१० परिश्रमको महत्त्व

स्रोत : देवी श्रेष्ठ

कुनैठाँउमा एउटा सुन्दर गाँउ थियो । त्यस गाउँमा एउटा बुढो किसान बस्थ्यो । उसका जम्मा चारभाइ जवान छोराहरु थिए । ती छोराहरु अल्छी र मूर्ख थिए । छोराहरुको चाला देखेर बुढो दिक्क मान्थ्यो । छोराहरुले आफ्नो शेषपछि दुःख पाउलान् भन्ने चिन्ताले उसलाई सताइरहन्थ्यो । एकपटक बुढो विरामी परेर सिकिस्त भयो । उसलाई अव बाँचिदैन भन्ने पक्कापक्की भयो । त्यसैले मर्ने बेलाँ चारैभाइ छोराहरुलाई आफ्नो नगिचै बोलाएर भन्यो छोराहरु " अब म बाच्दिन होला , म मरेपछि तिमीहरुको के गति होला भनेर मलाई चिन्ता लागिरहन्छ । तिमीहरुको भविष्य सुखी होस् भनेर मैले खेतमा धेरै धन सम्पत्ति गाडेर राखेको छु । म मरेसी खेतँमा गएर खनेर राम्ररी निकाली बाँडेर खानू " बाबुको मरण (मृत्यु ) कहिले होला र धेरै धन - सम्पत्ती खेतबाट खनेर ल्याइ मोज मस्ती गर्न पाइएला ? भनी ती अल्छी र मूर्ख छोराहरु वाबुको मृत्युको पर्खाइमा बसे । नभन्दै बुढो किसानको मृत्यु भयो । छोराहरुलाई वावुको मृत्युले भन्दा खेताँ गाडेर लुकाएको धन - सम्पत्तिको बढी चिन्ता थियो । बाबुको काजकिया सकिएपछि चारै भाइ एक -एक औजार बोकेर खेततिर लागे । ती युवाछोराहरु धन भनेपछि हुरुक्क हुन्थे, त्यसैले चारैभाइ मिलेर वावुले लुकाएको धन फेला पार्ने आशाले रातदिन पसिना तरतर काढ्दै खेत खन्न थाले । आफ्नो पूरै खेत खनीसक्दा पनि उनीहरुले आश गरेको धन फेला पार्न भने सकेनन् । अनि उनीहरु निराश र हतास भएर बसिरहेका थिए । त्यत्तिकैमा एकजना छिमेकी किसान आएर उनीहरुलाई सोध्यो , " बाबु हो, तिमीहरु किन नि निरास र हतास देखिएका ? "कारण के हो त ? किसानका अल्छी र मूर्ख छोराहरुले भने " दाइ हाम्रा वाले गाडेर खेतमा लुकाएको धन यत्रो पुरै खेत खनी सक्दा पनि अझै पत्ता लगाउन सकेनौ । त्यसैले हामी अहिले भने निरास र हतास भएका हौ ।

छिमेकी किसानले सबै रहस्य तुरुन्तै बुझ्यो र त्यसपछि उसले भन्यो , "हेर वावु हो यहाँ त्यस्तो कुनै धन सम्पत्ति गाडिएको छैन । तिमीहरु अल्छी र मूर्ख छौ भन्ने थाहापाएर तिम्रा वावुले धन सम्पत्तिको लोभ देखाएर तिमीहरुलाई ठीक बाटोमा लाउने जुक्ति खेलेका मात्र हुन् । त्यसकारण तिमीहरुले आफ्नो पुरै खेत पनि खनिसक्यौ । अब यतिका हिसावले खेत खनीसकेपछि यहाँ खेती लगाओ, अनि प्रशस्त खेतीफल्छ र तिमीहरुले खान पाउने छौ । त्यसपछि तिनीहरुले वावुले खेतमा लुकाएर राखेको धनको रहस्य बुझे । उनीहरुले खेती वाली लगाए र प्रशस्त अन्नवाली फल्यो । यसरी उनीहरुले सिजन अनुसार खेती लगाउदै गएर धेरै अन्न फलाउने र आफुलाई वढी भएको अन्न वेच्दै गएर धेरै धनीपनि भए । यसरी उनीहरुले परीश्रम विना

सफलता प्राप्त गर्न सकिदैन भन्नेकुरा महशुस गरेर आफ्नो अल्छी बानीलाई छोडेर फुर्तिला र जाँगरिला बने र धनी बन्न सके ।

## विश्लेषण

प्रस्तुत लोककथा उपदेशमूलक रहेको छ । एउटा बुढो किसानका तीन छोराहरु अल्छी र मुर्ख हुन्छन् । बुढो मर्ने बेलामा आफ्ना छोराहरुलाई जाँगरिलो बनाउन खेतमा धेरै धन सम्पत्ति लुकाएर राखेको बताउनु कथाको शुरुवात हो, प्रारम्भ अवस्था हो । त्यसपछि बाबुको मृत्युपछि अल्छी छोराहरु खेतमा लुकाएको धनसम्पत्ति फेला पार्न सक्दैनन् । निक्कै परिश्रम गरेर धनसम्पत्तिको खोजी गर्नु विकासावस्था हो । कार्यान्वयन चरण हो । जब उनीहरुले खोजेको कुरा नपाएर निरास हुन्छन् गाउँलेले उनीहरुलाई अब तिमीहरुले सिजन अनुसारका खेतीवालीहरु लगायौ भने धेरै अन्नपात फल्छ, आफूलाई नचाहिने अन्त बेचेर  पैसा आउँछ, तिमीहरुका बाबुले भन्न खोजेको कुरा त्यहीहो भनेर सम्झाएपछि त्यसरी नै उनीहरुले पनि सोही अनुसार गरेर धनी बन्छन् । जुन कथाको अन्तिम अवस्था हो । त्यसकारण कथाको शुरुमा अल्छी र मुर्ख छोराहरु अन्त्यमा आइपुग्दा सम्म मेहनेती परिश्रमी र धनी बनेको देखाइएकोले कथा सुखात्मक एवम् संयोगान्त बनेको छ ।

यस लोककथाका पात्रहरु सवै मानवीय रहेका छन् । शुरुमा दुस्पात्रको रुपमा रहेपनि ३ नै जना छोराहरु विकासावस्था र अन्त्यमा आइपुग्दा सत्पात्रको रुपमा रहेका छन् । बुढो र गाउँले यस कथामा उत्प्रेरकको रुपमा रहेका छन् । यस कथाको परिवेश लौकिक ग्रामीण परिवेशको रहेको छ । गाउँघरमा सवैजना मान्छेहरु, कर्तव्यनिष्ठ हुँदैनन्, कतिपय त अल्छी, ठग प्रवृत्ति भएका मान्छेहरु पनि हुन्छन् तर तिनीहरुलाई पनि समयमा बुद्धि पुऱ्याएर अर्ति उपदेश दिंदा सत्मार्गमा ल्याउन सकिएको परिवेश देखाइएको छ ।

कथाको उद्देश्य स्पष्ट छ, विग्रेका र मतिभ्रष्ट भएका तथा कर्तव्य निर्वाह नगर्ने मान्छेहरुलाई पनि सही वाटोमा ल्याउने उद्देश्य सफल भएको छ । त्यसकारण यो कथा शिक्षाप्रद, मनोरञ्जनपूर्ण रहेको छ ।

प्रस्तुत लोककथाको भाषा सरल र सरस अनि स्वाभाविक खालको छ । आगन्तुक शब्दहरुको प्रयोग गरिएको छैन । भाषा क्लिष्ट र दुर्वोध्य नभै सलल वगेको वोधगम्य रहेको छ । सँस्कृतनिष्ठ शब्दहरुको पनि प्रयोग भएको छैन । यस लोककथाको शैली लाक्षणिक एवं आलंकारिक खालको रहेको छ । आफ्ना मर्ख र अल्छी छोराहरुलाई सोझै काममा पठाउन र काम गराउन नसकेपछि घुमाउरो पारामा तिनीहरुलाई कर्तव्यपथमा लगाउन सफल भएको छ । त्यसकारण कथाको क्रमवद्धता पनि टुटेको छैन ।

## ४.११ पीपलको छाँया

स्रोत : रमिला श्रेष्ठ

एउटा गाउँमा एकजना लोभी पारे आफ्नो बँगैचामा त्यस्तै एउटा पीपलको रुख धेरै मेहनेत गरेर हुर्काएर विशाल बनाइराखेको थियो । ऊ गर्मीको बखतमा हरसमय त्यस रुखको छायाँमा पल्टन्थ्यो । एकदिन एकजना व्यापारी गर्मी भएर गर्मी मेट्न त्यही रुखमुनि बस्न आइपुग्यो । उसले एउटा गधा पनि साथमा ल्याएको थियो । उसलाई देख्नासाथ पारे मुर्मुरिन थाल्यो । 'ए तँ को होस् ? मेरो रुखको छायाँमा बस्न आउने ?" पारे करायो । "म एक व्यापारी हुँ, थकाइ मेट्नलाई एकछिन मात्र आराम गर्न बसेको । हुँदैन, यहाँ बस्नु हुँदैन । यो छायाँ मेरो हो भन्दा व्यापारी उठेर आयो । रुख तिम्रो हुनसक्छ तर छायाँ कसरी हुनसक्छ ? धत् कहाँ हुन्छ,, जसको रुख उसको छायाँ हो । यो छायाँमा म त बस्न दिन्न ।" "होइन, म एकछिन मात्र बस्छु अनि त गइहाल्छु नि ।" हुँदैन, हुँदैन गइहाल ।

त्यो कञ्जुस पारे देखेर व्यापारीलाई रिस उठ्यो र हाँसो पनि । उसो भए म तिम्रो छायाँ पैसा दिएर किन्न चाहन्छु, बेच्छौ त ? रुपैयाँ पाउने कुरा सुन्नासाथ लोभी पारे मानी हाल्यो । हुन्छ नि, तपाईंलाई चाहिने भए मोल मिलाएर किन्नुस भनेर नरम भएर भन्यो । व्यापारीले साँच्चै नै मोलतोल मिलाएर छायाँ मेरो भयो भनेर किनेर छाड्यो । पारे पनि खुसी भयो । पैसा दिएको बेलामा व्यापारीले भनेको थियो छायाँ जताजता जान्छ, मेरो त्यहाँ बस्ने अधिकार हुन्छ । पारे यस कुरामा राजी भएको थियो । त्यसदिनदेखि पारे छायाँमा बस्न आउन छाड्यो । त्यसको सट्टा व्यापारी जुनवेला पनि गधा लिएर त्यस ठाउँमा आराम गर्न आउन थाल्यो । पीपलको रुख अलि परै पारेको घर थियो । पीपलको छायाँ घरको कौसीमा पर्न गएको छ भने व्यापारी कौसीमा बस्न जान्थ्यो । "मेरो कौसीमा नसोधिकन किन आएको ?" भनेर पारेले सोध्यो । "यता मेरो छायाँ आएको देखेनौ ? भनेर हप्काउथ्यो । पारे केही बोल्न सक्दैनथ्यो । हुँदा-हुँदा व्यापारीले त आफ्ना साथीहरु र थुप्रै गधाहरु समेत छायाँमा राख्न ल्याउन थाल्यो । छायाँ घरको पेटीमा पर्न गएको छ भने व्यापारी उसका साथीहरुको बथान लिएर गधालाई नजिक बाँधेर त्यही पेटीमा बसी गफ गरिरहन्थ्यो । पारेलाई फसाद पर्न थाल्यो । एकदिन पारेको घरमा धुमधाम भोज थियो । ठूल-ठूला व्यक्तिहरु पनि थिए । उनीहरु बैठकमा बसेर मस्तसँग भोज खाइरहेका थिए । त्यतिबेला पीपलको छायाँ झ्यालबाट पसी त्यही बैठकभित्र पर्न गयो । त्यस्तो भव्यताका साथ भोज मनाइरहेको बेलामा व्यापारी जुँगा मुसार्दै साथीहरुको एक हुलको साथमा राखी त्यै बैठकभित्र पस्यो । ए, ए, तिमीहरु किन आएको ? के काम छ त ? पारे जंगिदै बोल्यो, ऊ किन ? मेरो छायाँभित्र आएको देख्नुभएन त ? अब हामी एकछिन यहीं बस्छौं, तपाईंहरु बाहिर

निस्कनुपऱ्यो, छायाँ तपाईंले मलाई बेचीसक्नु भएको होइन र ? छाँया बेचेको कुरा सुनेर पाहुनाहरु दङ्गदास परे । उनीहरुले पारेको कञ्जुस चाला थाहा पाए । पारेको त्यस गाउँमा हुनसम्मको बद्नामी भयो । पारेलाई लाजै मर्नुभयो । ऊ त्यस गाउँमा बस्न सकेन । ऊ त्यो घर छाडेर अन्तै बस्न गयो । त्यसपछि त्यो घरमा कोही नआएको देखेर त्यही व्यापारीले नै त्यहाँ घर बसाल्यो ।

## विश्लेषण

प्रस्तुत पीपलको छायाँ लोककथा सामाजिक कथा हो । यस कथामा एकजना ब्यक्तिको बगैंचा हुन्छ र संयोगले एउटा ब्यापारी गधा लिएर गएको हुन्छ । चर्को घामले पोलेको कारण ऊ आफ्नो गधासहित रुखको शीतल छहारीमा बस्न आउँछ यो नै कथाको शुरुको अवस्था हो । रुखको धनी  पारे कन्जुस भएकाले आफ्नै रुखको छहारीमा ब्यापारीलाई बस्न दिन्न भन्छ र किन्न पर्ने तर्क अगाडि सार्छ अन्त्यमा ब्यपारीले  छाँया किन्छ । र  दिनहूँ सो रुखको छहारीमा गधालाई साथी लिएर शीतल ताप्न आइरहनु कथाको विकासावस्था हो । तेस्रो वा अन्तिम अवस्था भनेको पारेका घरमा भोज भएको दिनमा कोठाभित्र रुखको छायाँ पुगेकाले ब्यापारीसोही कोठामा जान छलफल गरेको सुनेर त्यहाँ भोज खान बसेका पाहुनाहरुले पारेको लोभीपना थाहा पाएर त्यही शर्मका कारण ऊ त्यहाँ बस्न नसकेकाले बसाँई सरेको दु : खान्त घटना हुनपुग्छ ।

यस कथामा मानव र मावनवेतर दुवै प्रकारका पात्रहरु रहेका छन् । पारे, ब्यापारी र भोजखान आएका मान्छेहरु मानवीय पात्र हुन् भने गधा मानवेतर प्राणी हो । यस कथामा पारे र ब्यापारी मुख्य पात्र हुन् भने गधा र भोज खाने ब्यक्ति गौण पात्रको रुपमा रहेका छन् ।

यस कथा सामाजिक ग्रामीण परिवेशमा आधारित छ । मानवजातिमध्ये सबै एकैनाश हुँदैनन् । कोही सज्जन र भलाद्मी हुन्छन् भने कोही अत्यन्त कन्जुस एवं लोभी हुन्छन जसले साह्रै सानो कुरामा समेत आफ्नो सामाजिक, नैतिक मर्यादा र इज्जतको ख्याल गर्दैनन् भन्ने कुराको विषयवस्तुलाई यस कथाको परिवेशले समेटेको छ ।

पीपलको छायाँ सामाजिक कथा हो र यसमा मूलत : एकजना लोभीको ब्यवहारले के कस्ता घटनाहरु उब्जाउँछ र त्यसबाट कसरी जोगिनुपर्छ भन्ने शिक्षा दिएको छ । लोभ गर्दा गर्दा अन्त्यमा रुखको छायाँ समेत ब्यापारीलाई बेचेर दुःख पाएको कथाले कञ्जुसको अवस्थालाई देखाएको छ । त्यसैगरी भोजको दृष्यले धार्मिक परम्परालाई पनि स्वीकारेको पाइन्छ ।

यस कथामा प्रयोग गरिएको भाषा गाउँघरमा बोलचाल गरिने साधारण खालको छ । यसमा केही मात्रामा लोकको वा स्थानीयताको पनि प्रभाव परेको पाइन्छ । सामान्य आदरार्थी शब्दको प्रयोग गरिएको प्रस्तुत कथामा तृतीय पुरुष पुलिङ्ग क्रियाको यथेष्ट प्रयोग भएको पाइन्छ । यस कथामा प्रयोग गरिएको शैली वर्णनात्मक खालको छ कथामा पारेले आफ्नो रुखको छहारीमा शीतल ताप्न नदिएपछि त्यसपछिका घटनाहरु क्रमश : अगाडि बढ्दै गएको छ । सरल शैली प्रयोग गरिएको छ ।

## ४.१२ भोग खोज्ने गजुरको कथा

स्रोत : पूर्णमान श्रेष्ठ

एउटा राजाले आफ्नो दरवार नजिकै भीमसेन थानको मन्दिर बनाएछन् तर मन्दिरको शीरमा गजुर नअडिएकोले राजाले ज्योतिषसँग हेराउन गएछन् र ज्योतिषले यो ठाउँ अल्पायु रहेछ, यहाँ बनाउन नहुने, बनाइसकिएछ । यो मन्दिरले मान्छेको भोग खोजेको रहेछ, मान्छेको भोग नपाएसम्म गजूर अडिदैन रे भनेपछि सो राजा फर्किए । पछि घरमा एक छोरा, एक बुहारी र आफ्नी श्रीमती भएको त्यस अवस्थामा छोरा सिकार खेल्न गएछ र बुहारी एक कोठामा बसीराखेको र आफ्नै बुढीसँग मात्रै कुराकानी भएछ । रानीले सोधेछ ज्योतिषले हेराउँदा के भन्यो त ? राजाले भन्यो, बुहारीले सुन्छ कि नसुनोस भनेर बुढीसँग मात्र कुराकानी गरे । यो मन्दिरले मान्छेको भोग खोजेको छ, अब के गर्ने ? तँ दिम भने म राँडो हुन्छु, म दिम भने तँ राडी हुन्छेस्, छोरा दिम भने एउटै छोरा दिनु भएन, तैपनि छोरालाई अर्को विहे गरिदिम भन्ने कुरा हुँदा सो कुरा बुहारीले सुनेर बसेकी रहिछ । बुहारीले कोठाको ढोका बन्द गरेर बसी । उसले सुनिछ भन्ने कुरा बुढाबुढीले थाहा पाए । त्यसपछि छोरो सिकारबाट फर्केर आए । छोराले बुहारी कहाँ गई भनेर सोध्यो, कोठैमा छ भनेर आमाले भनी र आँफै छोरा स्वास्नीकहाँ गयो । कोठा बन्द थियो । बुढीलाई ढोका खोल्न लगायो । ढोका खोल, किन सुतीराछ ? भन्दा स्वास्नीले म ढोका खोल्दिन, किन ? भन्दा मैले भनेको कुरा माने मात्र ढोका खोल्छु , नत्र ढोका खोल्दिन भनेर बाचा बँधाएर मात्र ढोका खोलीदिई । त्यसपछि बुहारीले तिम्रो बुवा-आमाले पहिले भएको कुराकानी गर्छन भन्दा मैले भनेर मान्छौ भने हामी दुईजना देशमा जाम् भनेपछि छोरा-बुहारी एक नाल बन्दुक सहित घरबाट निस्किएर जाँदा-जाँदा भोटेबन भन्ने ठाउँमा पुगे । त्यहाँ बसोबास गरेका भोटेहरु ५-७ घर रहेछ । त्यो भोटे बनको पँधेरामा आफ्नी श्रीमतीलाई छाडि आँफू मात्र भोटेहरुलाई कब्जा गर्न गएछ । सो भोटेहरुलाई एउटै कोठामा थुनेर आँफु श्रीमती लिन आएछ र लिएर त्यहिँ पुग्यो र उसले श्रीमतीलाई भन्यो कि तिमीले अरू ढोका खोले पनि यो मूलढोका (अरुलाई थुनेको ढोका) नखोल भनेको रहेछ । सो राजाको छोरा  सँधै सिकार खेल्न जाने भएकोले बनमा पसे, पस्ने वित्तिकै यहाँ के छ र किन ढोका नखोल भनेको ? भनेर ढोका खोलिदिई ढोका खोलेपछि त्यहाँ थुनिएका भोटेहरु सबै निस्किए । अब तँलाई हामीले मार्ने कि तैंले तेरो श्रीमानलाई मार्छेस भनेर कबोल गराए । उसले भनी मेरो श्रीमानलाई मार्छु आँफै मार्छु, मलाई नमार भन्दा अब तेरो श्रीमान आएर यही माथि बस्छ, पानी मागेमा यही पानी खानदिनु पानी खाएपछि बेहोस हुन्छ, त्यसपछि यही डोरीले बाँधिदिनु । बाँधेपछि यही छुरीले धसेर मार्नु भनेर भोटेहरुले सिकाए र आफूँ पहिले थुनिएको कोठाभित्र गएर बसे । श्रीमान

बनवाट सिकार खेलेर फर्क्यो । सो भनेको खाटमै आएर बस्यो । तिर्खा लागेकोले पानी माग्यो । दुलहीले भोटेहरुले मन्त्रेको पानी खान दिई । पानी खाएपछि ऊ तुरुन्तै बेहोस भयो र बेहोस भएर सुतेपछि श्रीमतीले हातखुट्टा त्यही डोरीले बाँधी र छुरी लिएर मार्न खोज्दा उसले आँखा उघार्‍यो । अहो, किन हो, यस्तो गरेको ? तँ भन्दा मैले मेरो बुवा -आमा र श्रीसम्पत्ती छोडेर तँ सँग आउने, आज तैंले मलाई मार्ने म एउटा कथा भन्छु, हेर एउटा धारामा एक जना मान्छे पानी खान गएको रहेछ, त्यो धारामा सर्पले बिष झारेर बसेको रहेछ, त्यो बिषालु पानी नखाओस भनेर न्याउरीले माथिबाट पानी धमिलो बनाएर पठाउँदो रहेछ, त्यो न्याउरीले मलाई पानी खान दिएन भनेर त्यो मान्छेले न्याउरीलाई आँफूले टेकेको लट्ठीले हानेर मारिदिएछ । पछि हेर्दा सर्पले विष झारेको रहेछ । अहो मैले के गरेको यस्तो यो न्याउरीले मलाई विषालु पानी खान नदिन पो यस्तो गरेको रहेछ भनेर ऊ न्याउरी मारेकोमा पछुतायो र त्यस्तै अरु अरु कथा पनि त्यो श्रीमतीलाई भनेछ । तैपनि श्रीमती मानिनछ । त्यसपछि मलाई तैंले नमारी नछोड्ने भएपछि मलाई मार्न त मार, मलाई बाँधेको डोरी, यो छुरी केही नझिक । यही खाटैमा राखेर यही लुमडी घाटमा लगेर कालीमा बगाइदिनू भनेको थियो । त्यसैगरी आफ्नी श्रीमतीले श्रीमानलाई छुरी धसेर मारिदिईछ । मारेपछि सो भने बमोजिम नै खाटै समेत लगेर कालीमा बगाईदिईछ । सो खाटबाट बग्दै जाँदा - जाँदा तल खाल्टे घाटमा पुगेछ । त्यो ठाउँ हाल भिर्कोट गा.वि.स. वार्ड नं. ८ मा पर्छ । त्यही खाल्टेमा एउटा ठकुर्नी बालककालदेखि नै कुनै पुरुषको संग्रह गर्दिन, मुख हेर्दिन भनेर बसेकी रहिछ र त्यो केटीले चारजना केटीहरु लिएर रातमा नुहाउन जाने रहिछ । सो नुहाएको अवस्थामा सो बगेर गएको खाट र मान्छे त्यस ठाउँमा ( नुहाएको ठाउँमा) पुगेछ, यो के होला ? भनेर हेर्दा  खाटैमा मरेको मान्छे देखी । ओहो के आश्चर्य हो मैले लोग्ने मान्छेको स्वरुप हेर्दिन भनेर बस्दा पनि झन् मरेको मान्छे देखें भन्दै यसलाई जगाइदिन्छु भनेर डोरो फुकाएर फूल-अक्षता छर्केर जगाइदिएछ । जगाएपछि सो (जुन) केटासँग भनी कि म यस्तो तपस्या गरेर बसेको हो, आज मैले तिमीलाई देखें र तिमीलाई बचाएँ । त्यसैले अब म तिमीसँग बिहे गर्छु । मेरो बुवा खाल्टे वहिटारमा छन्, उहीं गएर कुरा गर्नू भनीछ । घर सोध्दै जानू, म पनि पछि पछि आउँछु । र बुवासँग कुरा गर्दैथिए ती मान्छेले पछि पछि केटी आइपुगी । वुवा-आमाले मेरी यसरी तपस्या गरेर बसेकी छोरीलाई विहे किन गर्ने ? भने तर छोरीले आफ्ना आमा-वुवालाई  म यही केटासँग विहे गर्छु भनी केटी मागे र कुरा गरेपछि मञ्जुर भयो र दुवैको छिट्टै विहे भयो । त्यसै ठाउँमा २-४ महिना त्यहीं बसेपछि सो राजाको छोराले आफ्नो आमा बुवा सम्झे । आफ्नो श्रीमतीसँग म पनि मेरो आमा-वुवालाई भेट्न जान्छु तिमी माइत बसिरहु । म १-२ महिनामा आइपुग्छु भन्दा श्रीमतीले पनि जान्छु भनी

दुबैजना कालीको तिर तिर आएर काली गडगडी घाटबाट रुपटार हुँदै भोटे बनमा आइपुगेछ । त्यसै ठाउँमा आफ्नो मृत्यु भएको थाहा पाए । त्यहाँ बसोबास गरेको भोटेहरू सवैलाई मारे र आफ्नो जेठी श्रीमतीलाई मार्न लाग्दा हात जोडी । त्यसलाई नमारी आफैंले लिएर रिसिङ्गकोट आइपुगे र घरमा आमा वुवालाई भेटेर मन्दिरको गजुर के भयो भनी सोधे । के हुनु तिमीहरु गइहाल्यौ, त्यतिकै छ भने । भोलिलाई पूजा सरजाम तयार गर्न लगाएछ र भोलिको दिनमा सो मन्दिरमा त्यही जेठी श्रीमतीलाई लगेर मन्दिरमा पूजा गरे र मात्रै मन्दिरको गजुर अडिएछ । त्यस ठकुर्नीबाट जायजन्म नहुँदा कान्छी श्रीमती विहे गरेर कान्छीबाट छोरा-छोरी जन्मिए र माहिली श्रीमती बेसी कुनहर भन्ने ठाउँमा एउटा झुपडी बनाएर बसेर आफ्नो जिविका चलाएर बसीछ ।

## विश्लेषण

यो लोककथा धार्मिक किम्वदन्तीबाट लिइएको हो । किन कि नेपाली पौराणिक, धार्मिक किंवदन्तीहरुमा यस्ता धेरै प्रकारका कथाहरु भेटिन्छन् । यहाँ कथाको शुरुवात राजाले आफ्नो दरवार नजिकै भीमसेनको मन्दिर बनाउन लगाएको बाट भएको छ । त्यसैगरी उनले मन्दिर बनाउने काम सकिएपछि गजूर राख्नुपर्ने, तर त्यस मन्दिरमा जसरी राखेपनि गजूर नअडिएको कारण कसरी गजूर अड्याउने भन्ने उपाय खोज्दै जाँदा ज्योतिषेको तय रायअनुसार नरवली वुहारीलाई दिने सल्लाह गर्दै कथाको घटनाक्रम विकसित हुँदै जान्छ । यसैक्रममा छोराबुहारी दरवार छाडेर अर्कै देशमा जानु , भोटेलाई जित्नु र थुन्नु, वुहारीले आखिरमा आफ्नै पतिले भनेको नमानी उसैलाई मार्नु, काली नदीमा बगाइदिनु, तपस्या गरेर बसेकी वालब्रह्मचारी कन्याले बाहिर झिक्न लगाउनु र उसैसँग विहे गर्नु यो कथाको विकासावस्था हो । त्यसै गरी पुनः विवाहपछि पत्नीलाई लिएर दरवार फर्कनु, जेठीलाई समेत भेटेर ल्याउनु र दरवारमा आएर वुवाआमालाई मन्दिरको गजूरको बारेमा सोध्दा नअडिनु र त्यै बदमास जेठी बुहारीलाई बली दिनु र गजूर अडिनु अनि सुखपुर्वक जीवन विताउनु यस कथाको अन्त्य अवस्था हो ।

यो कथामा भएका पात्रहरू लौकिक हुन् उनीहरु सवै यसै धर्तीका उपज हुन् । जस्तै : राजा रानी, छोरा-वुहारी, वाल व्रह्माचारी कन्या, भोटेहरु आदि । त्यसमध्ये राजकुमार (छोरो) यस कथाको सवैभन्दा क्रियाशिल एवं सक्रिय पात्र हो । यस कथाको नायक पनि हो । उसको भूमिका सबै बेलामा सकारात्मक खालको देखिन्छ । गतिशील देखिन्छ, सही र सत्यको पक्षमा आफूलाई उभ्याएको छ, सत्पात्रको रुपमा स्थापित भएको छ । तर राजा रानी, वुहारी र भोटे मध्ये वुहारी सक्रियपात्र रहेपनि यी सवै जना अवसरवादी, वेइमानी र स्वार्थी एवं खलपात्रको

रुपमा रहेका छन् । असत् पात्रको रुपमा देखिएका छन् । त्यसैगरी वाल व्रह्मचारी कन्याको भूमिका राम्रो एवं सत्पात्रको रुपमा देखिएको छ । उनी कथाको सक्कली नायिका पनि हुन् ।

यो कथाको परिवेश दरवारदेखि जङ्गलसम्मका रहेको छ । दरवारिया वातावरणमा हुने घात-प्रतिघात, सुख दुःख र व्यवहारिक, धार्मिक प्रवृत्तिलाई समेत यस कथामा समेटिएको छ । एक आपसमा पाइने विश्वास, सहयोग आदि विषयवस्तुलाई पनि यहाँ देखाइएको छ ।

यस लोककथाको उद्देश्य धार्मिक विश्वास जगाउनका लागि मन्दिरको निर्माण गर्नु गराउनु रहेको छ भने अर्को उद्देश्य अरुको अहित गर्छ भने वावु-आमा, स्वास्नी आदि कसैलाई पनि मानेर वसिरहनु ठीक छैन त्यस्ता स्वार्थी र अवसरवादीलाई बेलैमा विदा लिनुपर्छ भन्ने हो । त्यसैगरी यसको अर्को उद्देश्य दुःख कष्ट परेको वेलामा आत्तिएर होइन वुद्धि र विवेकसाथ काम गर्नुपर्छ भन्ने हो र त्यही वुद्धि र विवेकले काम गर्दा राजकुमार बाँच्न सफल भएको छ र कथाको उद्देश्य पनि सफल भएको छ ।

अन्य लोककथामा प्रयोग गरिएको भाषा जसरी सर्वसाधारणले बुझ्न सक्ने खालको सरल र सहज हुन्छ, यसमा पनि जटिल भाषाको प्रयोग गरिएको छैन । त्यसैगरी भाषामा व्याकरणका हिसावले पूर्णतः शुद्ध नभए पनि, जान् (जाउ), दिम् (दिउँ), आदि स्थानीय रुपमा प्रयोग हुने कतिपय पद तथा पदावलीहरुको प्रयोग भएको पाइन्छ । यस लोककथामा प्रयोग भएको शैली वर्णनात्मक खालको हुन्छ, प्राय : यस्तै वर्णन गरिएका लोककथाहरु भेटिन्छन् । आलंकारिक शैलीको प्रयोग गरिएको छैन । केही ठाउँहरुमा संवादात्मक शैली पनि अपनाइएको पाइन्छ ।

## ४.१३ मैना चरोको इन्साफ

स्रोत : पूर्णमान श्रेष्ठ

एकादेशमा एउटी आइमाई आफ्नो श्रीमानसँग अमेल भै जंगलमा गै झुपडी बनाइ बसेकी रहिछ । त्यसले ५/५ महिनामा छोरी जन्माउने रहेछ र १५ महिनामा ३ वटी छोरी जन्माइछ । त्यो छोरीहरुलाई पालन-पोषणको लागि आमा बजारमा गै ढिकी-जाँतो गरी कमाएर आफ्नी छोरीहरुलाई खुवाउने गरेकी रहिछ । एक दिन आमा नभएको अवस्थामा छोरीहरुले सल्लाह गरेछन्, अब दिदी-बहिनी हामी व्रत बसौं अबदेखि पुरुष जातिको मुख नहेर्ने गरेर बसौं भनी ८/१० वर्ष त्यसैगरी बसेका थिए । आमा बजारमा गएको अवस्थामा त्यही राज्यको राजा वनमा सवारी भएछ । राजालाई पानीको प्यास लागेछ । पानी खोज्दै हिंडेछन् । अचानक सो घरमा पुगेछन् र माथि लेखिएको ३ जना केटीहरु घरमा ढोका थुनी भित्र बसेका थिए । आफैं राजाले यो घरमा को छ ? भनी बोलाए ती केटीहरु भित्र बसी सल्लाह गरे । दिदीहरु दुई जना हामी पानी दिन सक्दैनौं भनेका थिए । कान्छी बहिनीले पानी नदिए ठूलो पाप लाग्छ अरे भनिछ र मैले पानी लगिदिन्छु । मेरो मोहोडामा कालो मोसो लगाइदेऊ भनी दिदीहरुले कालो मोसो लगाइदिए । बहिनी लोटामा पानी लिइ ढोका उघारी राजालाई पानी दिई । राजाले त्यो पानी लिइ आधा पानी खाएर आधा पानी हातमा लिई सो केटीको मोहोडामा छ्यापी दिए र आफू आफ्नो दरवार फर्केर आए र राजाले चारजना प्रहरीलाई तिमीहरु फर्केर त्यो घरको चारपट्टि बस, त्यो घरभित्र के-कति जना छन्, उनीहरुले के-कस्ता कुरा गर्छन् सो कुरा मलाई जानकारी दिनू भनी राजा दरवारतिर फर्के । सो घरका केटीहरु तीन जनाले सल्लाह गरेछन् । अब हामी यसरी बसेर निर्वाह अवश्य हुँदैन, हामीले एक एक केटाहरुसँग विवाह नगरी हुँदैन । अहिले हाल आमा छँदा जे-जसरी आमाले पालन पोषण गरेकी छन् आमा मरेपछि हाम्रो के अवस्था होला ? भनी जेठी दिदी तिमी के भन्छ्यौ ? भन्दा दिदीले म यदि विहे गर्नुपर्छ भने होटलवालाको छोरासँग विहे गर्छु । त्यसैगरी माहिली चाँहीले म त मन्त्रीको छोरासँग विहे गर्छु भनी र त्यसपछि कान्छीको पालो आयो र उसले भनी मैले कुनै लोग्ने स्वरुप हेर्दिन भनेर बसेकी थिएँ र मलाई जस्ले मेरो मोहोडामा पानि छ्याप्यो अथवा जसलाई मैले पानी खानदिंए सोहीसँग जान्छु भनी । सो कुरा चार जना प्रहरीले सुनेका थिए र त्यो कुरा लिएर राजाकहाँ पुगे । उसको भोलिपल्टै राजाले सोही पुलिसहरुलाई पाल्की समेत लिएर सो केटीहरु कहाँ जाओ र त्यसको घरमा को-को छन्, सबै लिएर आओ भनेर हुकुम दिएछन् । प्रहरीहरु गएर त्यो झुपडी घरमा भएका ३ जना केटीलाई पाल्कीमा राखेर दरवारमा पुऱ्याएछन् ।

जेठी छोरीलाई उसको इच्छा अनुसार होटलवालाको छोरासँग विहे गरिदिएछन् , माहिलीलाई मन्त्रीको छोरासँग विहे गराइदिए र कान्छी छोरीलाई राजा आफैंले विहे गरेछन् । आमा बुढीलाई आफैं राजाले घरको मुख्यानी बनाए । कान्छी महारानीले दिदीहरुलाई भने कि म त महारानी हो तिमी दिदीहरुले मलाई मान्न आउनूपर्छ भनी र दिदीहरुले हामी दिदी हौं, तिमी बहिनी हामीलाई मान्न आउनुपर्छ भनी र दिदी-बहिनीको एक आपसमा कल झगडा भयो । कान्छी महारानी गर्भिणी भइ । दिदीहरु गई बहिनीको स्याहार सुसार गर्ने गरेका थिए । सुत्केरीको अवस्थामा बहिनीको हात बाँधिदीने र नदेखियोस् भनेर आँखामा कालो पट्टि बाँधिदिने गरे । सोही महारानीले पहिलो पटक छोरो पाएकी थिइन् । तर दिदीहरुले मुसा पाई भनेर राजालाई देखाउन गए । दोश्रो पटक पनि त्यसैगरी छोरो पाइन विरालोको बच्चा पाई भनेर राजालाई देखाए । तेश्रो पटक पनि छोरो पाई भनेर कुकुरको बच्चा राजालाई देखाउन गए । त्यसपछि राजाले अब यसलाई राख्न हुँदैन, किनकी यसले मुसा, कुकुर र विरालो जन्माउनेलाई मार्नुपर्छ भनी राजाले सुदर्शन चक्र लिई मार्न खोजेका थिए । मन्त्री भारदारहरुले स्त्रीघात गर्नु हुँदैन भनी छेके । त्यसपछि एउटा कामीलाई मान्छे राख्ने एउटा पिंजडक बनाउन लगाइ पिंजडामा राखी दरवारको अगाडि झुण्ड्याए र राजाको हुकुम भयो, यो दरवारमा आउने मान्छेहरुले भित्र पस्नु अगाडि पछाडि फर्केर त्यो पिंजडामा बसेकी कान्छी महारानीलाई एकफेर थुकेर मात्रै दरवारमा पस्नू भनेर । त्यो आदेश दिएर राजाले राजकाज चलाएका थिए । कान्छी महारानीको छोरा-छोरी मुसा, विराला, कुकुर भनेकोमा सो केटाकेटीहरुलाई दिदीहरुले प्रत्येक बाकसमा राखी समुन्द्रमा बगाएका थिए । सो. केटाकेटीहरुलाई प्रत्येक सालमा (वर्षमा) तल अपूर्व जोगीले पाएर धाई आमाले पालन-पोषण गरेकी थिईन् । सो पालन-पोषण गर्ने जोगी र धाई-आमा समेत कालगतिले मरेर दाजुहरु दुई जना र वहिनी मात्र थिए । उनीहरुको जिमीजेथा धेरै थियो । एकदिन दाजुहरु बनमा सिकार खेल्न गएका थिए । उनीहरु सिकारबाट नआउँदैमा एउटा जोगी भिक्षा माग्न घरमा आए । बहिनीले भिक्षा दिइ सकेपछि जोगीले एउटा चिठी निकाली दियो । बहिनीलाई यो चिठी बमोजिम काम गर्नू भनेर बहिनी (केटी)लाई भनेर जोगी गए । त्यसपछि दाजुहरु पनि सिकारबाट बेलुकी आइपुगे । बेलुकी भात खाएर बहिनीले भनी, "दाजु एउटा जोगी आएर चिठी दिएको छ, त्यो चिठी खोली हेर्दा दक्षिण दिशामा गीत गाउने रुख छ, त्यहाँ भयङ्करको राक्षसहरु पनि आउँछन् । त्यो रुखको टुप्पामा पिंजडामा मैना चरो छ त्यो लिएर आउनू भनेको रहेछ । लौ त बहिनी, म भोलि जाँदैछु म मरेको र बाँचेको एउटा निशान छोडेर जान्छु भनी घोडा माथि चढेर गए । जाँदा-जाँदा बाटोमा त्यही जोगी बसेको रहेछ, महाराज राजकुमार तिमी कहाँ जान आयौ ? भन्दा म राजकुमार होइन, म एउटा

साधारण मान्छे हुँ । म दक्षिण दिशा गीत गाउने रुखमा मैना चरो लिन जाने भन्दा सो जोगीले तिमीले बाटो चिनेको छैन यो भकुण्डो घोडा माथिबाट फाल यो भकुण्डो जहाँ गयो, त्यँही जाऊ । यो भकुण्डो जुन रुखमा गएर ठक्कर खान्छ, त्यही रुखमा माथि मैना चरो छ, तिमीले त्यो रुख नछोएसम्म कुनै गीत गाएको हुँदैन । तिमीले त्यो रुख छोएपछि विभिन्न भाकाका गीत गाउनेछ भनेपछि ठीक छ भनी सो जेठो छोरा गए । सो भकुण्डो ठक्कर खाइ विलाए पछि घोडाबाट झरी सो रुखमा चढ्न थाल्यो । बीचमा पुग्दा राक्षसहरु झम्टिन आए । सोही कारणले उनी देहान्त भए । सो खप्पर आफ्ना वहिनी र भाइले पाए । भोलिपल्टै माहिलो दाजु पनि एवम् प्रकारले गए । उनले पनि देहत्याग गरे । सो खबर बहिनीले पाई । त्यसपछि भोलिपल्टै बहिनीले आफ्नो उर्वा-यर्वाहरुलाई म फर्किएमा सम्पत्ति मेरै र यदि म नफर्केमा मेरो भएको श्रीसम्पत्ति तिमीहरुले बराबर बाँडीचुँडी गरी लिनू भनेर बहिनीको पनि दाजुकै भेष गराई घोडामा चढेर गई । बाटोमा सोही जोगी फेला परे । जोगी बा ले भने राजकुमारी तिमी कहाँ जान आएको भन्दा म कुनै राजकुमारी होइन, म दक्षिण दिशामा गीत गाउने रुख छ, त्यसको टुप्पोमा मैना चरो छ, त्यो लिन जाने भन्दा जोगियाले नजाऊ तिमी त्यो ठाउँमा धेरै राजकुमारहरु मरे भन्दा सो केटिले म जान्छु भनी । यदि तिमी जाने भए यो भकुण्डो लिएर जाऊ भने । त्यो भकुण्डो ठक्कर खाएको रुखमा मैना चरो छ, नछोएसम्म केही हुनेछैन, छोएपछि विभिन्न भाकाका गीत गाउँछ र राक्षसहरु भयानक भएर आउँछन् भनिदिए । सो केटी भकुण्डो लिएर गई । सो रुखमा ठक्कर खाएपछि घोडाबाट झरी त्यो रुख नछुदैं आफ्नो कोटबाट आँखामा कालोपट्टी बाँधी कोटाबाटै रुइ झिकी कानमा कोचारी सो रुखमा चढी । टुप्पामा पुगी सो मैना चरी रहेको पिंजडक समाती आफुले लगाएको कालो पट्टी खोली हेर्दा राक्षसहरु पछाडि फर्कदैं भागेको र सो मैना चरी झिकेर तल भुईंमा आएपछि मैना चरीले फूल टिप्न लगायो । त्यहीं पानीको पोखरी थियो । त्यही फूलले नै त्यो पोखरीको पानीमा फूल डुबाइ यो बुटामा सबैतिर छर्नू भनेर मैना चरोले अऱ्हायो । त्यो पानी छर्ने वित्तिकै पहिले पहिले मरेका राजाहरु र आफ्नै दाजुहरु आ-आफ्नो घोडा चढी घरतिर आए ।

घरमा फर्केपछि आफ्ना दाजुहरुसँग हेलमेल भै घर बसेपछि एकदिन मैना चरोले दाजुहरुलाई सिकार खेल्न जानू भन्यो र आफ्नै बाबुको जंगलतिर पठायो । केटाहरुले जंगलमा मिर्ग, मारे । वावुहरु ( सो केटाको ) सोही दिनै शाहीसेना लिएर जंगलमा आएको रहेछ । सो केटाहरुलाई सेनाहरुले समाते, कसैले यही मारौँ भन्दै थिए, तर राजाले केटाहरु राम्रा राम्रा देखेर नमार भनी केटाहरुसँग आँफै राजाले सोध्न लागे र केटा हो, तिमीहरुको घर कहाँ पऱ्यो

? तिम्रा आमा - बुवाको नाम के हो ? र तिमीहरुको नाम के के हो ? भनी सोधपुछ गर्दा केटाहरुले मेरो घर नदी किनारमा पर्छ । हाम्रो बाबु -आमा केही छैनन् । हामी विनावावुका छोरा हौ । वावा आमाको ठेगान छैन भन्दा राजाले तिमीहरुलाई के काम गर्ने इच्छा छ ? भनी सोधे र केटाहरुले मेरो घरमा एउटी वहिनी छ, उसगँ नसोधी म केही भन्न सक्दिन भन्दा राजाले तिमीहरु मेरा घरमा भोजखान आओ भनेर निम्तो भने र उनीहरुले पनि हुन्छ आउछौं भने । र त्यसपछि केटाहरु घरतर्फ फर्के । त्यो सारा कुरा घरमा गएर मैना चरोलाई कहे र मैना चरोले जाउ भनी भोजखान पठायो । केटाहरुलाई चरोले भन्यो कि तिमीहरु राजाको भण्डारमा गएर राजाले भोज खान दिउन तर भोज नखादै भन कि मेरो घरकी बहिनीले हजूरलाई पनि निम्तो भनेकी छे । हजूर मेरो घरमा आउने भए भोज खानू नत्र नखानू भनेकी छे भन्दा राजाले म त राजा भएर तिमीहरुलाई निम्तो भनेको हो, तिम्रो घरमा गएर खान मिल्दैन भने । त्यस पछि राजाले तिम्रो घरमा आएर त खाँदिन तर पाहुना मनाइदिन्छु । म मात्र नभै मेरो मन्त्रीमण्डल, सेना, सबै आउँछन् । यो दिन, बार, भनेपछि केटाहरुले भोज खाएर आफ्नो घरतिर गए । सो सम्पूर्ण कुरा मैना चरोलाई कहे । त्यसपछि राजाको सवारी केटाको घरमा भयो । मैना चरोले राजा नपुग्दै केटीलाई सिकाएको थियो, राजाको भागमा राजाले खाना खानु अगाडि अराएको बेलामा हीरा, मोती राजाको भागमा राखीदिनू भनी सिकाएको थियो । त्यसैगरी राजाहरु पनि पुगे । राजाले यो के राखेको ? मलाई मार्न बोलाएको यहाँ ? भन्दा मैना चरोले भन्यो कि मलाई तल झारिदेऊ । त्यसपछि राजाको नजिक राखिदिए त्यो मैनाचरीलाई । मैना चरोले राजालाई भन्यो कि, "सरकार हजुरले यो खानैपर्छ । " हजूर जस्तो राजाले यो नखाएर हुन्छ ? आज तपाईको श्रीमतीले मुसो, बिरालो र कुकुर पाई भनेर पत्याउने राजाले यो खानै पर्छ भन्दा राजाले भने कि "मेरी रानीले त्यस्तै पाएकी मैले के गरौ त ? तुरुन्त लिएर आउनू र रानी समेत लिइआउनू भन्यो । त्यसपछि उक्त मैना चरोले तपाईको जेठो छोरो, कान्छो छोरा र छोरी यी यी हुन् भनेर देखाइ दियो । राजाले पनि आफ्नी रानी जेठी सासूहरुलाई लिन पुलिस पठाए र लिएर आएपछि राजाले उनीहरुसँग तिम्री बहिनीले छोरा र छोरी पाउँदा पनि मुसो, विराला र कुकुर पाई भनेर भनेका रहेछौ किन ? भन्दा जेठी सासूहरुले जवाफ दिएछन् कि " हामी दिदीहरु हुँदा हुँदै पनि बहिनीले रानी भएर ठूलो सुखभोग गरी । त्यसकारण यसलाई दु : ख दिएर मार्नु पऱ्यो भनेर हामीले यस्तो गरेको हो १ भन्दा राजाले ती वदमास दिदीहरुलाई तुरुनत आजीव्न जेलमा हाल्ने कठोर सजायको हुकुम आफ्ना पुलिसहरुलाई दिएरु ती छोरा - छोरी र रानीलाई लिएर दरवारमा गए र सुखपूर्वक जीवन विताउदा भए ।

## विश्लेषण

यस लोककथा अतिरञ्जनात्मक कथा हो । यसमा मैना चरोले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण र पत्याउनै कठिन पर्ने जादुमय भएकोले कथा तिलस्मी तथा अति मानवीय स्वरुपको देखिन्छ । कथाको शुरुवात एउटी आमाका तीनवटी छोरीहरु आफ्नो घरमा कुनैपनि लोग्नेमान्छेको मुख नहेर्ने भनेर घरको झ्याल ढोका लगाएर बसेका हुन्छन् । कथा विस्तारै अगाडि बढ्ने क्रममा राजा घुम्दै जादा प्यास लागेर पानी मागेर खाँदा कान्छी चाँहिको अनुहार हेर्नु, दरवार जानु र उनीहरुको चियोचर्चो गर्नु, विवाह गर्नु कथाको विकासचरणका अवस्था हुन् । त्यसैगरी उनको विवाह पश्चात् उनको सम्बन्ध आफ्ना दिदीहरुसँग राम्रो नहुनुले गर्दा छोराछोरी पाउँदा समेत कुकुर, विराला र मुसा पाइ भनेर झुट बोलेर सास्ती कटाउनु, दुःख दिनुपनि विकासावस्थाको उच्चतम विन्दु हो । तर लेखेर ल्याएपछि कसको के लाग्दो रहेछ र आफ्नै श्रीमान र दिदीहरु दुश्मन भएपनि मैना चरोले राजालाई जे जसरी केरकार गराएर अन्त्यमा रानीलाई सहित केटाकेटीलाई पनि न्यायको अनुभूति दिलाएर बदमास गर्नेलाई उचित सजाय दिलायो, यो नै कथाको अन्त्य अवस्था हो । त्यसकारण यो कथाको कथावस्तु अत्यन्त सुगठित छ, संरचनाका हिसावले अत्यन्त सक्षम सवल छ । कथाको बीचमा दुःखात्मक भएपनि अन्त्यमा सुखात्मक रहेको छ ।

यस कथामा मानव र मानवेतर दुवै पात्रहरु रहेको पाइन्छ । राजा-रानी कथाको शुरुमा मुख्य एवं सक्रिय पात्रको रुपमा रहेर पनि कथाको अन्त्यमा मैना चरो सर्वाधिक महत्वपूर्ण भूमिका खेल्ने नायकको रुपमा रहेर न्यायाधिशको उत्तरदायित्व बहन गरेको पाइन्छ । रानीभने पहिले भन्दा झन् पछि निस्क्रिय वन्दै गएकी देखिन्छिन् । त्यसैगरी उनका दिदीहरु शुरुदेखि नै गतिशिल पात्रको रुपमा देखिएपनि उनीहरुको भूमिका खलनायिकाको रुपमा चित्रित भएको पाइन्छ । कथा शुरुमा दुःखात्मक रहेपनि अन्त्य सुखात्मक रहेको छ ।

प्रस्तुत लोककथा धर्तीमा पाइने पात्र र विषयवस्तुको संक्षेपमा निर्माण भएको हुँदा यसलाई लौकिक कथा भनिन्छ । राजाको भ्रमण, इच्छा, विवाह, सन्तान जन्माउनु, जीवनमा सुख-दुःखको अनुभूति गर्नु, न्याय-अन्यायको फैसला हुनु सजाय गर्नु आदि सवै यस लौकिक कथामा आएका देखिन्छन् ।

यस लोककथाको उद्देश्य समाजमा हुने सवै मान्छेहरु सवै एकैनाश हुँदैनन् । इष्टमित्र भन्दैमा पनि हुँदैन त्यसकारण उनीहरुले विचार भावना नवुझी लहैलहैमा लाग्नु हुँदैन भन्ने शिक्षा दिएको छ । त्यसैगरी विनाकारण अर्काको दुष्ट्याइँ गर्नेलाई उचित सजाय दिनुपर्छ भन्ने

सन्देश पनि रहेको छ । त्यसैगरी कथा मनोरञ्जन रहेको छ । र कथामा नैतिक, धार्मिक व्याख्या गरिएको छ ।

भाषा सरल र सहज अनि मौलिक छ । भाषामा औपचारिक, बोलिचालीमा स्वभाविकता रहेको छ । बोलचालको भाषा छ । यसकथाको शैली वर्णनात्मक खालको छ । कथाको घटनाक्रम क्रमवद्ध ढंगबाट अगाडि बढेको पाइन्छ । राजालाई मैना चराको माध्यमबाट दिएको न्याय आलंकारिक एवं लाक्षणिक पनि देखिन्छ ।

## ४.१४ रैकोस्य रानीको कथा

स्रोत : खेम बहादुर थापा

धेरै अघिको कुरा हो, एकादेशमा रैकोस्य रानी पँधेरो माथि कुटीमा बस्थिन रे सर्किनी चाहीं सँधै त्यस पँधेरामा पानी भर्न जान्थी रे । सर्किनीले म यति राम्रीले के पानी भर्ने ? भनेर सँधै पँधेरोमा घैंटो फुटाल्ने गर्थी रे । फेरि रैकोस्य रानीको छायाँ देखेर सर्किनीले रानी म यति राम्री मान्छेले के पानी भर्ने भनेर धेरै घैंटो फुटालिसकेपछि रानीले छालाको गाग्री बनाउन लगाएर पानी भर्न पठाइछन् । त्यसपछि त्यो छालाको गाग्री जति बल गरेर थेचार्दा पनि फुटाउन नसकेपछि रैकोस्य रानी पनि त्यो देखेर वेस्सरी हाँसिछन् । रैकोस्य रानी हाँसेको देखेर सर्किनीलाई बडो रिस उठीरहेको रहेछ । उसले मनमनै भनी “पख न तँलाई मैले कहाँ छोड्छु र ?” त्यसपछि त्यो रात सर्किनी उठेर जंगलतिर गइ र कराई, “ए चील भाइ चील भाइ, तिमी कहाँ छौ ? म तिमीलाई खोजिरहेको छु चाँडै आऊ ।” त्यति भनेपछि एउटा अजंगको ठूलो चील पखेटा फ्याटाफ्याटा पार्दै बोल्यो ए सर्किनी दिदी म यहाँ छु भन के काम पर्‍यो ? “राती भएपनि जुनको छर्लङ्ग उज्यालोको कारण रातको भान थिएन । मात्र सन्नाटाले रातको आभास हुन्थ्यो । चीलको बोलीपछी सर्किनीले आफ्नो सारा व्यथा चीललाई सुनाउँदै भनि, “भाइ तिमीले त्यस रैकोस्य रानीलाई उडाएर निकै पर लगेर माथिबाट खसालिदेऊ । त्यसलाई म मारेर पनि यहाँ राख्न चाहन्न । ” त्यति कुरापछि चील सहमत भयो र सर्किनीले भनी, “ पर्सि रैकोस्य रानी नुहाउन तल आउँछे र जब त्यसको कपडा खोलेर पानीमा पस्छे त्यतिबेला तिमीले आफ्नु दुइ नङग्राले समातेर लैजाउ ” भनेर सर्किनी बडा खुशी हुँदै घर फर्किइ ।

पर्सिपल्टको दिन रैकोस्य रानी सँधै झैं नुहाउनको लागि तल झरीन आज त सर्किनीले नरिसाइ पानी ल्याएकोमा उनी दंग थिइन् । लुगा खोलेर कुवामा पस्ने बित्तिकै ठूलो चील आएर दुई नङग्राले च्यापेर उसलाई आकाशमा पुर्‍यायो । रैकोस्य रानी चिच्याइन कराइन तर उनको चिच्याहट प्रसन्न भएर बसेकी सर्किनीले भन्दा अरुले सुनेन् । संयोगवश रैकोस्य रानीलाई लगेको उनको प्यारो कुकुरले देखेको रहेछ र ऊ चीललाई पछ्याउँदै पछ्याउँदै खोला, नदी, खाल्टो केही नभनी दौडिरह्यो तर उसले रैकोस्य रानीलाई भेट्न सकेन । अचानक दौडदै गर्दा ऊ एउटा अचम्मको ठाउँमा पुग्यो जहाँ खाली मानव र मानव हड्डीमात्र थिए कोही सुतीरहेका त कोही बसिरहेका । सबै हड्डीहरुको माझमा भर्खरै मरेकी रैकोस्य रानी थिइन् जसलाई खान सयौं गिद्धहरू हानालुछी गरिरहेका थिए । त्यो देखेर कुकुर धेरै रोयो तर उसको केही लागेन । त्यत्रा गिद्धले उनको चोक्टा चोक्टा खाइसकेका थिए । तर आफ्नी मालिक्नीको सम्झनाको लागि उसले रैकोस्य रानीको निधार लिएर आयो । यता भने सर्किनी रैकोस्य रानीको भेषमा सजिएर

बसेकी थिइ । कुकुरले ल्याएको रैकोस्य रानीको हड्डीलाई उसले रिसले चुर हुँदै तलाउमा फालीदिइ जसले गर्दा त्यहाँ एउटा सुन्दर फूल फूल्यो र रैकोस्य रानी तलाउमा पम्फफूल भएर बसिन् । राजाले उनलाई लिन आउँदा सर्किनीलाई रानी ठानेर डोलीमा राखेर लिएर गएछन् र रैकोस्य रानी डुबेको ठाउँमा फूल फुलेर बस्यो अरे, राजाको शीरमा एउटा चरा बसेछ र भनेछ, "रैकोस्य रानी शीरमा, सर्किनी रानी डोलीमा" त्यो कुराको रहस्य राजाले नबुझेको हुँदा रिस उठेछ र उतीखेरै आफ्ना सिपाहीलाई त्यस चरोलाई झट्टै मार्न आदेश दिएछन् । राजाको आदेश पाउनासाथ सिपाहीहरुले पनि त्यो चरोलाइ मारेछन र काटकुट पारी राजालाई त्यो चराको मासु खुवाएछन् । भोलिपल्ट राजा दिसा बस्ने बेलामा एक जना सिपाहीलाई दिसासँगै पेटबाट बाहिर निस्कने वित्तिकै खुकुरीले काटिदिनू भनेर बस्न पठाएछन् । सिपाहीले पनि राजाको आदेश बमोजिम खुकुरी लिएर तयारी भइ बसेछ र खुकुरीले हान्दा राजाको दिसा काटिएछ । तर चरो चाहिं भुर्र उडेर भागेछ र चरोले भनेछ, "हातेपाते राजाको पुच्छर काटे" भनेर भनेछ र राजाको घर पुगेछ । राजा पनि दरबार पुगेपछि त्यही पँधेराको फूल टिपेर घरको पालीमा लगेर राखेछन् । सर्किनी रानीलाई भित्र्याएछन् । नयाँ सर्किनी रानी दरवारमा भित्र-बाहिर हिंड्दा खेरि त्यस फूलले हिर्काएछ । त्यो फूल खसेको ठाउँमा बाँसको मुना निस्किएछ केही समयमा नै उक्त मुना छिप्पिएपछि राजाले बाँस काट्न सिपाहीलाई पठाएछन् र चिरेपछि त्यो बाँस भित्रबाट पहिलेकै रैकोस्य रानी निस्किछ र त्यसपछि राजाले पहिले फूलले भनेको रहस्य बुझेछन् र पुरै पत्यार लागेछ । त्यसपछि उनले रैकोस्य रानी (सक्कली) रानीलाई आफैंसँग दरवारमा राखेछन् र नक्कली रानी बनेकी सर्किनी रानीलाई लखेटे रे । त्यसपछि राजा र रैकोस्य रानी एकआपसमा मिलेर जीवनभरी खुब आनन्दले रहेछन् ।

## विश्लेषण

प्रस्तुत कथाको कथावस्तु अतिमानवीय रहेको छ । कथाको सुरुवातमा सकिर्नीले रैकोस्य रानीलाई ठूलो चीलद्धारा मार्न लगाउँछे र आफूँ रैकोस्य रानी बनेर महलमा जान्छे । रैकोस्य रानी तलाउमा पम्फफूल भएर बसिन् । कथाको मध्यभागमा चराले राजालाई यो सर्किनी हो भनेर धेरै सङ्केत गर्छ तर राजा उक्त कुरा बुझ्न असमर्थ हुन्छन् । यसरी नै कथाको अन्त्यमा फूलले सर्किनीलाई हान्दा फूल खसेको ठाउँमा बाँस उम्रिन्छ र बाँस चिरेर हेर्दा रैकोस्य रानी निस्किन्छिन् ।

त्यसरी कथाको अन्त्यमा बिछोडिएकी रैकोस्य रानीको मिलन राजासँग भएकोले प्रस्तुत कथा निकै सुखद र आनन्दप्रद रहेको पाइन्छ ।

प्रस्तुत कथामा मानव र मानवेतर दुवै पात्रहरु रहेका छन् । मानव पात्रहरुमा रैकोस्य रानी, राजा, सर्किनी रहेका छन् भने मानवेतर पात्रहरुमा चील र कुकुर रहेका छन् । कथाको मुख्यपात्रको रुपमा रैकोस्य रानी र सर्किनी रहेका छन् भने सहायक पात्रहरुमा राजा, चील र कुकुर रहेका छन् ।

यस कथाको परिवेश पूर्णतः दरवारिया पाइनुका साथै अत्यन्तै पौराणिक र अतिमानवीय रहेको छ । रैकोस्य रानी नुहाउन जाँदादेखि चीलले लगेर मार्नु अनि अन्त्यमा बाँस चिरेर निस्केको परिवेशलाई अत्यन्तै रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा ढाँटेको काम कहिल्यै सफल हुँदैन एक न एक दिन पोल खुलीहाल्छ । त्यसैले कसैले पनि अरुको कुभलो चिताउनु हुँदैन भन्ने कुरा दर्शाउन खोजिएको छ । लक्षित उद्देश्यप्रति प्रस्तुत कथा पूर्ण रुपमा सफल रहेको पाइन्छ ।

प्रस्तुत कथामा प्रस्तुत गरिएको भाषाले दरवारिया भावना र अवस्थालाई झल्काउने खालको देखिन्छ । लोककथा भएकोले दरवारमा प्रयोग गरिने अति उच्च आदरार्थी भाषाको प्रयोग भएको पाइँदैन । दरवारको वरिपरिको वातावरण र विभिन्न घटनाहरु सरल शब्दहरु प्रयोग गरिएको पाइन्छ । कथाको शैली वर्णनात्मक र स्वभाविक खालको रहेको छ भने कतिपय अवस्थामा अति मिठास र आकर्षक रुपमा प्रस्तुत गरिएको छ ।

### ४.१५ लोभी बन्नुहुँदैन

स्रोत : अजय श्रेष्ठ

एकादेशमा आमा-छोरा थिए रे । अनि छोरा चाँही लोभी थियो रे । एकदिन छोराले आमालाई भनेछ, “ ए आमा, म विहे गर्छु ।” आमाले पनि हुन्छ बाबु बरु अलि पढेकी दुलही ल्याऊ है भनिछ । त्यसपछि छोराले भनेछ, “ किन पढेकी ल्याउन पऱ्यो र ? धेरै धन भएको तर नपढेकी छोरी ल्याउने” भन्यो । आमाले फेरि भनिछ, “ छोरा यस्तो गरिवको घरमा धनी साहुकी छोरी आउँदिन” भनीछ । फेरि छोरो नमानेर दुलही लिन जान्छ अनि धेरै धन सम्पत्ति भएको छोरीलाई लिएर आउँछ अनि आमा छक्क पर्छे । त्यसपछि छोराले ढेंडो ओडालेर खान दिएछ, अनि दुलहीले यस्तो कालो भात हामीले खान्थेनौं बुढा भनिछ । अनि आमाले बुहारीलाई सम्झाई, बुहारी हामीले खाने यही हो, यो त हामीले रोपेको धान हो भनिछ । अनि बुहारीले जसोतसो गरेर खाएछ । “यो त कस्तो हो, मलाई त खान मन लाग्दैन आमा” भनिछ । त्यो सुनेर आमाले छोरालाई भनिछ, “छोरा तिमीले कस्तो दुलही ल्याएको ?” छोराले भनेछ, “ धेरै धन माइतबाट ल्याउछे नि आमा अनि हामी धेरै धनी मान्छे हुन्छौं” भनेछ । त्यो सुनेपछि बुहारीले आफ्नो बुढालाई भनिछ, “बुढा, म माइत जान्छु, अनि माइतबाट चामल ल्याउँछु , अनि भात खाने ।” दुलाहाले हुन्छ भनेछ र दुलही भोलिपल्ट माइत गइछ र माइतबाट एक बोरा चामल ल्याइछ । चामल देखेपछि आमाचाहिं पनि रमाइछ । छोराले एक बोरा चामल लुकाउन लान्छ, अनि फेरी आमाले बुहारीलाई ढेडो ओडालेर खान दिइछ, त्यसपछि बुहारी रिसाउँदै भनिछ, “ अस्ति मैले एक बोरा चामल ल्याएको, खै त कहाँ राख्यौ भनिछ, र छोराले भन्यो, “ हेर न प्यारी तिमीले ल्याको एक बोरा चामल त चोरहरुले लगेछ भनेछ । फेरि उसले भनिछ, “बुढा म फेरि ४ तोला सुन ल्याउँछु अनि यो बेचेर चामल किनेर खाने ।” त्यो कुरा सुनेर दुलाहा रमाउँदै आमालाई सुटुक्क भनेछ तर आमाले ४ तोला सुनको सट्टामा १ तोला मात्र ल्याउन पठाइछ । तर छोराले भने बुहारीलाई ५ तोला सुन ल्याऊ भनेछ र बुहारी पनि सुन लिन माइत गइछ र केही दिन माइतमा बसेर भने बमोजिमको ५ तोला सुन लिएर घर आइछ र छोरालाई सुन बेच्न शहरमा पठाउँछे तर छोरो चाहिंले सो सुन (आँगनमा) खाल्डो खनेर पुरिदिन्छ र दिनभर बारीमा सुतेर बेलुकी घर फर्केछ । अनि आमा र दुलहीले सोधेछन्, “खै त सुन बेचेर चामल ल्याएको ?” भन्दा त छोराले भनेछ, “ हेर न बाटोमा चोरहरुले मसँग भएको सबै सुन चोरेर लगे, न त सुन, न त चामल पो भयो भन्दै रोएछ । अनि फेरी दुलहीलाई दिक्क लागेछ र सोचिछ, “यो घर त कस्तो पापी रहेछ, सुन ल्याए पनि चोरले लाने, चामल ल्याएपनि चोरले लाने भन्दै वेस्सरी कराइछ । अनि दुलाहालाई रिस उठेछ र भनेछ, “ तँ किन कराएको ? कराउने भए यो घरबाट निस्केर जा

। दुलही पनि जान्छु भनी घरबाट निस्किएर गईछ । त्यसपछि छोराले चामल राखेको खाल्डो खनेर हेरेछ चामल कत्तिपनि रहेनछ र त्यसपछि सुन राखेको खाल्डोमा हेरेछ त्यहाँपनि सुन नभेट्टाएपछि पछुतो मान्दै मैले किन दुलहीलाई लखेटेछु भन्दै आमा-छोरा रुँदै बसेछन् । छोराले आमालाई भनेछ, “आमा, धेरै लोभी हुनु हुँदोरहेनछ, बढी लोभ गर्दा न सुन, न चामल त भयो भयो त्यती गतिली दुलही विहे गरी ल्याएको पनि छोडेर बस्नु पऱ्यो र आखिरमा रोइ रोइ जीवन बिताउनु पर्ने भयो । त्यसपछि साँच्चै नै उनीहरुले जीवनभरी धेरै दु:ख पाएछन् र बढी लोभ गरेकोमा पछुतो मान्दै बुहारीलाई सम्झँदै र आफूले आँफैलाई धिक्कार्दै बसेछन् र बढी लोभी हुनु हुँदोरहेनछ भन्ने कुरा बुझेछन् ।

**विश्लेषण**

प्रस्तुत लोककथा एक पारिवारिक र नीतिमूलक विषयवस्तुमा आधारित छ । कथाको सुरुवातमा गरिब केटाको धनी हुने सोचअनुसार धनी केटीसँग विहे भएको पाइन्छ । कथाको मध्यभागमा केटीले ढेडो मन नपराएकीले माइतबाट चामल ल्याउँछे तर लोग्नेले केही दिनमै लुकाइदिन्छ । यसरी नै कथा अघि बढ्छ र अन्तिममा यस्तो चोरको खानीमा बस्नुभनदा त नबस्नु निको भनेर दुलही निस्केर जान्छे । लोग्ने गएर हेर्दा त चामल र सुन दुवै चोरले चोरीसकेको पाउँछ र आँफुले लोभ गरेकामा पश्चाताप गर्दछ र कथा सकिन्छ ।

यसरी कथाको अन्त्यमा दुलहीले छोडेर जानु र आँफूले लुकाएको सनु र चामल चोरले चोरेकोले गर्दा यस कथाको अन्त्य दु:खद रहेको पाइन्छ ।

यस कथाका प्रमुख पात्रहरुमा गरिब केटो र उसकी दुलही रहेका छन् । दुलाहाकी आमा सहायक पात्रको रुपमा छन् भने दुलहीका माइली गौण पात्रका रुपमा रहेका छन् । कथामा सबै मानवीय पात्रहरू रहेका छन् ।

प्रस्तुत कथामा एउटा साधारण गाउँले परिवेशको चित्रण गरिएको छ । लोभी तथा गरीब केटाको धनी केटीसँगको विवाह र त्यसपछि केटाको लोभका कारण घटना तथा परिघटनालाई निकै उत्साहपूर्ण परिवेशमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथाको उद्देश्य नैतिक रहेको छ । “लोभले लाभ लाभले विलाप” भन्ने उखानलाई यस कथाले मूल उद्देश्य बनाएको छ र आफ्नो उद्देश्यमा पूर्ण रुपमा सफल भएको पाइन्छ ।

नैतिक कुरालाई उठान गरिएको यस लोककथामा निकै सरल र अनौपचारीक भाषाको प्रयोग भएको पाइन्छ । गाउँमा प्रयोग हुने भएको झर्रो भाषाको प्रयोग पनि यस कथाको अर्को विशेषता हो । प्रस्तुत कथाको शैली वर्णनात्मक रहेको छ ।सामान्य गाउँले शैली देखाइएको यस कथा पूर्ण पारिवारीक रहेको छ । उक्त कथाको शैली निकै सहज र स्वभाविक रहेको पाइन्छ ।

## ४.१६ सातजना दाजु र एउटी बैनीको कथा

स्रोत : विष्णु परियार

एकादेशमा सातजना दाजुहरु थिए र उनीहरुकी एउटी बैनी पनि थिई । उनीहरुको सम्पत्तीको नाउँमा एउटा सानो झुपडी मात्र थियो । ६ जना दाजुहरु बाठा थिए तर कान्छो दाजु भने अलि सोझो र इमान्दार थियो । बहिनी पनि ठूली हुदै गई र उसलाई विहे गरेर दिनु पऱ्यो भनी दाजुहरु राम्रो केटा खोज्न गए । दाजुहरुले बहिनीलाई भने, बहिनी, “तिमी विहे गर है ?” बहिनीले पनि हुन्छ दाजु म दुःखी वहिनी पनि तपाईहरुसँग छुट्नुपऱ्यो भनी नमज्जा मानी । अनि वहिनीको विहे गरिदिए । सातजना दाजुहरुले आफ्नो  घर वरिपरि वनजङ्गल फाँडेर खेत बनाउन लागे । र खेत पनि बनाएपछि सो खेतमा कूलो पनि बनाए । अनि उनीहरुले खेत रोप्नु पऱ्यो भनी पानी ल्याउन प्रयास गरे तर कुलोमा  पानि आएन  ! पानी कुलोमा आउला भनेको त झन् सुकेर पो जान्छ । त्यसपछि उनीहरु पानी नआएको कारण बुझ्न जैसीकहाँ (ज्योतिषी कहाँ ) हेराउन गए । जैसीले हेराएर भने “ वावु हो, तिमीहरुले बनजङ्गल मासेर खेत बनाएका रहेछौ, किन त्यहाँ  पानी नआएको भने, त्यो पानीमा (ठाँउमा ) नरवली चढाउनु पर्छ, अनिमात्र खेतमा पानी आँउछ । “ उनीहरु झसङ्ग  भए र निरास हुदै घरमा आएर सोच्न थाले, वलि कसलाई दिने ? कसरी दिने ? के भनेर कसलाई फकाउने ? साह्रै अप्ठ्यारोमा उनीहरु परेछन् । यसैक्रममा जेठा दाजुले भाइहरुलाई एउटा जुक्ति बतायो, “भाइ हो, हाम्रो अरु सम्पत्ति केही पनि छैन, त्यसकारण अरुलाई धनसम्पत्ति दिएर फकाएर किनेर ल्याएर बलिदिन सक्दैनौ, बरु हाम्री एउटी भएकी सुनकेस्री बहिनीलाई फकाएर ल्याइ बलि दिऔ, हुन्न र ? भन्यो । त्यो कुरा अरु ५ जनाले हुन्छ भने तर कान्छा दाजुले केही पनि भनेन । अनि घर आएर सवै दाजुहरुले भात  पकाएर खाए, कान्छा दाजुले भात पनि खाएन दाइहरुले भने , कान्छा भाई ! तिमीले किन भात नखाएको हो ? भाइले भन्यो मलाई भोक लागेको छैन । दाजुभाइहरुले भात खानू भनेका थिए, दाजुहरुले हुन्छ भाइ भने सुते भोलि विहान जेठा केही पनि नखाइकन सुनकेस्री बहिनीलिन गयो, जेठा दाजुले बली दिन्छ भनेर केही पनि नखाइकन बसे । अरु दाजुहरुले खाजा खाएन । जेठा दाजु -  बहिनीको घर पुग्यो । दाजुले बहिनीलाई ढोग गऱ्यो अनि ज्वाइँलाई पनि ढोग गऱ्यो, ज्वाईले किन आउनुभएको जेठान ? भनेर सोध्यो । जेठान भन्यो “आज घरमा पुजा छ, त्यही भएर बहिनीलाई लिन आएको हु भन्यो र ज्वाइँले हुन्छ सुनकेस्री बहिनी लैजाऊ बेलुकी छिट्टै फर्क है ? हुन्छ भनी बहिनी दाजुसँग माइत आई । बाटोमा दाजुले बहिनीलाई भन्यो ,” बहिनी हामी सात जना दाजुहरुले खेत बनाएका छौ, त्यही हेर्न जाने हैन ? बहिनीले हुन्छ दाजु भनी । बहिनी भात पकाएर दाजुहरुलाई खान बोलाई । ६ जना दाजुहरुले खाना खाए अनि

कान्छो दाजुले खाएन । अनि बहिनीले कान्छा दाजु किन भात नखानु भएको ? भनेर सोधी, कान्छा दाजु पिरले बोल्न सकेको थिएन । ६ जना  दाजुहरु र एकजना बहिनी खेत हेर्न गए तर कान्छा  खेत हेर्न गएन । बहिनीलाई दाजुले भन्यो "बहिनी तिमी नुहाऊ है ? हुन्छ  दाजु  भनी । बहिनी नुहाउदा पानीमा पखाल्ने बेलामा जेठा दाजुले घाटीमा खुर्पाले हानेर मार्‍यो । बहिनी मर्ने बित्तिकै खेतमा पानी आयो । बहिनीको टाउको खेतको आलीमा राखेर उनीहरु घरमा आए । कान्छो रोयो । मेरी एउटी बहिनीलाई पनि मारे भन्दै रोयो । ज्वाइँ आफ्नी श्रीमती सुनकेस्रालाई लिन ससुराली आयो । ६ जना जेठानहरुले बहिनी हिजो राति गइसकी भने तर कान्छा जेठान केही पनि बोलेन । अनि ज्वाइँ डुल्दाडुल्दै एउटा खेतको आलीमा हरियो बाँस उम्रेको रहेछ, बाँस काटेर मुरली बनाएर बजाउदै घर आयो । दराजमाथि मुरली राखेर  ऊ मेला गयो र मुरली खसेर सनकेस्री बहिनी निस्किई । अनि उसले भात तरकारी पकाएर राखेकी थिई । उ मेलाबाट फर्केर आयो, घरमा भात तरकारी पकाएको देखे । यो भात कसले पकाएको होला मलाईत भोक लागेको छ, खाने हो कि नखाने भनेर सोध्यो । अनि भात खायो । भोलिपल्ट मुरली बजाउदै बिहान पिढीमा वसे, मुरली दराजमा राखेर मेला जानु पर्‍यो भनी ढाकरको भित्र बसे मुरली खस्यो सुनकेस्री निस्की । बाहिर केही छ कि छैन भनी हेर बाहिर केही पनि देखेन सुनकेस्री.......ढली, आफ्नी सुनकेस्रीलाई श्रीमानले समातेर सुनकेस्री पनि बोलिन, श्रीमान पनि बोलेन एकछिन दुबै बोले श्रीमानले सुनकेस्री तिमी कहाँ गएकी थियौ ? भनेर सोध्यो, सुनकेस्रीले भनी, "मलाई मेरा ६ दाजुहरुले मारेर मेरो टाउको खेतको आलीमा राखेका थिए, तपाईले त्यो बाँस काटेर ल्याउनु भयो अनि म निस्कएँ भनी अनि बहिनीलाई भेट्न गए " बहिनीले एउटा फर्सी दिइ । कान्छो दाजुको फर्सी भित्र पैसै पैसा मात्र थियो । ६ जना दाजुहरु गरिब भए त कान्छा दाजु मात्र धनी भए । र कान्छो दाजुसँग मात्र बहिनीको आवत जावत हुन थाल्यो ।

**विश्लेषण**

प्रस्तुत कथाको कथावस्तु सामाजिक रहेको छ । कथाको सुरुवातमा सुनकेस्री बहिनीको बिहे हुन्छ भने मध्यभागमा ६ जना दाजुहरुले बहिनीलाई खेतमा पानी ल्याउनको  लागि नरबली चढाउँछन् । यसरी नै अन्त्यमा सुनकेस्रीको पुनः पर्दापण हुनु र कान्छो दाजु धनी हुनुले यस कथालाई सुखात्मक बनाएको छ ।

प्रस्तुत कथामा मानवीय पात्रहरु रहेका छन् मुख्य पात्रहरुमा सुनकेस्री  र सात दाजुहरु रहेका छन् । गौण पात्रहरुमा जैसी र सुनकेस्रीका श्रीमान् रहेका छन् ।

प्रस्तुत कथामा ग्रामिण परिवेश देखाइएको छ । सुनकेस्रीको नरवली र उसको पुन : पदापर्णलाई निकै रोचक र कल्पनाशील परिवेशमा प्रस्तुत गरिएको छ ।

कुनियतवश गरेको काम कहिल्यै सफल हुँदैन । भगवान जहिले पनि सोझाको पक्षमा छन् भन्ने उद्देश्य लिएको छ । लक्षित उद्देश्य प्रति उक्त कथा पूर्ण रुपमा सफल रेहेको पाइन्छ ।

प्रस्तुत कथामा निकै रोचक र सरल भाषाशैलीको प्रयोग गरिएको छ । विभिन्न घटनाहरुलाई श्रवणयोग्य पारिएकोले उक्त कथा थप रोचक बन्न पुगको छ ।

## ४.१७ सानोलाई हेलाँ गर्नु हुँदैन

स्रोत : विष्णु कुमार श्रेष्ठ

एकादेशमा एउटा जंगलमा मिर्ग, स्याल र खरायो थिए । जंगल धेरै बाक्लो थियो । मिर्ग र स्याल मिल्थे । उनीहरु एकआपसमा सहयोग गर्थे । एकदिनको कुरा हो, मिर्ग र स्याल आहारा खोज्न जाँदै थिए, त्यही बेला मिर्ग, स्यालको खरायोसँग भेट भयो । खरायोले सोध्यो, "तिमीहरु कता जान लागेको ?" मिर्गले भन्यो, "हामीहरु आहारा खोज्न हिँडेको", स्यालले भन्यो, हामी दुई तीन दिन भइसक्यो अहिलेसम्म आहारा पाएको छैन । तिमी पनि कहाँ जान लागेको ? खरायोले उत्तर दियो, "म पनि आहारा खोज्न हिडेको, अहिलेसम्म आहारा पाछैन । यतिखेर तिनीहरुको नजिक एउटा डरलाग्दो बाघ आउदै थियो, उत्तिनै खेर मिर्ग, स्याल खरायो सुइकुच्चा ठोके । उनीहरुलाई बाघले भेट्टाउन सकेन, ती तीन जना असाध्यै मिल्ने साथी भएतापनि स्यालको आँखा खरायोमाथि परेको थियो । पटक पटक उसले खरायोलाई मार्ने कोशिस गरेको थियो । एकदिनको कुरा हो स्यालले खरायोलाई भन्यो "साथी आज मेरो घरमा भोज छ आउनु है ।" खरायो पनि भोज खानको लागि समयमै पुग्यो तर त्यहाँ त ठूलो कराइमा पानी उमालिरहेको देखेर अचम्म पऱ्यो । छिनभरमै स्यालको घरबाट स्यालका साथी छोराछोरी आएर घेरे । खरायोले बल्ल बुझ्यो कि के को भोज खाने रहेछ ?

खरायो पनि निकै चलाख थियो र भनिहाल्यो, "ह्या स्याल राजा तपाईं पनि ? म झन् कस्तो उपहार दिन आएको तपाईंलाई । के नाटक गर्नुभएको ? तपाईंलाई थाहा छ ? तपाईंको पूर्खाको सुनको सिङ कहाँ छ  जस्का लागि तपाईंहरु सधैं कराइरहनुहुन्छ ? तपाईं सिङ लिएर स्यालको राजा नबन्ने ? यस्तो कुरा सुनेर स्यालले अरुलाई हप्काएर भित्र पठायो अनि खरायोसँग सिङ लिन हिँड्यो । निकै घना जङ्गलमा जाँदा जाँदा खरायोले, "उ त्यहाँ छ सिङ । तपाईं म जस्तै झ्याप्पै हामफाल्नुस भनेर जोडले छेउमा हामफाल्यो । स्यालले पनि न्वारन

देखिको बल निकालेर केही नसोची हामफाल्यो जहाँ बाघ आफ्नो शिकार पर्खीरहेको थियो । त्यसपछि बाघले स्याललाई मारेर खायो भने खरायो खुशी भएछ ।

## विश्लेषण

प्रस्तुत कथाको कथावस्तु नीतिमूलक रहेको छ । कथाको सुरुवातामा तीन साथीहरु खरायो, मृग र स्याल मिलेर बसेका हुन्छन् । यद्यपि स्यालले भने खरायो माथि आँखा गाडेको हुन्छ । कथाको मध्यभागमा स्यालले खरायोलाई भोजमा बोलाउँछ र खरायो पनि स्यालको घरमा भोज खान जान्छ । कथाको अन्त्यमा स्यालले आफूलाई मार्न लागेको थाहा खरायोले पाउँछ । आफ्नो विवेकको अधिकतम उपयोग गर्दै स्याललाई उसको पुर्खाको सिङ दिलाइदिने आशामा बाघको अगाडि लैजान्छ र बाघले उसलाई मारेर खान्छ ।

यसरी एउटा धूर्त र कपटी स्यालको अन्त्य र कसैको कुभलो नचिताउने सानो खरायोको सुखद दिनको सुरुवात कथाको अन्त्यसँगै भएको कारणले यस कथाालाई सुखद मान्न सकिन्छ ।

प्रस्तुत कथामा सम्पूर्ण मानवेतर पात्रहरु रहेका छन् जसमध्ये प्रमुख पात्रहरुमा स्याल र खरायो पाइन्छन् । अन्य सहायक पात्रहरुमा मृग र बाघ रहेका छन् भने जंगलमा रहेका अरु थुप्रै जनावर अनि स्यालका परिवार र साथीहरु गौण पात्रका रुपमा रहेका छन् ।

प्रस्तुत कथामा बाक्लो जङ्गल र त्यहाँका जीवजन्तुको परिवेश चित्रण गरिएको छ । तीन साथीहरुको मिलाप, स्यालको व्यवहार तथा उसको अन्त्यलाई निकै रोचक परिवेशमा प्रस्तुत गरिएको पाइन्छ ।

प्रस्तुत कथाको उद्देश्य सानोलाई हेलाँ गर्नुहुन्न शरीर सानो भएपनि उसको विवेक ठूलो हुनसक्छ । अरुलाई सानो भनेर हेप्दा आफैंलाई घात हुनसक्छ भन्ने रहेको पाइन्छ । जङ्गलमा रहेका ती तीन साथीबाट मानिसलाई सही बाटोमा लाग्न प्रस्तुत कथाले प्रेरित गरेको पाइन्छ । आफ्नो उद्देश्यप्रति उक्त कथा पूर्ण रुपमा सफल रहेको पाइन्छ ।

प्रस्तुत कथामा लोककथामा पाइने निकै सरल र सहज भाषालाइ अङ्गिकार गरिएको छ । सामान्य बोलचालको भाषा प्रयोग गरिएको उक्त कथामा अन्य कुनै पनि आयातित भाषाको प्रयोग भएको पाइँदैन । प्रस्तुत कथामा सरल र आकर्षक अनि मनोरञ्जनात्मक शैली अपनाइएको पाइन्छ । अन्य लोककथामा जस्तै यस कथाको शैली पनि अत्यन्त लौकिक र श्रवणयोग्य रहेको छ ।

## ४.१८ सौतेनी आमा

स्रोत : नर्मता थापा

एउटा देशमा एक जना महिला थिइन् रे त्यस महिलाको तीन जना छोरीहरु थिए रे जेठी छोरी सौताको छोरी रे । त्यस महिलाले सौताको छोरीलाई साह्रै गाली गर्ने अनि पिट्ने गर्दथी । एकदिन सौताकी छोरीलाई गोबरले आँखा टाली दिइ र छोरीलाई जङ्गलमा लगेर छोडिछ । बिचरी छोरी रुँदा रुँदा आँसुले एउटा आँखा खुलेछ र उसले हेर्दा जङ्गल र धेरै टाढा नदी देखेछ र गएर मुख धोएछ तर उसलाई घर जाने बाटो थाहा थिएन, ऊ रुँदा रुँदा साँझ परेछ धेरै टाढा एउटा सानो बत्ती बलेको देखिछ र ऊ त्यहाँ गइछ र भनिछ, बाबा, बाबा यहाँ बास पाइन्छकि तर ऊ त मान्छे होइन राक्षस रहेछ । बास पाइन्छ भनी उसले धेरै दिनको भोक आज मेटिने भयो भनी भनेछन् छोरी तिमीलाई आज मात्र होइन सँधैको लागि छोरी बनाउँछु भनेछ । छोरी हामी भोलि माछा मार्न जान्छौ तिमी रोटी बनाऊ भनी खोलामा खुकुरी उद्याउन गएछ । टुहुरी खुसी हुँदै रोटी बनाउँदै थिई रे । त्यस घरको छुचुन्द्रो आएर भनेछ एउटा रोटी लेन एउटा कुरा सिकाउँछु । टुहुरीले पनि के कुरा भनी रोटी दिएछ टुहुरी तिमी यहाँ नबस तिमीलाई मार्न भनी खुकुरी उद्याउन खोलामा गएको हो भनी भनेछ । तिमीले माथी बाकसमा गएर बाकसको पैसा लिएर घर जाऊ भनी भनेछ । त्यसपछि टुहुरीले पैसा लिएर घर गईछ । बेलुकी राक्षस आएर छुचुन्द्रोसँग सोधेछ, “छोरी खोइ ? छुचुन्द्रोले जवाफ दिएछ घर भागी बिचरी टुहुरी घरमा गइ र आमा मैले त धेरै पैसा ल्याएकी छु आमा खुसी हुँदै कसरी ल्याईस् छोरी र टुहुरीले भनिछ यसरी ल्याएको भनी सबैकुरा आमालाई भनी ए ठिक छ भनी आफ्नै छोरीलाई पनि आँखा टाली जङ्गलमा लगी छोडीछ त्यसरी नै त्यस छोरीले पनि आँखा खोली र त्यसरी नै अँधेरोमा राक्षसको घर गएछ र राक्षसलाई बाबा, बाबा भनी बोलाएछ र राक्षसले पनी धेरै दिनको भोग आज त मेटीने भयो भनी भनेछ र सबैजना सुतेछ बिहान भएपछि छोरी तिमी रोटी बनाउँदै गर म माछा मार्न जान्छु भनी खोलामा खुकुरी उद्याउन गएछ फेरी पहिले को जस्तै छुचुन्द्रोले रोटी माग्न आएछ रोटी मागेको देखेर छुचुन्द्रोलाई त्यस केटीले लौरोले हानी दिइछ र छुचुन्द्रो आफ्नै ठाउँमा गएर बसेछ राति त्यस राक्षस खोलाबाट आएछ र भनेछ छोरी रोटी बनायौ । बनाएँ बुबा त्यसपछि राक्षस र त्यस छोरी भई रोटी खान लाग्दा बाबा खोइ त माछा । छोरीको नाउँमा एउटा गङ्गटो ल्याएको रहेछ । त्यस गङ्गटो छोरीलाई दिदै पालेर खाऊ त्यसरी खाएर बेलुकी सुतेछ र सुतेको छोरीलाई मारी राक्षस टन्न खाएछ । घरमा रुवाबासी परेछ ।

### विश्लेषण

प्रस्तुत कथाको कथावस्तु  सामाजिक एवम् पारिवारिक रहेको छ । कथाको सुरुवातमा सौताकी छोरीलाई गोबरले आँखा टाली जंगलमा छोडेकी छ । मध्यभागमा छोरीको राक्षससँग भेट हुन्छ र रोटी पकाउँदा छुचुन्द्रोको कुरा मानी धेरै पैसा लिएर घर फर्किन्छे  । अन्त्यमा सौतेनी आमाले आफ्नी छोरीलाई राक्षससँग पठाउँदा उसलाई राक्षसले मारेर खाइदिन्छ  । यसरी कथाको अन्त्यमा छोरीको मृत्यु भएकाले उक्त कथा वियोगान्त बन्न पुगेको पाइन्छ ।

प्रस्तुत कथामा मुख्य पात्रहरुमा सौतेनी आमा र छोरी रहेका छन् भने सहायक पात्रको रुपमा राक्षस्नी अर्की छोरी र आमा रहेका छन् । मानवेतर पात्रका रुपमा छुचुन्द्रो रहेको छ ।

प्रस्तुत कथामा ईर्ष्याले मानिसलाई विनाश गराउँछ । हामीले कहिल्यै ईर्ष्या गर्नुहुन्न भन्ने उद्देश्य लिएको छ । आफ्नो उद्देश्यप्रति उक्त कथा पूर्ण रुपमा सफल रहेको छ ।

प्रस्तुत कथामा निकै सरल र श्रवणयोग्य भाषाशैलीको प्रयोग गरिएको छ । स्थानीयताको प्रभाव परेको पाइन्छ ।

## ४.१९ हुने हार दैव नटार

स्रोत : अमर वि.क.

एकादेशमा एक जना राजा थिए । सो राजाका ५ पत्नी थिए । राजा सबैकुरामा खुशी थिए । तरपनि उनको एउटै मात्र चोट थियो । म पछि मेरो बिडो थाम्ने एउटा सन्तान (पुत्र) भएन भन्ने, उनै राजाले सन्तान हुने आशै आशमा एकपछि अर्को गर्दै ५ जना पत्नी पुऱ्याएका थिए ।

राजा सन्तानकै बारेमा सोच्दै थिए । अकस्मात फेरि उनले अर्को बिहे गर्ने निर्णयमा पुगे । तर यसपाली भने ज्योतिषलाई भनेर मात्र बिहे गर्ने निर्णयमा पुगे । ज्योतिषको सरसल्लाह अनुसार छोरा नै हुनको लागि यसपालि कुमाल्नीलाई बिहे गर्ने सल्लाह दिए । ज्योतिषीको सल्लाह अनुसार राजाले काम गरे । कुमाल्नी अर्थात् कान्छी रानीको पेटमा गर्भ रह्यो । गर्भ रहेकै कारण राजाले कान्छी रानीलाई राम्रो हेरचाह पुऱ्याउन थाले । एकदुई दिन गरी ७ महिनाको गर्भ रानीको पेटमा हुर्किसकेको थियो । ७ महिना पुगेकै दिन रानीलाई प्रसवको बेथा लागेछ । अचानक त्यसै दिन राजा बाहिर जानुपर्ने स्थिति आयो र गएपनि, यता रानीले भने ७ महिनाको बच्चालाई जन्म दिइन । राजापनि दरवारमा आइपुगे । आउनासाथ अरू रानीहरुसँग

सोधे - “कान्छी रानीले के पाइन?” पाँचै जना रानीहरुले स्वरमा स्वर मिलाएर भने - “आखिर कुमाल्नी त परि नि हाँडी र घैंटोको टुक्रा भन्दा अरु के पाउँथी ।” भनेर हाँडी र घैंटोको टुक्राहरु राजालाई देखाए । राजा मौन रहे । तर त्यस बच्चालाई भने जन्मनासाथ फ्किेर हाँडी र घैंटोको टुक्रा राखी दिएका थिए । ति पापीनी रानीहरुले त्यस बच्चालाई सुँगुरलाई खान दिए तर सुँगुरले खाएन । त्यहाँबाट पनि उठाएर त्यस बच्चालाई घोडीलाई भुससँग गुटमुटाएर दिए । घोडीले कुनै अनैतिक काम गर्न सकेन । त्यस बच्चाको वेवारिसे अवस्था देखेर घोडीलाई माया लाग्यो । त्यसैले त्यस बच्चालाई आफ्नो पेटमा सुरक्षित साथ आफ्नो पेटमा राखी । रानीहरु भने त्यस घोडीले बच्चालई खाएको भनेर निकै खुशी भए । घोडी एकदिन दुई दिन गर्दै मोटाएको जस्तो देखिन थाली । यसैकुरा अपाच्य भएर ती पापीनी रानीहरु सोध्न पुगे । तँ आजकाल यसरी किन मोटाएको भनेर घोडीले त्यस बच्चा आफ्नो पेटमा छ भनेर कुरा लुकाउन धेरै भन्दा धेरै कुरा गर्दा पनि नभएर आखिरीमा घोडीले सत्य कुरा भन्नै पऱ्यो । घोडीले त्यस बच्चालाई जन्म दिने भई भनेर ती राक्षस्नीहरु अर्को चक्रव्यूह रच्न थाले । ती राक्षस्नीहरुले ज्योतिषीलाई हातमा लिएर राजालाई तपाईंको घरमा घोडी पालेकोले  सन्तान नभएको हो भन्दा नपत्याई राजा रिसाए । ज्योतिषीले झन अनेक तारतम्य मिलाएर अनेक कुरा गरे पछि राजाले घोडीलाई मार्न तयारी गरे । मार्नलाई भोलि छ भनेको दिनमा घोडीलाई अन्तिम इच्छा के छ भनेर सोधियो । घोडीले रुँदै भनिन “ठीक छ यस दरवारमा म मरेर भलो हुन्छ भने म मर्न तयार छु । बरु मलाई आज एकदिन मैले मनपराएको घाँस खानको लागि बनमा छोडियोस् ।” भनी यो आग्रह पुरा हुने भयो । घोडी बनमा गएर त्यस बच्चालाई जन्म दिएर छोडी । जन्मदिएको दुई बृद्धाबृद्धाले देखेका थिए ।

त्यसै वनको आसपासमा एक गरीब बुढाबुढी बस्थे । उनीहरु दाउरा बेचेर आफ्नो जीवन चलाउँथे । तीनै बुढाबुढीले नै बच्चालाई जन्म दिएको देखेका थिए ।  दाउरा खोज्न जाने क्रममा त्यस बालकलाई ल्याएका थिए । ती बुढाबुढीको पनि बच्चा थिएनन् । यसैकारण धर्मपुत्र बनाइ पाले । त्यो अभागी बालक जति जति बढ्दै गएको थियो । त्यति त्यति नै ती बुढाबुढी अशक्त हुँदै गएका थिए । त्यस बालक १२ वर्ष भइसकेको थियो । त्यसै बच्चाले दाउरा बेचेर आज ती बुढाबुढीलाई पालेर बसेको छ । ऊ अर्थात् त्यस अभागी बच्चा एकदिन वा एक भारी दाउरा बेच्न पछि परे ती बुढाबुढी भोकभोकै रहन्थे त उ झन कमाएर पनि सँधै आधापेट रहनुपर्थ्यो । यसरी नै उसले सँध भरी दुःख गरी बुढाबुढीलाई पाल्न थाल्यो ।

उता दरवारमा भने घोडीलाई मारेपनि अर्को सन्तान हुन सकेन । त्यस घोडा मारेको शोकले गर्दा बच्चाको आमा शोकमा रहन्थिन् । किनकि सबैकुरा अर्थात् घोडाले आफ्नो बच्चा राखेको छ भनेर थाहा थियो । राजा भने सन्तान नभएकोमा विरक्तिमा परिरहन्थे । उनको त्यो सारा सम्पत्ति जनतामा सुम्पिदिन्छु भनेर भोज भतेरको आयोजना गरि घोषणा गर्छु भनेर त्यस भोजमा सारा देशवासीलाई निम्तो थियो । निम्तो घुइँचो साथ चलिरहेको थियो । राजाले त्यस भोजमा संलग्न भान्छेहरुलाई सोधे, "सबै जनता यस भोजमा आए ?" भान्छेहरु भन्छन् - "अँ अरु सबै त आए तर त्यस वनमा बस्ने गरिब बुढाबुढी आएका छैनन् ।"

यति सुन्नासाथ राजाले त्यस बुढाबुढीलाई बोलाउन पठाए । फेरि राजाले उही सबै आए भन्ने प्रश्न दोहोऱ्याउँछन् भान्छेहरु भन्छन् । "बोलाएर आएको त हो । तर अझै आएका छैनन् ।" धेरैबेर नआएपछि राजाले बोलाउन पठाउँछन् । भान्छेहरु खबर ल्याउँछन् । एकछिनपछि आउँछन् भनेर अझैबेरपछि पनि नआए पछि फेरि राजाले सैनिकहरुलाई लिएर आउन पठाउँछन् । सैनिकहरुले ती बुढाबुढी र अभागी त्यस बालकलाई लिएर आउँछन् । राजाकी कान्छी रानी दरवारको झ्यालबाट निन्याउरो भएर हेरेर बसेकी हुन्छन् । अकस्मात उनले त्यस अभागीलाई देख्छिन् । उनले आफ्नो छोरा भनेर चिनेकी हुन्छिन् । त्यसैले झ्यालैबाट हामफाली आउन लागीरहेको त्यस अभागीले देख्छ । त्यसैले उसले आमा त्यहाँबाट हाम नफाल्नुहोस भनेर सम्झाउँछ । आमा र छोरोको सम्बन्धको बारेमा धेरै बहस हुन्छ । सारा वृतान्त, घोडीले त्यस वनमा छाडेको देखी लिएर सबै पोल खोलेपछि पाँच जना सौतेनीआमाहरु त्यहाँबाट सुईंकुच्चा ठोकेछन् । राजाले आफ्नो सारा सम्पत्ति जनतालाई बाँड्ने घोषणा गर्ने भनेको त्यस भोज घोषणा नगरिकनै त्यस भोज समापन भयो । त्यस दरवारमा एकछिनको रुवाबासी पछि ठूलो खुशी आयो । त्यसै दिनदेखि ती बुढाबुढीलाई नै आफ्नो प्रमुख आमा सम्झेर खुशीसाथ समय बितायो । त्यस दरबारमा त्यसदिन देखि कहिल्यै दुःख आइपरेन ।

**विश्लेषण**

प्रस्तुत कथाको कथावस्तु अतिमानवीय र सामाजिक रहेको पाइन्छ । कथाको सुरुवातमा कुमाल्नी रानीबाट जन्मिएको बच्चालाई मार्न अनेकौं चेष्टा अरु रानीले गर्दछन् । कथाको मध्यभागमा घोडीले आफूलाई मार्ने कुरा थाहा पाएपछि सुटुक्क त्यो बच्चालाई जङ्गलमा छोडेर आउँछे । यसरी नै कथाको अन्त्यमा निसन्तान राजाले आफ्नो भएभरको सम्पत्ति जनतालाई बाँडिदिने घोषणा गर्नुको लागि भोजको आयोजना गर्दछन् तर अचानक पोल खुल्न गएको र

बूढाबूढीले उक्त जङ्गलमा राखेको बच्चालाई पालेको पुष्टि भएपछि अप्रत्याशित रुपमा उनले आफ्नो घोषणा रोक्दछन् ।

यसरी अरुले जति दुःख दिएपनि अन्तिममा बाबु छोराको मिलनले यस कथालाई निकै सुखद र आनन्दमयी बनाएको पाइन्छ ।

प्रस्तुत कथामा मानव र मानवेतर पात्रहरु रहेका छन् । मानव पात्रहरुमा राजा, महारानीहरु, बूढा बूढी र मन्त्री रहेका छन् । मानवेतर पात्रहरुमा घोडी, सुँगुर रहेका छन् । कथाको मुख्य पात्रको रुपमा राजकुमार रहेका छन् भने अन्य सहायक पात्रको पङ्क्तिमा रहेका छन् ।

प्रस्तुत कथामा दरवारीया परिवेश देखाइएको छ । राजा निसन्तान हुनु, कुमाल्नी रानीको छोरालाई मार्न अनेक षडयन्त्रहरु गर्नु र राजाले आकस्मिक रुपमा आफ्नो घोषणा रद्द गर्नुलाई निकै रोचक र श्रवणयोग्य परिवेशमा लेखिएको छ ।

प्रस्तुत कथाले कुनियतवश गरेको काम कहिल्यै सफल हुँदैन र दैव जहिले पनि सोझो र सत्पात्रको पक्षमा हुन्छन् भन्ने उद्देश्य रहेको छ । त्यसका साथै हुने हुनामीलाई कुनै पनि हालतमा मानवीय कार्यले रोक्न सक्दैन भन्ने. कुरा देखाइएको छ । आफ्नो उद्देश्यप्रति उक्त कथा पूर्ण रुपमा सफल रहेको छ ।

प्रस्तुत कथाले लोककथाको विशेषता बोकेको कारणले लोकमा चलिआएको पदावलीहरुको प्रयोग भएको पाइन्छ । एक रहस्यात्मक कथा हुनुको साथसाथै सरल भाषामा लेखिएको यस कथा व्याकरणीय हिसाबले त्यति शुद्ध नभएपनि मीठो र कल्पनाशील भाषाको कारण निकै घतलाग्दो रहेको पाइन्छ । प्रस्तुत कथामा वर्णनात्मक एवं लाक्षणिक शैलीको प्रयोग गरिएको छ । सरल र सरस शैलीमा लेखिएको यस कथा शैलीकै माध्यमबाट लोककथाको एउटा महत्वपूर्ण पाटो ओगट्न सफल भएको छ ।

## ४.१६ निष्कर्ष

तनहुँ जिल्लाको ऋषिङ क्षेत्रमा प्रचलित यस्ता लोककथाले मानवजीवनको सारभूत आयामलाई समेट्ने प्रयास गरेका छन् । मानिसको सामाजिक, आर्थिक, राजनैतिक र नैतिक जीवनसँग प्रत्यक्ष सरोकार राख्ने यस्ता कथाहरुको समाजमा निकै महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

प्रस्तुत कथाहरु 'काठको घोडा', 'चलाख राजाको कथा', 'डरको अर्थ नबुझ्ने राजकुमार', 'भोग खोज्ने गजुरको कथा', 'मैना चरोको इन्साफ', 'रैकोस्य रानीको कथा', 'हुनेहार दैव नटार' दरवारिया घटनालाई मुख्य केन्द्र मानेर लेखिएको पाइन्छ । यी कथाहरुले दरवारमा व्याप्त रहेको पारिवारिक, सामाजिक, साहसिक, घात-प्रतिघात र छलकपटलाई सामान्य जनस्तरमा पुऱ्याएको पाइन्छ । मनोरञ्जनको साथसाथै यस्ता कथाहरु शिक्षाप्रद रहेका हुन्छन् । दरवारका विभिन्न पक्षहरुलाई अत्यन्तै रोचक परिवेशमा सर्वसाधारणले बुझ्ने स्पष्ट भाषा र सरल शैलीमा कल्पनशीलता पस्कनु लोककथाको विशेषता हो । दरवारिया महत्वकांक्षा र अन्याय-अत्याचारलाई पनि लोककथाले मूल विषय बनाएको पाइन्छ । विशेष गरेर जनस्तरले अत्यन्तै मर्यादित, विवेकी र देवाशं प्राप्त भनेर मानिने दरवारको बारेमा राम्रा नराम्रा घटना तथा परिघटनालाई उद्देश्यमूलक तरिकाले प्रकाश पार्ने भएकोले यस्ता कथाप्रति मानिसको अत्यन्त रुचि रहेको पाइन्छ ।

अन्य कथाहरुमा 'चुनारा र काल', 'कुखुरा र वायु', 'कृष्णे र माकुरो' तिलस्मी एवं अतिमानवीय रहेका छन् । यस्ता कथाहरु व्यवहारिक नहुँदा नहुँदै पनि प्रशस्त मनोरञ्जन र उद्देश्यमूलक रहेको पाइन्छ । कृष्णेले माकुरोलाई सहयोग गर्नु लौकिक रहेपनि माकुरोले कपडा बुन्नु अलौकिक र तिलस्मी हो । त्यसैले यस्ता कथाहरुले समाजमा सहअस्तित्व र सद्भावलाई अङ्गिकार गरेको पाइन्छ । त्यस्तै चुनारा र कालमा काल लिन आउनु, थुनिनु आदि पौराणिक र अतिमानवीय पाइन्छ तर अन्त्यमा जीत उसकै भएको देखाइएको छ ।

त्यस्तै 'परिश्रमको महत्व', 'पीपलको छायाँ', 'लोभी बन्नुहुँदैन', 'सानोलाई हेलाँ गर्नुहुँदैन' 'सौतेनी आमा', 'सातजना दाजु र एउटी बैनीको कथा', 'आखिर कस्को ? ', ' ज्वाइँ सासु ' र ' दान दिनुपर्छ ' कथाहरु सामाजिक पारिवारिक तथा नीतिमूलक विषयवस्तुमा आधारित छन् । परिवार र समाजमा मानिसको छुल्याइँ, फट्याइँ तथा लोभीपनको कारणले सिर्जित विषम परिस्थितिलाई मध्यनजर राख्दै मानिसलाई यस्ता दुर्गुण त्याग्न प्रस्तुत कथाहरुमा आग्रह गरिएको पाइन्छ ।

# पाँचौ परिच्छेद

## ५. उपसंहार

लोककथाहरु बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक नेपाली समाजका सामाजिक तथा सांस्कृतिक सम्पत्ति हुन् । यहाँका हरेक सम्प्रदाय र बस्तीहरुमा विविध विषयका अनगिन्ती लोककथाहरु छरिएर रहेका छन् । लोककथा भन्ने, सुन्ने र सुनाउने प्रचलन नेपाली जनजीवनको निकै लामो र पुरानो परम्परा हो । विभिन्न विषय र घटनामा आधारित लोककथाले नेपाली समाजलाई मनोरञ्जन मात्र होइन, उपदेश र नैतिकताको पाठ सिकाई अनुशासनको मार्गमा हिड्ने प्रेरणासमेत दिएका छन् । आधुनिक शिक्षा र सभ्यताको नाममा भित्रिदै आएको वैदेशिक संस्कृतिको प्रभावले नेपाली लोकसंस्कृति ओभ्रेलमा पर्नुका साथै लोकजीवनमा प्रचलित लोककथा भन्ने-सुन्ने परम्परासमेत युवापुस्तावाट विस्तारै पलायन हुँदैछ ।

तनहुँ गण्डकी अञ्चलको एक सु-प्रसिद्ध पहाडी जिल्ला हो । विभिन्न धर्म - संस्कृति, आस्था-विश्वास, रुढि-परम्परा, रीतिरिवाज तथा बहुभाषिक जाति -जनजातिहरुको आश्रयस्थल, भएकाले यहाँको लोकसमाजमा साझा संस्कृति र जीवन शैलीको समिश्रण रुप पाइन्छ । तनहुँ, तनहुँसुर , रिसिङ, भिर्कोट राज्य ऐतिहासिक, पृष्ठभूमि, ऋषीश्रृङ्ग, श्रृङ्गी - भृगुजस्ता महर्षिहरुको साधना एवं तपोभूमि कालीगण्डकीजस्ता पावन तीर्थभूमि र विभिन्न पर्वका अवसरमा मनाइने जात्रा -उत्सव तथा जन्म -व्रतवन्ध-विवाह-मृत्युजस्ता सांस्कृतिक परम्पराले यस जिल्लाको ऐतिहासिक, धार्मिक सांस्कृतिक महत्वलाई जीवन्त तुल्याएका छन् । यहाँका छिम्का, वन्दिपुर, गढी, मानुङ, चोक उत्तुङ्ग पहाडी श्रृखला, चुँदी, खैरेनीटार, बाघटार र पिपलटारजस्ता मलिला, उर्वर फाँट र समथर भू-भागलाई काखमा राखेर मस्त निदाइरहेका नागवेली नदी-नाला, हज्जारौं पशु-पंक्षी-लतावृक्ष-जडीबुटी विशाल चरन तथा हरियाली जङ्गलयुक्त प्राकृतिक छटा र धरातलीय भू-बनोटमा आधारित उष्ण-अर्धोष्ण-शीतोष्ण मनसुनयुक्त हावापानीजस्ता प्राकृतिक विविधताले यस जिल्लाको भौगोलिक स्वरुपलाई प्रष्ट पारेको छ । यहाँको शैक्षिक परम्परा गुरुकुलीय दलाने पद्दतिबाट क्रमिक विकास हुँदै उन्नत अवस्थामा आएको देखिन्छ । शिक्षा क्षेत्रमा आदिकवि भानुभक्त क्याम्पस लगायत मा.वि., उच्च मा.वि., आदि शैक्षिक निकाय यस जिल्लाका हज्जारौ बालबालिका तथा युवा-युवतीहरुको बौद्धिक चेतनाको आँखा उघार्ने काममा निरन्तर कसरत गर्दै छन् । यहाँका ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र जातिमा आधारित बासिन्दाहरुले नब्बे प्रतिशतभन्दा अधिक नेपाली भाषा र केही मात्रामा मगर, गुरुङ, नेवारी भाषा प्रयोग गर्दछन् । यहाँका मुख्य चाडमा दशैं, तिहार, तीज र अन्य चाडहरुमा गुरुपूर्णिमा, नागपञ्चमी, साउने-

माघे सँक्रान्ति, फागु आदि पर्दछन् । यहाँको वेशभूषा-रहनसहन परम्परित ढाँचाका साथै आधुनिक सभ्यतामा, आधारित पाइन्छ । यसरी विविध धर्म, सँस्कृति, रीतिरिवाज र भाषिक पृष्ठभूमिमा हुर्केको समाज भएपनि यहाँका जाति-जनजातिहरुमा पारस्परिक सहयोग र समन्वयको भावना पाइन्छ । यिनै बहुआयामिक संस्कार र परम्परामा आवद्ध तनहुँ लोकसमाजमा विभिन्न धर्म, संस्कृति, रीतिरिवाज र प्राकृतिक विविधतासँग सम्बन्धित नेपाली लोककथा श्रव्य-कथ्यरुपमा अनादिकालदेखि चल्दै आएको पाइन्छ ।

तनहुँ प्रचलित लोककथाको अध्ययन गर्ने क्रममा नेपाली लोकसाहित्य र यसका विधाहरुको संक्षिप्त चर्चा गरिएको छ । लोकगीत, लोकगाथा, लोकनाटक, लोककथा, उखान-टुक्का, गाउँखाने कथाजस्ता लोकसाहित्यिक विधामा तनहुँ लोकजीवनका सुसेलीहरु पनि उदाहरणका रुपमा भेटिन्छन् ।

यसरी विभिन्न श्रोत र माध्यमबाट सङ्कलन भएका लोककथाहरुले तनहुँको लोकजीवनको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक, मनोवैज्ञानिकजस्ता थुप्रै विषयको प्रतिनिधित्व गरेका छन् । विषयको सान्दर्भिकता अनुसार कामको फुर्सद तथा अनुकूल समय मिलाएर प्रायः रातको समयमा ढिंकी जाँतो वा मकै खोल्साउँदै अँगेनाको डिल, मझेरी अथवा चुलामा बसेर लोककथा भनिन्छ । लोककथालाई शिक्षा, उपदेश र मनोरञ्जनको साधनमात्र नबनाएर आलस्य र थकावट हटाउने, काममा क्रियाशिलता ल्याउने । बुद्धिचातुर्य देखाई टाठोबाठो बनाउने उद्देश्यले पनि मानव जीवनमा अत्यधिक प्रयोग गरेको पाइन्छ । धार्मिक विश्वास र सांस्कृतिक परम्परालाई निरन्तरता दिन बूढापाकाहरुले धार्मिक, सांस्कृतिक र किंवदन्तीमूलक लोककथा भन्ने चलन पनि छ । ‘दान दिनुपर्छ’ कथाले धार्मिक परिवेश र परम्परालाई समेट्न खोजेको छ । समाजको विकृति, कुसंस्कार र खराव प्रवृत्तिलाई दुरुत्साहित गरी असल कार्यप्रति आकर्षण गर्ने ध्याउन्नले पनि बूढापाकाहरुले सन्ततिहरुलाई रोचक कथा सुनाउने गर्दछन् । ‘परिश्रमको महत्व’, ‘चलाख राजाको कथा’ कथाले चोरीकाम र अपहेलना गर्ने कार्यप्रति विकर्षण पैदा गरेका छन् । ‘ रैकोस्य रानीको कथा ’ उक्त प्रयोजनार्थ प्रयोग गरिएको छ । तनहुँमा प्रचलित लोककथा पितृभक्ति र सेवाभावना प्रकट गर्ने दिशामा पनि केन्द्रित छन् । ‘चुनारा र काल’ मा विकृत मानसिकतालाई हटाई स्वस्थ मानसिकता प्रदान गर्ने, प्रशस्त हाँसो, कौतुक र तुजुक प्रदान गरी लट्ठ पार्ने तथा कथा सुन्दा हाँसो र ठट्टा गुञ्जने, सांसारिक मोहप्रति उदासिनता जगाउने अभिव्यक्तिशील्पद्धारा व्यक्तित्व तथा खुबी प्रदर्शन गर्नेजस्ता कलापारखीहरुका लागि पनि तनहुँमा प्रचलित लोककथाको उपयोगिता झल्केको छ । मानवसभ्यता विकास गर्ने खालको पाइन्छ । ‘हुने हार दैव नटार’ लोककथाले त्यहाँको

समाजलाई भाग्यवाद र कर्मप्रति आशावादी बन्ने अस्तित्ववादी चिन्तनतर्फ पनि जागृत गराएको छ । कथाले अन्धविश्वास र रुढिप्रति पनि विश्वास श्रृजना गरेका छन् । ज्योतिष र कर्मकाण्ड गर्नेहरुको गुणगान गाउनेतर्फ पनि कथालाई उपयोग गरिएको छ । 'भोग खोज्ने गजुर', 'ज्वाइँ सासू' जस्ता कथामा यिनै वर्गको नेतृत्व पाइन्छ । टुना-मुना गर्नेहरुले पनि लोककथालाई आफ्नो लक्ष्यसाधन वा प्रचारका निम्ति प्रयोग गर्दछन् । यस्ताखाले कथा व्यक्ति-उत्कर्ष, गुणगान र चारित्रिक विज्ञापन गर्नेजस्ता कार्यका लागि प्रयोग भएको पाइन्छ । उखानमूलक लोककथा पनि तनहुँ लोककथाको उपज हो । यस्ता कथामा व्यक्तिका स्वभावअनुरुप अनगिन्ती चाहना, उद्देश्य, प्रयोजनगत सिद्धि तथा स्वार्थ पूरा गर्न चाहने जस्तोसुकै भावना र विचार लिएका व्यक्तिहरुका लागि पनि मिल्नेखालका लोककथाहरु तनहुँको जनजीवनमा पाइन्छन् ।

यसरी तनहुँको लोककथामा स्थानीय भौगोलिक चित्रण, लोकजीवनको बहुआयामिक झलक, विषयगत विविधता, साहित्यिकशील्प - माधुर्य, चमात्कारिक प्रस्तुति, भाषिक मिठास, मधुर शैली, लौकिक भाषिक गन्ध, सरलपन, निश्चलता जस्ता विविध पक्षको प्रतिविम्बात्मक चित्रण पाइन्छ । यिनै वैशिष्ट्यगत मूल्य, निजात्मक गुण र विशेषतायुक्त लोककथाहरु यहाँको जनजीवनले संरक्षण गर्दै, भन्दै सुनाउदै तथा बेलामौकामा रसास्वादन गराउँदै लोककथापरम्परालाई निरन्तरता दिदै आएको छ ।

लोककथा सङ्कलनकार्यका लागि तनहूँ जिल्लाका प्रमुख ठाउँ, वस्ती र टोलमा पुगी बूढापाका, अनुभवी, शिक्षित -अशिक्षित महिला, पुरुष, युवा-युवती आदिसँग प्रत्यक्ष भेटघाट गरेर लोककथाहरु सङ्कलन गरिएका हुन् । कथाको विषयवस्तु, प्रकृति, गुण र स्थानीय विशेषतालाई ध्यानमा राखी सैद्धान्तिक पक्षलाई समेट्दै लोककथामात्र त्यस क्षेत्रका प्रतिनिधि कथाको रुपमा यस शोधपत्रमा समाविष्ट छन् । प्रस्तुत अध्ययनमा नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्ने प्रयास गरिएको छ तापनि यसको अझ विशिष्टीकृत अध्ययनको आवश्यकता महसुस गर्न सकिन्छ । लोककथा सङ्कलन कार्यलाई बढी प्राथमिकता दिइएको हुनाले कतिपय सैद्धान्तिक अध्ययन स्तम्भहरु यसभित्र समेटिएका छैनन् । यति हुँदा-हुँदै पनि लोककथाको विविध पक्षको अध्ययनपूर्वक यसको कार्य पूरा गरिएको छ । तनहुँ जिल्लामा नेपाली लोककथाको स्थिति बुझ्न चाहने लोकसाहित्यप्रेमी इच्छुक जनलाई यसले प्रत्यक्ष लाभ दिने कुरामा विश्वास लिइएको छ । यसले विशेष गरी तनहुँ जिल्लाका लोककथाको स्थिति, प्रभावकारिता तथा विशिष्ट स्वरुप प्रस्तुत गरेको छ । त्यहाँ प्रचलित लोककथाले सिङ्गो नेपाली लोककथाको गरिमा बढाउने कार्यमा आफ्नो क्षेत्रबाट थोरै भएपनि सहयोग पुऱ्याउने विश्वास लिन सकिन्छ ।

**सम्भाव्य शोधशीर्षक :**

१. विभिन्न जनजातिका लोककथाको अध्ययन

२. लोककथाको सामाजिक अध्ययन

# सन्दर्भग्रन्थ सूची


अधिकारी, बोधविक्रम, नेपाली दन्त्य कथा, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, १९९६ ।

थापा, धर्मराज, गण्डकीका सुसेली, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३० ।

थापा, धर्मराज, तनहुँ फुलबारी (२०५६ उदय बहादुर गुरुङ, धम्पुस गाउडाँडाँ, कास्की) ।

थापा धर्मराज, सुवेदी हंसपुरे नेपाली साहित्यको विवेचना, काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, वि.सं. २०४१ ।

दिवस, तुलसी, नेपाली लोककथा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२ ।

नेपाल, (यात्री) पूर्णप्रकाश, भेरी लोकसाहित्य, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४१ ।

मिश्र, डिल्लीराम, नेपाल अधिराज्यमा तनहुँ, अन्तिम संस्करण, वि.सं. २०५७ ।

मिश्र, डिल्लीराम, नेपाल अधिराज्यमा तनहुँ, गोरखाः श्रीमती शर्मिलादेवी मिश्र, वि.सं. २०४५ ।

शर्मा, मोहनराज समकालीन समालोचनाको सिद्धान्त र प्रयोग, २०५५ , ने.रा.प्र.प्र, कमलादी ।

पराजुली, मोतीलाल नेपाली लोकगाथा, पोखराः श्रीमती तारादेवी पराजुली वि.सं. २०४९ ।

श्री ५ को सरकार मेचीदेखि महाकाली भाग-४, काठमाडौंः सूचना विभाग, वि.सं. २०३१ ।

पोखेल, वालकृष्ण (निर्देशक) नेपाली वृहत् शब्दकोष ।

राजेन्द्र र अरु मेची अञ्चलका लोककथाको संकलन प्रतिवेदन, २०३८

बन्धु, चुडामणि नेपाली लोक साहित्य २०५८, एकता बुक्स, काठमाडौं ।

पुरी, रमानन्द (संकलक) वृहतज्ञान यज्ञ हरिकीर्तन सत्संग समिति भिमाद, २०५०

लोहनी, लक्ष्मण रोदीघर, २०१३ ।

**शोधग्रन्थहरु**


अधिकारी, गोविन्दप्रसाद, नेपाली साहित्यको इतिहासमा तनहुँ जिल्लाको योगदान, अप्र., शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०३८ ।

भट्टराई, अम्बिकाप्रसाद, तनहुँ ढोरका लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण, अप्र., शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०५२ ।

लौडारी, देवबहादुर तनहुँ जिल्लामा प्रचलित नेपाली उखानको अध्ययन, २०५९, स्नातकोत्तर ( अप्र.) ।
शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

पन्थी, दधीराम गुल्मेली नेपाली लोककथाहरुको अध्ययन, स्नातकोत्तर, २०६० शोधपत्र, त्रि.वि., कीर्तिपुर ।